सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ कात्तिक २०८१, बिहीबार (14 Nov 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २०७ ■ पृष्ठ १४ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ मितेरी सहकारी ठगी प्रकरण

कांग्रेस उपसभापति गुरुङसँग सिआइबीको पाँच घण्टा बयान



■ सम्बन्ध विच्छेदपछि पनि सहकारीबाट ऋण लिँदा 'हकवाला' मा र चुनावमा उम्मेदवार बन्दा श्रीमतीको नाम ज्योति रहेकोमा प्रहरीको प्रश्न ■ सहकारीको रकम हिनामिनामा आफ्नो संलग्नता अस्वीकार, मितेरीबाट उल्टै पीडित बनेको दाबी

(विस्तृत पृष्ठ ३)

■ स्थानीय तह उपनिर्वाचन

दलहरूले अझै सकेनन् उम्मेदवार टुंगो लगाउन



■ कांग्रेसका पाँच उम्मेदवार टुंगो लाग्न बाँकी ■ एमालेले बहुसंख्यक स्थानमा टुंग्यायो ■ माओवादीले छान्यो कीर्तिपुरमा मेयरको उम्मेदवार ■ रास्वपा र राप्रपाले टुंग्याए १७-१७ उम्मेदवार

(विस्तृत पृष्ठ ५)

एमालेको जागरण अभियान किन ?



अग्रलेख

● योगेश भट्टराई

संविधानको जगेर्ना गर्न र नेपाली जनतामा क्रान्तिकारी आशावाद जगाउन हामीले अहिलेको समीकरण बनाएका हौं

(पृष्ठ ६)

ट्रम्पका लागि जोखिम बन्न सक्छन् मस्क



ट्रम्पको व्यापारसम्बन्धी नीति अमेरिकी विदेश नीतिसँग टकरावमा पर्न सक्छ। उदाहरणका लागि टेस्लाको सबैभन्दा ठुलो कारखाना सांघाईमा छ र अर्को बर्लिनमा छ। दुवै देश ट्रम्पको नेतृत्वमा लगाइएको उच्च शुल्कको जोखिममा छन्।

(विस्तृत पृष्ठ ७)

भैरहवा विमानस्थलमा भूउपग्रहमा आधारित अवतरण प्रणाली प्रयोगमा ल्याइँदै



भारतले आइएलएस सञ्चालन अनुमति नदिएपछि भिजिबिलिटी समस्या समाधान गर्न आरएनपी-एआर प्रणाली प्रयोग गरिने

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारकै संरक्षणमा उद्योगीले बक्यौता नतिरेपछि सर्वसाधारणको पनि महसुल नतिर्ने चेतावनी

लाइन काट्न आउने प्राधिकरण कर्मचारीलाई सर्वसाधारण ग्राहकको चेतावनी- उद्योगीबाट अर्बौं बक्यौता उठाएपछि मात्रै हामीसँग महसुल माग्न आउनू

लाइन काट्न जाँदा प्राधिकरण कर्मचारीकै विरुद्धमा उत्रिन थाले सर्वसाधारण उपभोक्ता

● **हरि पाण्डे**, प्रमुख
विद्युत् प्राधिकरण लुम्बिनी प्रदेश



उद्योगीबाट बक्यौता उठाउनुहुन्न, हामी सर्वसाधारणलाई थोरै बक्यौता हुँदा पनि दुःख दिन आउनुहुन्छ भन्दै ग्राहकबाट गुनासो र अभद्र व्यवहार हुन थालेको छ। यसले प्राधिकरणका कर्मचारीलाई निरुत्साहित बनाएको छ। पछिल्लो समय त ग्राहकको लाइन काट्न करिबकरिब छाडिसकेका छौं।

● **शम्भु कुसियैत यादव**, प्रमुख
विद्युत् प्राधिकरण कर्णाली प्रदेश



दसैं-तिहारअघि बक्यौता नतिरेका ग्राहकको लाइन काट्ने क्रममा धेरै गुनासा आए। ठुला उद्योगीलाई छुट दिनुहुन्छ, हामी सर्वसाधारणलाई दुःख दिनुहुन्छ भन्दै असन्तुष्टि राख्नुभयो। कहींकतै हल्काफुल्का अवरोध पनि भयो। विगतमा यस्तो हुँदैनथ्यो।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारकै संरक्षणमा उद्योगीले अर्बौं विद्युत् महसुल नतिरेपछि सर्वसाधारण उपभोक्ता आन्दोलनमा उत्रिन थालेका छन्। दुई-चार सय महसुल पनि बुझाउन नसक्ने विपन्न उपभोक्ताको लाइन काट्ने, तर सम्पन्न उद्योगीहरूलाई भने सरकारकै पहलमा पटक-पटक छुट दिइरहने भेदभावपूर्ण व्यवहार स्वीकार्य नहुने

» पृष्ठ १३ मा क्रमशः

उद्योगीको महसुल असुल नभएसम्म आफूले पनि बक्यौता नतिर्ने भन्दै रूपन्देहीमा सिडिओलाई पत्र, राँकेजुलुससहित प्रदर्शन



उद्योगीसँग बक्यौता असुल नगरेको भन्दै रुपन्देहीको देवदह नगरपालिका- ७ का स्थानीयले भदौको सुरुका दुई साता प्राधिकरण कर्मचारीलाई आफ्ना घरमा मिटर रिडिङ नै गर्न दिएनन्। स्थानीयले 'जनपक्षीय संयुक्त संयन्त्र' नामक एक संगठन नै बनाएर अभियान चलाएका हुन्। उक्त समूहले ३२ साउनमा जिल्ला प्रशासन कार्यालयमा सिडिओलाई ज्ञापनपत्र बुझाउँदै उद्योगीको बक्यौता असुल नभएसम्म आफूहरूले पनि महसुल नतिर्ने चेतावनी दिएका थिए। 'प्राधिकरणलाई उद्योगीहरूले तिर्नुपर्ने महसुल नतिर्दासम्म हामी पनि विद्युत् महसुल उतिर्ने घोषणा गर्दछौं। त्यसैले, विद्युत् प्राधिकरणलाई मिटररिडर नपठाउन पनि अनुरोध गर्दछौं,' पत्रमा उल्लेख थियो। पत्रलाई खेलाँची ठाने सशक्त आन्दोलन गर्ने र त्यसबाट निम्तिने घटनाको जिम्मेवार सरकार हुने समूहको चेतावनी थियो। त्यसपछि मिटर रिडिङ गर्ने कर्मचारीले फिल्डमा जान नसक्ने भन्दै प्राधिकरणको बुटवल वितरण केन्द्रमा पत्र नै पठाएका थिए। प्रशासनले आफ्ना मागको सम्बोधन नगरेको भन्दै स्थानीयले २६ भदौमा देवदहमा राँकेजुलुससमेत निकालेका थिए।

रुपन्देहीको रोहिणीमा स्थानीयले लाइन काट्न नदिएपछि प्राधिकरण कर्मचारीलाई चाहियो प्रहरीको सुरक्षा

८ कात्तिकमा भैरहवा वितरण केन्द्रका कर्मचारी रोहिणी गाउँपालिका वैकुण्ठपुरस्थित एक सर्वसाधारणको घरमा लाइन काट्न गए। तर, ठुला उद्योगलाई वर्षौंदेखि अर्बौं छुट दिइरहने, दुई-चार सय बक्यौता हुने सर्वसाधारणको घरमा लाइन काट्न आउने भन्दै स्थानीयले अवरोध गरे। उद्योगीसँग बक्यौता उठाएर मात्र आउन भन्दै विरोध गरेपछि प्राधिकरण टोली लाइन नकाटी फर्कियो। भोलिपल्ट प्रहरीसहित गएर उक्त ग्राहकको लाइन काटेको थियो।

महसुल नतिरेपछि लाइन काट्न गएका कर्मचारीमाथि संखुवासभामा कुटपिट

१४ साउनमा संखुवासभाको खाँदबारी वितरण केन्द्रका कर्मचारी स्थानीय एक ग्राहकको घरमा लाइन काट्न गए। बक्यौता नतिरेर कालोसूचीमा परेका अर्का ग्राहकलाई आफ्नोबाट विद्युत् दिएको भन्दै उक्त ग्राहकको घरमा लाइन काट्न कर्मचारी गएका थिए। तर, स्थानीयले उद्योगीसँग बक्यौता उठाउन नसक्ने, साना उपभोक्तालाई भने दुःख दिने भन्दै कर्मचारीलाई कुटपिट तथा अभद्र व्यवहार गरेर लखेटेका थिए।

लाइन काट्दा कर्मचारी ११ घण्टासम्म नियन्त्रणमा, पुनः जोडेपछि मात्रै छाडिए

सिराहा नगरपालिकाको माडरमा महसुल नतिर्ने ग्राहकको घरमा लाइन काट्ने सिराहा वितरण केन्द्रका कर्मचारीलाई १६ साउनमा स्थानीयले नियन्त्रणमा लिए। केही घरमा लाइन काटेर छोटु यादवकोमा काट्न लाग्दा स्थानीयले एकाएक कर्मचारीलाई घेरेका थिए। ठुला उद्योगले बक्यौता नतिरे पनि लाइन जोडिदिने, तर सर्वसाधारणलाई पेल्ने भन्दै उनीहरू आक्रोशित बने। बिहान १० बजेतिर नियन्त्रणमा लिइएका कर्मचारीलाई लाइन पुनः जोडिदिएपछि राति ९ बजेतिर मात्रै छाडिदिएका थिए।

सिराहाकै मिर्चैयामा पनि लाइन काट्न गएको टोलीमाथि स्थानीयको अवरोध

सिराहाकै मिर्चैयामा २४ साउनमा प्राधिकरणको टोली बक्यौता नतिरेका ग्राहकको घरमा लाइन काट्न गएको थियो। तर, सचेत नागरिक तथा युवा समूहले उद्योगीको अर्बौं बक्यौता उठाउन छाडेर किन सर्वसाधारणको घरमा लाइन काट्न आएको भन्दै अवरोध गरेपछि टोली त्यसै फर्किएको थियो। पछि सोही समूहले सबै ग्राहकलाई समान व्यवहार गर्नुपर्ने भन्दै सिराहा वितरण केन्द्रलाई पत्र नै लेख्यो। 'गरिबको थोरै बक्यौता हुँदा पनि बिजुली तुरन्त काटिन्छ, तर राजनीतिक पहुँचवाला र ठुला कम्पनीलाई अर्बौं बक्यौता हुँदा पनि विद्युत् दिइन्छ, यस्तो विभेदपूर्ण व्यवहार स्वीकार्य छैन,' पत्रमा भनिएको थियो।

नियमित महसुल संकलन नै घट्न थाल्यो

अर्बौं बक्यौता नतिर्ने उद्योगीको संरक्षणमा सरकार नै उभिएपछि सर्वसाधारण ग्राहकले पनि नियमित महसुल तिर्न छाडेका छन्। जसका कारण महसुल संकलन नै घट्न थालेको छ। पछिल्ला समय नियमित महसुल संकलनको अनुपातमा कमी आएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। 'पहिला एक महिनामा जति बिल जारी हुन्थ्यो। त्यसको ९५ देखि ९९% सम्म महसुल नियमित समयमै (बिल जारी भएको १५ दिनभित्र) असुल हुन्थ्यो, तर अहिले त्यो अनुपात ८५% मा सीमित भएको छ,' उनले भने, 'उद्योगीले बक्यौता तिर्न पटकपटक अटेर गरेपछि सर्वसाधारणले पनि नियमित महसुल तिर्न आनाकानी गर्न थालेका छन्।'



कुलमानले भने- **उद्योगीलाई दिएको पुरानै बिल ठिक छ, त्यसै आधारमा बक्यौता तिर्नुपर्छ**

सुर्खेत वितरण केन्द्रका प्रमुख अशोक लोहनीले पनि महसुल संकलनमा कमी आएको बताए। 'हाम्रो केन्द्रमा पहिला बक्यौतासहित महसुल संकलन अनुपात मासिक १४०% सम्म हुने गरेको थियो। पछिल्लो समय मासिक महसुल संकलन अनुपात ८८% हाराहारी मात्रै छ,' उनले भने। त्यस्तै, सिराहा वितरण केन्द्रका प्रमुख वासुकीनाथ झाले पनि उद्योगीले बक्यौता नतिर्दा सर्वसाधारणले समेत महसुल तिर्न आनाकानी गर्न थालेको बताए। 'उद्योगीले बक्यौता नतिर्दाको असर सर्वसाधारणले तिर्नुपर्ने नियमित महसुलमा पनि परेको छ। यसअघि हाम्रो विद्युत् महसुल संकलन अनुपात शतप्रतिशतजस्तै हुन्थ्यो। अहिले मासिक ८०% मात्रै संकलन हुन्छ,' उनले भने।

केरुङ र खासा गोदाममा थन्किए सामान

फलफूलका ३० र लत्ताकपडाका करिब दुई हजार कन्टेनर सामान केरुङ गोदाममा
खासातर्फ करिब १५० कन्टेनर सामान क्युमा
फलफूल कुहिनु र रेडिमेड सामानको फेसन आउट हुने जोखिम

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

दसैंअघि चिनियाँ सहरबाट खासा र केरुङ आइपुगेका फलफूल र लत्ताकपडा नेपाली व्यापारीले अझै राजधानी काठमाडौं पुऱ्याउन सकेका छैनन्। १२ असोजको पहिरोले तातोपानीमा नेपालपट्टि र रसुवातर्फ चीनको केरुङ क्षेत्रको सडक ध्वस्त भएपछि गोदाममा थन्किएका सामान अझै ल्याउन सकिएको छैन।

पहिरो गएको २६ दिनपछि ८ कात्तिकमा तातोपानी नाका र लगत्तै रसुवागढी नाका पनि सञ्चालनमा आएको थियो। तर, चीन क्षेत्रका विभिन्न गोदाममा रहेका फलफूल र लत्ताकपडा नेपाल ल्याउन व्यापारीलाई कठिनाइ परेको छ। सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार दसैं, तिहार र जाडोका लागि ल्याइएका सामान र फलफूल अझै चिनियाँ क्षेत्रमै छन्। 'फलफूल कुहिनु र रेडिमेड सामानको फेसन आउट भएर घाटा बढेको छ,' उनले भने।

» पृष्ठ १३ मा क्रमशः



■ कन्टेनर भाडा दोब्बरभन्दा बढीले बढ्यो

पहिरोअघि रसुवा भन्सारबाट स्याउ बोकेर काठमाडौं आएको कन्टेनरको भाडा ८० हजार थियो। अहिले बढेर दुई लाख ३० हजारसम्म पुगेको छ। रेडिमेड सामान बोकेका कन्टेनर भाडा एक लाखबाट बढेर दुई लाख ५० हजार पुऱ्याइएको छ। केरुङ गोदाममा स्याउ कुहिन लागेकाले बढी भाडा तिरेर भए पनि फलफूल आयात गरिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका प्रतिनिधि व्यापारी शारदाप्रसाद पराजुलीले बताए। रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले वक्तव्य जारी गरेर अनधिकृत भाडा नबढाउन चेतावनी दिएका थिए। तर, साबिक भाडादर कायम हुन सकेको छैन। साबिक दरमा भाडा कायम गर्न प्रशासन र व्यापारी संघसंस्थाबिच छलफल भए पनि निष्कर्ष निस्केको छैन। सयौंको संख्यामा रहेका कन्टेनरले महिना दिनसम्म पालो कुर्दा बढी खर्च हुने भएकाले भाडा बढाउन लागेको ट्रान्सपोर्ट कम्पनीले बताएका छन्।

महिला युवा टोली टी-२० विश्वकपमा

पहिलो संस्करणको विश्वकप खेलिसकेको घरेलु टिम युएईलाई आठ विकेटले हराउँदै रनरेटका आधारमा नेपालले पहिलोपटक सुनिश्चित गऱ्यो विश्वकपको यात्रा





ठुलो उपलब्धि हासिल गर्यौं

● **चतुरबहादुर चन्द**, अध्यक्ष, क्यान

घरेलु प्रतियोगितादेखि नै राम्रो तयारी गर्यौं। विभिन्न प्रतियोगितासँगै खेलाडी पछिल्लो एक वर्ष निकै व्यस्त रहे। त्यसैको नतिजाअनुसार हामीले महिला क्रिकेटमा नयाँ उपलब्धि हासिल गरेका छौं। विश्वकप खेल्न सकिन्छ भन्ने आत्मविश्वास थियो। कोचिङ स्टाफले पनि मिहिनेत गरे। खेलाडीमा जित्नैपर्ने मानसिकता भएको वेला युएईविरुद्ध निर्णायक खेल खेल्यौं। अब, विश्वकपमा नतिजा देखिने गरी अभ्यास गर्छौं, सहभागी मात्रै हुँदैनौं। खेलाडीको हौसला वृद्धि गर्न चाँडै पुरस्कार घोषणा गर्छौं।

रमेश सुवेदी/नयाँ पत्रिका

निर्णायक खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई हराउँदै नेपाल आइसिसी यू-१९ महिला विश्वकपका लागि छनोट भएको छ। पहिलो संस्करणको विश्वकप खेलिसकेको घरेलु टिम युएईलाई हराउँदै नेपालले पहिलोपटक विश्वकपमा स्थान बनाएको हो। अब नेपालले आइसिसी यू-१९ महिला टी-२० विश्वकप २०२५ खेल्नेछ। यू-१९ टी-२० विश्वकप आगामी वर्षको १८ जनवरीदेखि २ फेब्रुवरीसम्म मलेसियामा हुँदै छ।

बुधबारको खेलमा नेपालले युएईलाई आठ विकेटले हरायो। एसिया छनोटमा नेपाल नेट रनरेटमा युएईलाई पछि पार्न सफल भएको हो। ६ खेलबाट दुवै टोलीको समान १० अंक रह्यो। नेपालको नेट रनरेट ३.९३ रहँदा युएईको ३.७७ रह्यो। यदि नेपाल खेलमा १६.२ ओभरमा विजयी नभएको भए युएईले लगातार विश्वकपमा स्थान बनाउने थियो।

टस जितेर पहिला ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ८४ रनको सामान्य लक्ष्य दिएको थियो। प्रत्युत्तरमा नेपालले १४.४ ओभरमा दुई विकेट गुमाउँदै जित पक्का गऱ्यो। सन् २०२७ को विश्वकप भने नेपाल र बंगलादेशले संयुक्त रूपमा आयोजना गर्दै छन्।

नेपालका लागि ओपनर साना प्रभिनले सर्वाधिक ३५ रन बनाइन्। उनले ४२ बलमा एक चौका प्रहार गरेकी थिइन्। त्यस्तै, कप्तान पूजा महतोले १८ बलमा चार चौकासहित २१ रन बनाउँदा सोनी पाख्रिन १३ रनमा अविजित रहिन्। ओपनर सावित्री धामीले १२ रन जोडिन्। नेपालले अतिरिक्त पाँच रन पाएको थियो।

युएईकी मेहाक थाकुरले दुई विकेट लिइन्। यसअघि युएईका लागि कप्तान समाइरा धर्निधर्काले ४८ बलमा एक चौकासहित सर्वाधिक ३१ रन बनाइन्। रिनिथा रन्जिथले २०, ओपनर लावन्या केनी र इन्दुजा नन्दाकुमारले समान १० रन बनाएका थिए।

निर्णायक खेलमा नेपालका लागि कृष्मा गुरुङले सर्वाधिक चार विकेट लिइन्। उनले चार ओभरमा १७ रन दिएकी हुन्। रिया शर्मा र सीमा केसीले समान दुई विकेट लिएका थिए। रचनाकुमारी चौधरीको नाममा एक विकेट रह्यो।

एकै समूहमा अस्ट्रेलिया र नेपाल

विश्वकपमा नेपालले समूह 'डी'मा स्थान बनाएको छ। समूहमा बलियो अस्ट्रेलियासँगै बंगलादेश र स्कटल्यान्ड छन्। पहिलो संस्करण सेमिफाइनलमा पुगेको अस्ट्रेलिया र नेपालबिचको खेल २२ जनवरीमा छ। त्यसअघि नेपालले पहिलो खेल १८ जनवरीमा बंगलादेशसँग खेल्ने तालिका छ।

उपत्यकामा बढे मोटरसाइकल चोरीका घटना

चार महिनामा हराए ७२७ मोटरसाइकल, भेटिए १७४ वटा मात्रै, प्रहरी भन्छ- सवारीधनी आफैं चलाख हुनुपर्छ

● **एसएसपी उमाप्रसाद चतुर्वेदी**
प्रवक्ता, ट्राफिक प्रहरी कार्यालय



मोटरसाइकल चोरीका घटना बढिरहेका छन्, घरबाट पनि हराएको निवेदन आइरहन्छन्। आफ्नो सवारीसाधन चोरी हुन नदिन चालक चनाखो हुनुपर्छ। सकेसम्म मोटरसाइकल सिसिटिभीको निगरानी भएको स्थानमा पार्किङ गरी लक पनि गर्नुपर्छ। हराएमा जतिसक्दो छिटो प्रहरीलाई खबर गर्नुपर्छ।


शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा मोटरसाइकल चोरीका घटना बढेका छन्। अधिकांश मोटरसाइकल पार्किङ गरेकै अवस्थामा हराउने गरेका छन्। जथाभावी पार्किङ गरिएका मात्र होइन, सुरक्षित स्थानमा राखिएका ठाउँबाट समेत मोटरसाइकल चोरी भएका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार सरकारी पार्किङ,

» पृष्ठ १३ मा क्रमशः

उपत्यकाका तीन जिल्लाको तथ्यांक



यी हुन् धेरै मोटरसाइकल चोरी हुने ठाउँ

ट्राफिक प्रहरी कार्यालयका अनुसार उपत्यकाका बालाजु, बौद्ध, महाराजगन्ज, गौशाला र काँडाघारी क्षेत्रबाट सबैभन्दा बढी मोटरसाइकल हराउने गरेका छन्। हराएका मोटरसाइकलधनीले दिएको निवेदनका आधारमा यी ठाउँबाट बढी मोटरसाइकल हराउने गरेको खुलेको हो। कतिपय अवस्थामा चालकले पैसा तिरेर पार्किङ गरेको स्थानबाट पनि मोटरसाइकल हराउने गरेका छन्। धेरै मोटरसाइकल हराउन थालेपछि ट्राफिक प्रहरी कार्यालयले सिभिल ड्रेसमा प्रहरीसमेत खटाउन थालेको छ।

कहाँ पुग्छन् चोरीका मोटरसाइकल ?

चोरीका मोटरसाइकल ठाउँ र स्वरूप परिवर्तन गरेर चलाउने गरेको भेटिएको छ। उपत्यकाबाट चोरी भएका मोटरसाइकल मुख्य त पहाडी र तराईका भित्री बस्तीमा पुऱ्याउने गरिएको छ। कतिपयले मोडिफाई गरेर उपत्यकामै पनि चलाउने गरेको भेटिएको छ। नक्कली नम्बर प्लेट राख्ने, बाहिरी रंग परिवर्तन गर्ने, मोडिफाई गर्ने र ट्राफिक नपुगेको स्थानमा चलाउने गरेको कार्यालयका एसएसपी चतुर्वेदीले बताए। उनका अनुसार हाल भेटिएकामध्ये केही मोटरसाइकल मोडिफाई भएको अवस्थामा पनि भेटिएका छन्। प्रहरीका अनुसार कतिपयले बिमा क्लेम गर्नका लागि पनि जानाजान चोरी भएको भनेर निवेदन दिने गरेका छन्। उपत्यकाका विभिन्न स्थानबाट चोरी हुनेमध्ये पल्सर बाइक धेरै छन्। पल्सर बाइकको लक सिस्टम सहज भएकाले पनि बढी चोरी हुने गरेको ट्राफिक प्रहरीको ठम्याइ छ। त्यसपछि होन्डा कम्पनीका बाइक चोरी हुने गरेका छन्। तर, आधुनिक तथा नयाँ मोडलका बाइक भने कम हराउने गरेका छन्।

धरहरा निजी कम्पनीलाई सुम्पिन टेन्डर खोल्ने तयारी

शान्ति तामाङ/नयाँ पत्रिका

सरकारले धरहरा व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिने गरी प्रक्रिया अगाडि बढाएको छ।

भूकम्पपश्चात् तत्कालीन पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण गरेको धरहरा सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी सहरी विकास मन्त्रालयअन्तर्गत रहेको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई दिएसँगै निजीलाई दिने बाटो खुलेको हो।



सहकारी विकास मन्त्रालयका सचिव मणिराम गेलालका अनुसार आइतबारको मन्त्रिपरिषद् बैठकले धरहरा व्यवस्थापनको जिम्मेवारी सम्मेलन केन्द्रलाई दिइसकेको छ। अब सम्मेलन केन्द्रले टेन्डरमार्फत निजी कम्पनीलाई धरहरा व्यवस्थापन तथा सञ्चालनको जिम्मा दिने उनले बताए। केन्द्रले सञ्चालन कार्यविधि बनाएर निश्चित अवधि तोकी निजी कम्पनीलाई व्यवस्थापनको जिम्मा दिनेछ भने टेन्डर पाउने कम्पनीले सरकारलाई शुल्क तिर्नुपर्नेछ। कम्पनीले अवलोकन शुल्क र पार्किङ शुल्क उठाउनेछ। तर, शुल्क भने कार्यविधिका आधारमा तय हुने सचिव गेलालले बताए।

काठमाडौं महानगरपालिकाले भने यसअघि नै धरहरा व्यवस्थापनको जिम्मेवारी दिन अनुरोध गरेको थियो। मेयर शाहले ५ भदौमा सहकारी विकासमन्त्री प्रकाशमान सिंहलाई भेटेर धरहरा सञ्चालन र व्यवस्थापनको जिम्मा दिन माग गरेका थिए। तर, संघ सरकारले भने मानेन। महानगरले गत वर्ष नै दर्सैं-तिहारमा न्युरोड क्षेत्रमा हुने अत्यधिक भिडभाडलाई मध्यनजर गरी धरहराभित्र निःशुल्क पार्किङको व्यवस्था गरेको थियो। प्रधानमन्त्री केपी शर्मा ओली भने पार्किङ निःशुल्क हुन नहुने पक्षमा थिए।

०७२ को भूकम्पअघि धरहरा व्यवस्थापनको जिम्मा काठमाडौं महानगरपालिकालाई थियो। यद्यपि, काठमाडौं महानगर आफैंले भने व्यवस्थापन गरेको थिएन, निजी कम्पनीलाई दिइएको थियो।

■ धरहरा एक सातादेखि बन्द, अवलोकन शुल्क प्रस्ताव मन्त्रिपरिषद्मा

३ असोजमा सर्वसाधारणले अवलोकन गर्न पाउने गरी खोलिएको धरहरा पछिल्लो एकसातादेखि बन्द छ। यसबिच निःशुल्क अवलोकनको व्यवस्था थियो।

तर, अब अवलोकन शुल्क निर्धारणपछि सर्वसाधारणका लागि खोलिने सहकारी विकास मन्त्रालयले जनाएको छ। 'लामो समयसम्म धरहरा निःशुल्क सञ्चालन गर्न सकिँदैन। बिजुली, पानी, सरसफाइ, सुरक्षालगायत खर्च भइरहेको छ,' सचिव मणिराम गेलालले भने, 'हामीले छठपछि शुल्कसहित धरहरा खोल्ने निर्णय गरेका थियौं। तर, हालसम्म शुल्क निर्धारण हुन सकेको छैन।'

अस्थायी शुल्क निर्धारणका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको छ। तर, शुल्कबारे उनले खुलाउन चाहेनन्। मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि शुल्कसहित धरहरा खुल्ने उनले बताए।

तर, सहरी तथा भवन निर्माण विभागअन्तर्गत आयोजना कार्यान्वयन एकाइले ट्रान्सफर्मर, लिफ्टलगायतको मर्मतका लागि धरहरा बन्द गर्नुपर्ने अवस्था आएको दाबी गरेको छ।

धरहरामा दैनिक ६ सयजना चढ्न पाउने व्यवस्था थियो। ३ असोजमा पनि कार्यविधिविनै धरहरा सञ्चालन गरिएको थियो। हुन त ओली यसअघि प्रधानमन्त्री छँदा ०७८ मै धरहरा उद्घाटन गरिएको थियो। धरहरा अझै पूर्ण रूपमा बनिसकेको छैन। धरहरापरिसरमा रहेको ठुटे धरहरा (पुरानो) र सुन्धारा पुनर्निर्माण सुरु भएको छैन। आधुनिक ढंगले पुनर्निर्माण गर्न जमिन अपुग भएपछि सरकारले गोस्वारा हुलाक, टक्सार विभाग, नेपाल बैंक र सुन्धारा रहेको सबै जमिन एकीकृत रूपमा विकास गरेको थियो। जसकारण पहिले पाँच रोपनी क्षेत्रफलमा फैलिएको धरहरा ४२ रोपनीमा विस्तार भएको छ। तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पारित गरेको डिजाइनअनुसार गोस्वारा हुलाक भएको ठाउँमा धरहरा प्रवेशद्वार रहेको छ।

गौशाला धर्मशालामा मारवाडी समितिको मोहियानी हक नलाग्ने अदालतको फैसला

'सम्झौताको अवधि किटान नहुनु अस्वाभाविक'

शिल्पा कर्ण/नयाँ पत्रिका

जिल्ला अदालत काठमाडौंले गौशालास्थित पशुपति गौशाला धर्मशालामा मारवाडी सेवा समितिको मोहियानी हक नलाग्ने फैसला गरेको छ। पशुपति क्षेत्र विकास कोषअन्तर्गतको जग्गामा रहेको धर्मशालाको करार सम्झौता खारेजीको निर्णय भएपछि समाजले मोहियानी हक दाबी गरिरहेका वेला अदालतको फैसलाको पूर्णपाठ सार्वजनिक भएको हो।

न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले १६ असोजमा गरेको फैसलाले करार सम्झौतामा निर्धारित सर्तहरूको अध्ययन गर्दा दाबीका जग्गा र सो जग्गामा भएका भौतिकको मोहीहक उक्त जग्गामा नलाग्ने निष्कर्ष निकालेको हो। 'साविक समयदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको देखिँदैन। सो तथ्यलाई यी वादीमध्येको मारवाडी सेवा समितिले मिति ०६० जेठ १२ मा पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिन्छ। वादीमध्ये गौशाला धर्मशालाको तर्फबाट सो संस्थाका महासचिव रोहवरमा साक्षी बसी उक्त तथ्यलाई स्वीकार गरेको देखिन्छ। वादीले पेस गरेको कुनै पनि निर्णय अभिलेखका प्रमाणहरूबाट वादी दाबीको जग्गामा मारवाडी सेवा समितिको मोही हक रहेको तथ्य प्रमाण पेस हुन सकेको देखिएन,' पूर्णपाठमा भनिएको छ।

गौशाला धर्मशाला नामक कुनै वैध संस्था साविकमा नरहेकाले हक वा उत्तराधिकारी समितिलाई प्राप्त हुन नसक्ने फैसलामा उल्लेख छ। जग्गा भने पशुपति अमालकोट कचहरीमा दर्ता भएका गुठीको रहेको तथ्यमा विवाद नरहेको निष्कर्ष अदालतको छ।

जिल्ला अदालत काठमाडौंले यसअघि सर्वोच्च अदालतबाट भएका फैसला पनि स्मरण गराएको छ। धर्मशालासमेतका संरचना रहेको चार रोपनी १० आना जग्गामा मोहियानी रहेको र सरकारले अवैधानिक रूपमा करार सम्झौता खारेज गरेको भन्दै मारबाडी सेवा समितिले गत वर्ष अदालतमा रिट दायर गरेका थिए।



■ अपारदर्शी र मनोमानीका सम्झौता अपरिवर्तनीय हुँदैनन्

अदालतले भने करार सम्झौतामाथि नै प्रश्न उठाएको छ। सार्वजनिक सम्पत्तिको विषयमा मनोमानी र अपारदर्शी ढंगले गरिएका सम्झौता अपरिवर्तनीय नहुने ठहर पनि अदालतले गरेको छ। 'उल्लेखित करार सम्झौतामा निर्धारित सर्तको अध्ययन गर्दा दाबीका जग्गा र सो जग्गामा भएका भौतिक संरचनामा तत्कालीन अमालकोट कचहरी (हाल पशुपति विकास कोष) को पूर्ण स्वामित्वलाई यी वादी पक्षले गरिसकेपछि सोको वार्षिक बहाल रकमलाई सहयोगस्वरूप भनी ५१ हजार निर्धारण हुनु उक्त सम्झौताको अवधि किटान नहुन अस्वाभाविक एवम् अनौठो देखिन्छ,' पूर्ण पाठमा भनिएको छ।

कुन अध्ययनका आधारमा उक्त भाडा निर्धारण भएको हो, कसरी सम्पत्तिको मूल्यांकन भएको हो, यी विषयको कुनै वस्तुगत आधार नरहेको अदालतको ठहर छ। '...कुनै वस्तुगत आधार नदेखिएकाले विवादित सम्झौता पारदर्शी ढंगले गरिएको रहेछ भन्ने आधार देखिँदैन,' पूर्ण पाठमा भनिएको छ। तर, गैरनाफामूलक तथा सर्वसाधारणको सेवाका लागि, धार्मिक कार्यका लागि सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्दा न्यून बहाल रकम राखेर वा बहाल नै नलिई गर्न सकिने भए पनि यसका आधार प्रस्ट हुनुपर्ने फैसलामा भनिएको छ। धर्मशालाका सटर व्यावसायिक प्रयोजनमा प्रयोग भएकाले पनि उक्त सम्पत्ति विशुद्ध धार्मिक प्रयोजनमा प्रयोग भएको मान्न नसकिने फैसलामा छ।

फैसलामा छ, 'जिम्मेवार पदाधिकारीहरू सदैव सार्वजनिक कानुनको अधीनमा रही जवाफदेही हुनुपर्ने हुँदा सार्वजनिक सम्पत्तिको विषयमा मनोमानी एवं अपारदर्शी ढंगले सम्झौता गरिएका रहेछन् भन्ने त्यसरी गरिएका सम्झौताहरूसमेत अपरिवर्तनीय हुन्छन् भन्ने अर्थ गर्न मिल्ने देखिँदैन। सिद्धान्ततः करार सम्झौता गर्न मुद्दाका पक्षहरू स्वायत्त र सक्षम भए पनि सार्वजनिक तथा महत्त्वपूर्ण धार्मिक स्थलको उपयोगको व्यवस्थापन गर्नेलाई त्यस्तो सम्पत्तिको उपयोग एवं व्यवस्थापनमा लापरबाही गर्ने, अपारदर्शी, मनोमानी र स्वेच्छाचारी गर्ने छुट कानुनले नदिने फैसलामा छ।

पशुपति क्षेत्र विकास कोषले गत असोजमा मात्र गौशाला धर्मशाला कोषको स्वामित्वमा ल्याउने निर्णय गरेको थियो। साथै, व्यवस्थापनको जिम्मा काठमाडौं महानगरलाई दिने निर्णय पनि कोषको परिषद्ले गरेको थियो। महानगरले धर्मशाला खाली गराउन प्रयास गरे पनि मारवाडी सेवा समितिले अवरोध गरेपछि पर्यटनमन्त्री बद्री पाण्डे पछि हटेका थिए। व्यवस्थापनको जिम्मा महानगरलाई दिने निर्णयबाट उनी पछि हटेका थिए। तर, अदालतले धर्मशालामा समितिको मोहीयानी हक नलाग्ने फैसला गरेको पूर्णपाठ सार्वजनिक भएपछि अब नयाँ ढंगबाट व्यवस्थापनको बाटो खुलेको छ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Dhungepatan, Kaski

Invitations for Sealed Quotation

Date of Publications: 2081/07/29

Pokhara University, Office of the Controller of Examinations invites sealed quotations from duly registered eligible and qualified Nepalese bidders for the sewing and supply of convocation dress (Gown, Scarf & Hat).For more details please visit www.pouexam.edu.np.Tel. No.061-504146, 504086, 504087.

SQN	Description	Document Fee in NPR (Non-refundable)	Bid Security Amount in NPR	Bid Purchase last date & time	Bid Submission last date & time	Opening of Bid
02/ 2081/082	Sewing and Supply of Convocation Dress (Gown, Scarf & Hat). As per the specifications.	Rs.1000/-	Rs.48,000/-	2081/08/13 at office time	2081/08/14 before 12:00 Noon	2081/08/14 2:00 PM

Peoples Hydropower Company Ltd.
Buddhanagar-10, Kathmandu Nepal
Unaudited Statement of Financial Position
As on 30th Ashwin, 2081

Particulars	This Quarter Ending 30th Ashwin 2081	Previous Quarter Ending 31st Ashadh, 2081	Corresponding Previous Year Quarter Ending 30th Ashwin 2080
Assets			
Non-Current Assets			
Property, Plant and Equipment/WIP	59,076,209	60,719,951	66,135,454
Intangible Assets	10,779,084,171	10,790,513,031	10,559,811,562
Right of Use Assets	6,409,541	6,409,541	-
Non Current Financial Assets	393,499,265	392,952,214	93,006,196
	11,238,069,186	**11,250,594,737**	**10,718,953,211**
Current Assets			
Trade and Other Receivables	185,719,988	149,302,437	-
Prepayments, Deposits and Margins	325,446,290	303,465,280	411,009,593
Other Financial Assets	-	68,000	-
Cash and Cash Equivalents	90,010,667	81,281,432	164,003,084
	601,176,945	**534,117,149**	**575,012,677**
Total Assets	**11,839,246,131**	**11,784,711,886**	**11,293,965,888**
Equity and Liabilities			
Equity			
Issued Share Capital	3,200,000,000	3,200,000,000	3,200,000,000
Retained Earnings	(107,193,410)	(86,695,350)	(120,910,294)
Other Equity	915,000	805,000	-
Total Equity	**3,093,721,590**	**3,114,109,650**	**3,079,089,706**
Non-Current Liabilities			
Financial Liabilities	8,073,105,513	7,868,595,299	7,141,420,787
Deferred tax liabilities	1,660,724	1,660,724	-
	8,074,766,237	**7,870,256,023**	**7,141,420,787**
Current Liabilities			
Trade and Other Payables	549,348,763	531,895,686	534,609,708
Financial Liabilities	115,000,000	262,040,986	538,845,688
Lease Liability	6,409,541	6,409,541	-
	670,758,304	**800,346,213**	**1,073,455,395**
Total Liabilities	**8,745,524,541**	**8,670,602,236**	**8,214,876,182**
Total Equity and Liabilities	**11,839,246,131**	**11,784,711,886**	**11,293,965,888**

UNAUDITED CONDENSED STATEMENT OF PROFIT OR LOSS
For the period ended 30th Ashwin, 2081

Particulars	For the First Quarter Ending 30th Ashwin 2081	For the Fourth Quarter Ending 31st Ashadh 2081	For the First Quarter Ending 30th Ashwin 2080
Continuing operations			
Revenue from Sales of Electricity	270,094,022	668,013,194	101,433,200
Other Revenue	83,074	1,166,682	4,340
Revenue	**270,177,096**	**669,179,877**	**101,437,540**
Cost of Sales	(121,919,094)	(426,099,902)	(16,913,372)
Gross Profit	**148,258,002**	**243,079,975**	**84,524,168**
Administrative Expenses	(24,117,272)	(131,951,152)	(107,247,900)
Operating Profit	**124,140,730**	**111,128,823**	**(22,723,732)**
Finance Cost	(145,075,841)	(187,655,911)	(13,386,346)
Other income / (Loss)	437,052	(211,449)	-
Profit before tax from Continuing Operations	**(20,498,060)**	**(76,738,537)**	**(36,110,078)**
Income tax expense	-	-	-
Profit for the year from Continuing Operations	**(20,498,060)**	**(76,738,537)**	**(36,110,078)**
Discontinued Operations			
Profit/(Loss) after tax for the year from discontinued operations	-	-	-
Profit for the year	**(20,498,060)**	**(76,738,537)**	**(36,110,078)**

Notes to the quarterly financial report:
1. Financial Statement of current quarter is prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Both of the uniits are now in operation.
3. Project Assets (Reported as Intanglible Assets) is amortised over the useful life of the project license.
4. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारेको कृषि विकास बैंक लि, शाखा सातदोबाटोको ३५ दिने सूचना

(सूचना प्रकाशन मितिः २०८१/०७/२९ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा सातदोबाटोबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, ब्याजलगायतका बुझाउनुपर्ने रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि तथा प्रचलित ऐन नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

१) कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	दर्ता नं.,पान नं. र मिति	दर्ता भएको कार्यालय	लगानीमा रहिरहेको रकम	बाँकी ब्याज (मिति २०८१।०६।म सम्मको)
देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	ललितपुर-१५, सातदोबाटो	२३७६७/०५९/६० ३०१४७०१८२ २०६०-०६-२९	कम्पनी रजिष्ट्रारको कार्यालय	३५,००,००,००० (साँवा ब्याज तथा जमानत दावी कर्जासमेत एकमुष्ट)	

संचालक र प्रोपाइटर र मन्जुरीनामावाला र जमानतकर्ताहरूको विवरण

नाम/थर	ठेगाना	ना.प्र.नं.र मिति	जिल्ला	बाबुको नाम	बाजे/ससुराको नाम
प्रो.: सुरेन्द्र राज रिजाल	ललितपुर-१५, ललितपुर	३९६९३१३६ २०५२-०१-२८	धनुषा	दुर्गा प्रसाद रिजाल	देवी रमण रिजाल
शेयर साझेदार तथा जमानी दिने : गणेश प्रसाद रिजाल	बैंगाडावर-०८, धनुषा	१११८५१४९ २०५२-१२-१३	धनुषा	खेमनाथ रिजाल	देवी रमण रिजाल
शेयर साझेदार तथा जमानी दिने : रामेश्वर कोइराला	ढुंग्रेखोला-०७, सर्लाही	५४९८०१५९ २०५४-१२-०३	सर्लाही	झपड प्रसाद कोइराला	भवानी शंकर कोइराला
जमानी दिने : रिती बराल	ललितपुर-१५, ललितपुर	४४५६-४०९७ २०६०-०३-०५	ललितपुर	रमेश बराल	श्याम प्रसाद उपाध्याय

२) कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	दर्ता नं., पान नं. र मिति	दर्ता भएको कार्यालय	लगानीमा रहिरहेको रकम	बाँकी ब्याज (मिति २०८१।०६।म सम्मको)
फमाहिम बुटिक	कागेश्वरी मनोहरा-०९, जगतजंज मार्ग, काठमाडौं	२६८ ६१५६६१८४१ २०७७-१२-१७	कागेश्वरी मनोहरा नगरपालिका ९ नं. वडा कार्यालय	४०५,२६५.००	२६०,०००.००

संचालक र प्रोपाइटर र मन्जुरीनामावाला र जमानतकर्ताहरूको विवरण

नाम/थर	ठेगाना	ना.प्र.नं. र मिति	जिल्ला	बाबुको नाम	बाजेको नाम
प्रो.: रिश्मला थेगिम	बाँझो-०९, इलाम	०३-०१-००७-१९०१ २०६८-१०-०२	इलाम	डकेन्द्र सिंह लिम्बु	असार सिंह लिम्बु
जमानी दिने : डकेन्द्रसिंह लिम्बु	आमचोक-०२, इलाम	४७९९-१२ २०३४-०४-०३	इलाम	असार सिंह लिम्बु	जबरध्वज लिम्बु

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

आ.ब. २०८१/२०८२ को प्रथम त्रैमासिकको अपरिष्कृत प्रतिवेदन

१. **वित्तीय विवरणः**
क. आ.व. २०८१/०८२ को प्रथम त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाब यसै साथ प्रकाशित गरिएको छ।
ख. नेपाल राष्ट्र बैंक बाट जारी गरिएको एकीकृत निर्देशन २०७६ को इ. प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ३९ बमोजिम ब्याज रकम पुँजीकरण गरीएको छ।
ग उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ।

विवरण	यस त्रैमासिक	गत त्रैमासिक	गत वर्षको यस त्रैमासिक
प्रतिशेयर आम्दानी	-२.५६	-२.४	-३.७८
प्रतिशेयर नेटवर्थ	९६.६८	९७.३२	९६.२२
प्रतिशेयर कुल सम्पत्ती मूल्य	४१४.९०	३१९.९०	३५२.९४
मूल्य आम्दानी अनुपात	-१६१.९३	-१३३.४०	-६३.५२
तरलता अनुपात	०.९०	०.६७	१.०८

२. **व्यवस्थापकीय विश्लेषणः**
क. यस पिपुल्स हाइड्रोपावर कम्पनी लि. ले सम्पन्न गरी उत्पादन शुरू गरेको सुपरदोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा. परियोजना २०८०।०२।०८ देखि व्यवसायिक उत्पादन शुरु भएको र Contingency Plan अन्तर्गत विद्युत विक्री भई राष्ट्रिय प्रसारण लाईनमा जोडिएको छ।
ख. कम्पनीको पूर्ण स्वामित्वमा रहेको ५७ मे.वा. को हिमचुली दोर्दी जलविद्युत आयोजना PPA हुने प्रकृयामा रहेको छ।

३. **कानुनी कारबाही सम्बन्धी विवरणः**
यस त्रैमासिकमा संस्थाको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको जानकारी नभएको।

४. **संस्थाको शेयर कारोबार सम्बन्धी विवरणः**
धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि.को वेवसाइट अनुसारः

अधिकतम मूल्य रु.	४७४.३०	अन्तिम मूल्य रु.	४१४.९०
न्यूनतम मूल्य रु.	३१७.००	कारोबार दिन	५७
कारोबार संख्या	४९,२५२	कारोबार शेयर कित्ता	६,०७९,६६८

५. **समस्या र चुनौतीः**
हाल २२० के.भि. को मर्स्याङ्दी करिडोर प्रसारण लाईन निर्माणकै चरणमा रहेको र पूर्ण रुपमा संचालनमा नआएकोले आयोजनाबाट उत्पादित विद्युत ने.वि.प्रा. बाट वैकल्पिक व्यवस्था अनुसार खरिद गर्ने भएकोले पूर्ण क्षमतामा संचालन हुन नपाएको।

६. **संस्थागत सुशासनः**
संस्थागत सुशासनको लागि कम्पनीले पालना गर्नु पर्ने नीति, नियम पूर्ण रुपमा पालना गरेको छ।

७. **सत्य तथ्य सम्बन्धी प्रबन्ध संचालकको उद्घोषण :**
यस अवधिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा कम्पनीको तर्फबाट म उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरू तथा जानकारीहरू लुकाएको छैन।

मितेरी सहकारी ठगी प्रकरण

कांग्रेस उपसभापति गुरुङसँग सिआइबीको पाँच घण्टा बयान

सम्बन्ध विच्छेदपछि पनि सहकारीबाट ऋण लिँदा 'हकवाला' मा र चुनावमा उम्मेदवार बन्दा श्रीमतीको नाम ज्योति रहेकोमा प्रहरीको प्रश्न

सहकारीको रकम हिनामिनामा आफ्नो संलग्नता अस्वीकार, मितेरीबाट उल्टै पीडित बनेको दाबी



■ एआइजी दीपक थापा
प्रमुख, सिआइबी

धनराज गुरुङसँगको पहिलो चरणको बयान सकिएको छ। बयानपछि उहाँ घर जानुभएको छ। अनुसन्धानका क्रममा उहाँसँग थप बयान हुन पनि सक्छ। त्यस्तो देखिए उहाँलाई पुनः कार्यालय बोलाएर बयान लिनेछौं।



टेकराज थामी / नयाँ पत्रिका

प्रहरीले मितेरी सेभिङ एन्ड क्रेडिट कोअपरेटिभको १४ करोड ८१ लाख रुपैयाँ हिनामिनामा मुछिएका कांग्रेस उपसभापति तथा सांसद धनराज गुरुङसँग पहिलो चरणको बयान लिएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीसँग बुधबार बयान लिएको हो। सहकारी ठगी सम्बन्धमा गठित संसदीय विशेष छानबिन समितिले गुरुङलाई छानबिनको दायरामा ल्याउन भनेको थियो।

सिआइबीले लाजिम्पाटस्थित कार्यालयमै बोलाएर गुरुङसँग पाँच घण्टा बयान लिएको थियो। बयानका लागि गुरुङ बिहान ११ बजे नै कार्यालय पुगेका थिए। बुधबार मध्याह्न १२ बजेदेखि बयान सुरु भएर ५ बजे सकिएको थियो। सिआइबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले धनराजसँग पाँच घण्टा बयान लिइएको बताए। 'मितेरी सहकारीमा अपचलन भएको रकमको सम्बन्धमा सिआइबी अनुसन्धानरत छ। सोही क्रममा बुधबार धनराज गुरुङसँग बयान लिइएको छ। मध्याह्न १२ बजेदेखि सुरु बयान साँझ ५ बजेसम्म जारी रह्यो,' उनले भने। सिआइबीले घटनामा जोडिएका गुरुङकी पूर्वपत्नी ज्योति गुरुङ, सुजन शाक्य, ज्योतिबहादुर भण्डारी, हितमान थापा र प्रकाश थापाविरुद्ध गत ६ असोजमा पक्राउ पुर्जी जारी गरेको थियो। तर, गुरुङविरुद्ध भने पक्राउ पुर्जी जारी भएन। त्यसैले सिआइबीले उनलाई बयान लिएलगत्तै छाडिदिएको छ।

सिआइबी प्रमुख एआइजी दीपक थापाले गुरुङसँग पहिलो चरणको बयान सकिएको, तर आवश्यक परे थप बयान पनि लिन सकिने बताए। 'धनराज गुरुङसँगको पहिलो चरणको बयान सकिएको छ। बयानपछि उहाँ घर जानुभएको छ। अनुसन्धानका क्रममा उहाँसँग थप बयान हुन पनि सक्छ। त्यस्तो देखिए उहाँलाई पुनः कार्यालय बोलाएर बयान लिनेछौं,' उनले भने।

■ संसदीय छानबिन समितिले नै गरेको थियो कारवाहीको सिफारिस

प्रहरीसँगको बयानमा गुरुङले मितेरी सहकारीको रकम हिनामिनामा आफ्नो कुनै संलग्नता नभएको दाबी गरेका छन्। उनले बरु आफू सहकारीबाट उल्टो पीडित बनेको गुनासो गरे। पूर्वपत्नी ज्योतिले सहकारीको तीन करोड रुपैयाँ ज्योतिबहादुर भण्डारीलाई मिटरब्याजमा दिएको ऋण तिर्न अस्वीकार गर्दाको परिणाम हालसम्म भोगिरहेको उनले प्रहरीसमक्ष भनेका छन्।

'ज्योतिले विगतमा मितेरी सहकारीबाट तीन करोड रुपैयाँ झिकेर ज्योतिबहादुरलाई मिटरब्याजमा ऋण दिएकी रहिछन्। ऋण चुक्ता नभएपछि सहकारीले मलाई कार्यालय बोलाएर तिर्न भन्यो। अरूले लिएको ऋण तिर्दिनँ। बरु ऋण उठाउन सहयोग गरौंला, भन्नुपर्ने ठाउँमा भनौंला भनेर घर फर्किएँ। सोही विषयमा घरमा श्रीमतीसँग झगडा भयो। उनी माइत हिँडिन्। त्यसको एक महिनापछि जिल्ला अदालत पाटनमा हाम्रो सम्बन्धविच्छेद भयो। २९ फागुनमा ०७६ भएको थियो हामीबिच सम्बन्धविच्छेद। त्यसपछि उनीसँग भेट भएको छैन,' गुरुङको बयान उद्धृत गर्दै अनुसन्धानमा संलग्न एक प्रहरी अधिकारीले भने।

गुरुङले श्रीमतीसँग सम्बन्धविच्छेदपछि ३ फागुन ०७७ मा मितेरी सहकारीबाटै १२ लाख रुपैयाँ ऋण लिएका थिए, जसमा ज्योति गुरुङलाई 'हकवाला'का रूपमा श्रीमती उल्लेख गर्दै त्याप्चे लगाएको थियो। संसदीय छानबिन समितिसँगको बयानमा सहकारीका अध्यक्ष कुम्भराज गुरुङले पनि उनीहरूको सम्बन्धविच्छेद 'नाम मात्रको' भएको बयान दिएका थिए। यस सम्बन्धमा अनुसन्धानमा संलग्न प्रहरी टोलीले गुरुङसँग प्रश्न गरेको थियो। जवाफमा उनले भनेका छन्, 'घर बनाउने क्रममा मैले सहकारीबाट पहिले नै ऋण लिएको थिएँ। त्यसवेला ज्योतिसँग सम्बन्धविच्छेद भइसकेको थिएन। हकवाला उनी नै थिइन्। सम्बन्धविच्छेदपछि पुनः १२ लाख रुपैयाँ ऋण थप्नुपर्ने भयो। ३ फागुन ०७७ मा सहकारी गएर ऋणका लागि निवेदन दिएँ। कागजातबारे सोधपुछ गर्दा पहिलेकैले हुने सहकारीका कर्मचारीले बताए। होला त भनेर हस्ताक्षर गरेँ। त्यसो गर्नु मेरो भुल भयो।'

गुरुङ गत ४ मंसिर ०७९ को प्रतिनिधिसभा निर्वाचनमा स्याङ्जा २ बाट विजयी भएका हुन्। उम्मेदवारी दर्ताको फाराम भर्दासमेत उनले ज्योतिलाई श्रीमती नै भनी उल्लेख गरेका छन्। प्रहरीले उनीसँग यस विषयमा पनि प्रश्न गरेको थियो। यस क्रममा गुरुङले 'उम्मेदवारी दर्ताको फाराम साथीहरूले भरिदिएको, ज्योति र मबिच सम्बन्धविच्छेद भइसकेको जानकारी उनीहरूलाई नभएको हुँदा फाराममा मेरो श्रीमती ज्योति नै हो भनी भुलवश उल्लेख गरेको' बयानमा भनेका छन्।

गुरुङले सहकारीबाट लिएको ऋण घर बेचेर चुक्ता गरेको बताउँदै आएका छन्। यस विषयमा प्रहरीले गरेको 'इन्क्वायरी'मा गुरुङले भनेका छन्, 'घर धितो राखी मितरीबाट ऋण लिएका थियौं। ज्योतिसँग सम्बन्धविच्छेद हुँदा उक्त ऋण मैले तिर्नुपर्ने भनियो। म सहमत भएँ। ४ चैत ०७८ मा सहकारीले धितो राखेको घर एक करोड ८५ लाखमा बिक्री गऱ्यो। सबै रकम सहकारीले लियो। त्यतिले पनि पुगेन भनेर थप ८४ लाख रुपैयाँ माग गऱ्यो। अन्याय भयो भन्दै मैले तिर्न अस्वीकार गरेँ, तर सहकारीले दबाब दिइरह्यो। केही सीप नचलेपछि मैले मेरो सम्धि मीनबहादुर गुरुङसँग ऋण लिएँ। सोही रकम लगेर तिरेँ। यसमा मेरो के गल्ती भो ?'

सहकारीका अध्यक्ष कुम्भराज गुरुङले गत १४ साउनमा बागमती प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी दिएका थिए। उजुरीमा धनराजको नामै किटेर हिनामिनामा संलग्नता रहेको उल्लेख थियो। तर, राजनीतिक दबाबमा रजिस्ट्रार कार्यालयले उनको नाम काटेर बाँकी पाँचजनाको नाम मात्रै सिआइबीमा सिफारिस गरेको थियो। त्यसअघि कुम्भराज जाहेरी बोकेर सिआइबी कार्यालय पनि पुगेका थिए। सम्बन्धित कार्यालयको सिफारिसविना अनुसन्धान गर्न नसकिने भन्दै त्यसवेला सिआइबीले जाहेरी फिर्ता गरिदिएको थियो। धनराजविरुद्ध अनुसन्धान प्रक्रिया अघि नबढ्ने भएपछि कुम्भराजसहितको टोली सरकारबाट गठित संसदीय छानबिन विशेष समितिमा पुगेर उजुरी दिएको थियो। समितिले सहकारीको कार्यालय अनुगमन गर्नुका साथै कुम्भराजको बयान लिएको थियो। उनले रकम हिनामिनामा धनराजको पनि संलग्नता रहेको बयान दिएका थिए। रकम अपचलनकै क्रममा धनराजले २९ फागुन ०७६ मा ज्योतिसँग कागजी सम्बन्धविच्छेद गरेका थिए। संसदीय छानबिन समितिले आफ्नो प्रतिवेदनमा धनराजमाथि थप अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो।

सूर्य थापा नेतृत्वको संसदीय समितिले स्पष्ट रूपमा गुरुङविरुद्ध थप छानबिन गरी कारबाही अघि बढाउन निर्देशन दिएको छ। 'सहकारीकै कारण कतिपयले नक्कली विवाहसमेत गर्ने गरेको चर्चा छ। मितेरी बचत तथा ऋण सहकारीमा कार्यरत ज्योति गुरुङले पति धनराज गुरुङसँग सम्बन्धविच्छेद गरेर पनि सँगै बस्ने गरेको चर्चा छ,' समितिले भनेको छ, 'निजहरूको सम्बन्धविच्छेदको मिलापत्र फैसला अनुसूची- २३ मा प्रस्तुत गरिएको छ।'

बुटवलमा रविमाथि बयान जारी

बुटवलमा **विष्णु घिमिरे**

सहकारीको रकम हिनामिना आरोपमा अनुसन्धानका लागि रुपन्देही ल्याइएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग दुई दिनमा साढे १२ घण्टा बयान लिइएको छ। सरकारी वकिलको कार्यालय रुपन्देहीमा मंगलबार तीन घण्टा ३५ मिनेट र बुधबार लगातार नौ घण्टा गरी साढे १२ घण्टा बयान लिइएको हो। बयान लिने काम अझै नसकिएको प्रहरीले जनाएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीका जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेलले बुधबार बिहान सवा १० देखि साँझ ७:१० सम्म बयान लिइएको जानकारी दिए। बुटवलस्थित सहकारीको रकम हिनामिना आरोपमा अनुसन्धानका लागि रुपन्देही ल्याइएको हो। जिल्ला न्यायाधिवक्ता पौडेलले बयान अन्तिम अवस्थामा पुगे पनि अझै नसकिएको बताए। बिहीबार नम्बरिङ र रुजुको कामपछि आवश्यकताअनुसार बयान हुने उनको भनाइ छ।



लामिछानेसँग बयान लिन नौजनाको टिम खटिएको थियो। जसमा पाँचजना अनुसन्धान अधिकृतसहित सरकारी वकिलको टिम थियो। सुप्रिम सहकारीमा भएको अपचलनको अनुसन्धान गर्ने क्रममा लामिछानेले बयानमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएको स्रोतले जनाएको छ। बयानपछि लामिछानेलाई जिल्ला प्रहरी कार्यालय रुपन्देही लगिएको प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरले बताए।

गत २ कात्तिकमा काठमाडौंको वनस्थलीबाट पक्राउ परेका लामिछानेलाई कास्की लगिएको थियो। कास्की प्रहरीको हिरासतमा रहेका उनलाई बयानका लागि मंगलबार भैरहवा ल्याइएको थियो। सहकारीको रकम हिनामिना आरोपमा अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका उनलाई आइतबार कास्की जिल्ला अदालतले अनुसन्धान गर्न थप १३ दिन हिरासत राख्न अनुमति दिएको थियो। सूर्यदर्शन सहकारीको रकम अपचलनमा पोखरामा अनुसन्धान गरिरहेको प्रहरीले रुपन्देहीको सुप्रिम सहकारीमा भएको अपचलनको अनुसन्धान गर्न रुपन्देही ल्याएको हो। संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत प्रहरीले उनीमाथि अनुसन्धान गरिरहेको छ।

■ रास्वपाको प्रदर्शन निरन्तर

पार्टी सभापति रवि लामिछाने पक्राउको विरोधमा रास्वपाले भैरहवामा बुधबार पनि प्रदर्शन गरेको छ। भैरहवा लुम्बिनी रोडमा लामिछानेको पक्षमा प्रदर्शनपछि कोणसभा गरिएको थियो। कोणसभामा रास्वपाका उपसभापति डिपी अर्यालसहितका नेताहरूले सम्बोधन गरेका थिए। रास्वपा नेताहरूले सरकारले गलत नियतले लामिछानेलाई दुःख दिइरहेको बताए। उनीहरूले राजनीतिक षड्यन्त्र चिरेर अगाडि बढ्नुपर्ने अवस्था आएको समेत बताए।

संक्षेप

भारतीय स्थल सेनाध्यक्ष नेपाल आउँदै

काठमाडौं / भारतीय स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी नेपालको औपचारिक भ्रमणमा आउने भएका छन्। ५ देखि ९ मंसिरसम्म उनी नेपाल भ्रमणमा आउन लागेको नेपाली सेनाले बुधबार जानकारी दिएको छ। भारतीय सेनाध्यक्षलाई ६ मंसिरमा राष्ट्रपति रामचन्द्र पौडेलले शीतलनिवासमा आयोजित विशेष समारोहमा नेपाली सेनाको मानार्थ जनरलको दर्ज्यानी चिह्न लगाइदिने कार्यक्रम तय भएको छ। द्विवेदी प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा आउन लागेका हुन्। जनरल द्विवेदीले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण, जंगी अड्डामा सम्मानगारत निरीक्षण, प्रधानसेनापति सिग्देलसँग भेटघाट एवं छलफलगायत कमान्ड तथा स्टाफ कलेजका शिक्षार्थीसँग अन्तर्क्रिया र पश्चिम पृतना हेडक्वार्टर पोखराको भ्रमण गर्ने कार्यक्रम छ। 'भ्रमणको मुख्य अंशका रूपमा नेपाली सेना र भारतीय सेनाबिचको परम्पराअनुसार भारतीय सेनाध्यक्ष जनरल द्विवेदीलाई राष्ट्रपति रामचन्द्र पौडेलले ६ मंसिरमा एक विशेष समारोहबिच नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ,' सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले भनेको छ। भारतीय सेनाध्यक्षले प्रधानमन्त्री केपी ओली र रक्षामन्त्री मानवीर राईसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ।



देउती बज्यै मन्दिरकी मूल पुजारी मृत फेला

सुर्खेत / वीरेन्द्रनगरमा रहेको गंगामाला देउती बज्यै मन्दिरकी मूल पुजारी मृत फेला परेकी छिन्। वीरेन्द्रनगर नगरपालिका- ११ की ५१ वर्षीया सरस्वती राजी मन्दिरको मूल ढोकामा बुधबार बिहान झुन्डिएको अवस्थामा फेला परेकी हुन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार उनी मन्दिरको मूलढोकाको भित्रपट्टिको फलामको हत्कडीमा झुन्डिएको अवस्थामा फेला परेकी थिइन्। सरस्वतीका श्रीमान् रुद्रबहादुर राजी यसअघि मन्दिरका मूल पुजारी थिए। उनको निधन भएपछि सरस्वती पुजारी भएकी थिइन्। सरस्वतीको शव पोस्टमार्टमका लागि कर्णाली प्रदेश अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्काले बताए। मूल पुजारीको मृत्यु भएपछि देउती बज्यै मन्दिरमा हुने दैनिक पूजापाठ रोकिएको छ। देउती बज्यैको मूल पुजारी राजीहरू रहने प्रचलन छ।

दुर्घटनामा परी शंखरापुर र कागेश्वरीमा दुईजनाको मृत्यु

काठमाडौं / काठमाडौं उपत्यकाका शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिकामा दुई छुट्टाछुट्टै दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। शंखरापुर-९ इन्द्रायणीमा मंगलबार साँझ भएको दुर्घटनामा कागेश्वरी मनोहरा-२ आलापोटका ३८ वर्षीय नारायण नगरकोटीको मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनको उपचारका क्रममा ग्रान्डी अस्पतालमा बुधबार मृत्यु भएको प्रहरी वृत्त बौद्धका डिएसपी जयश्वर रिमालले बताए। दुर्घटनामा नगरकोटीकी पत्नी ३२ वर्षीया सानुमाया नगरकोटी गम्भीर घाइते भएकी छन्। दुर्घटनापछि गाडी चालक प्रकाश भुजेल भागेका थिए। उनी बुधबार आफैं प्रहरी कार्यालयमा उपस्थित भएका छन्। उनीमाथि सवारी ज्यान मुद्दामा प्रहरीले कारबाही अघि बढाएको छ।


त्यस्तै, मूलपानीमा भएको दुर्घटनामा एक बालकको मृत्यु भएको छ। कागेश्वरी मनोहरा नगरपालिका-६ मूलपानी तिवारी टोलस्थित सडकमा बा११च ७६०९ नम्बरको गाडीको ठक्करबाट पैदलयात्री महोत्तरीको गौशाला नगरपालिका-१० घर भएका गणेश थापा मगरका छोरा नौ वर्षीय शिव थापा मगरको मृत्यु भएको हो। मंगलबार दिउँसो भएको दुर्घटनामा गम्भीर घाइते उनको शंखरापुर अस्पताल नारायणटार हुँदै ग्रान्डी अस्पताल टोखामा बुधबार दिउँसो उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले गाडी चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहिलो दीक्षान्त सम्पन्न

प्रधानमन्त्री ओलीले भने- प्रतिष्ठानमा जनशक्ति र उपकरणको कमी हुनेछैन

जुम्लामा **मानदत्त रावल**

प्रधानमन्त्री केपी ओलीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको विकासमा सरकार गम्भीर रहेको बताएका छन्। प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहमा बुधबार उनले भने, 'विशेषज्ञ डाक्टर उत्पादन र स्वास्थ्य सेवा प्रवाहको परिकल्पना नगरेका कर्णालीवासीले घरघरमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेका छन्। दुर्गम कर्णालीसहित पश्चिम नेपालको भरोसा केन्द्र बनेको प्रतिष्ठानको अध्ययन, अनुसन्धान र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सरकारले जनशक्ति र उपकरण कुनै कमी हुन दिनेछैन।'



प्रतिष्ठानका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले कुनै वेला डाक्टर नपाइने ठाउँमा अहिले दक्ष जनशक्ति दीक्षित भएको बताए। 'अब कर्णालीको स्वास्थ्य सेवाले थप गति लिने विश्वास छ। अब कर्णाली बन्दै छ। यहाँका सम्भावनाले कर्णाली दुर्गम रहेन। अब चुनौती घटेका छन्,' उनले भने। कृषि, पर्यटन, भाषा, साहित्यसँगै कर्णाली अब स्वास्थ्य सेवा प्रवाहका हिसाबले पनि आत्मनिर्भर बनेको उनले बताए। दीक्षित भएका विद्यार्थीलाई अझै इमानदारी साथ राष्ट्रप्रति कर्तव्यनिष्ट भएर सेवा गर्न उनले आग्रह गरे।

कर्णालीका १० सहित सुदूरपश्चिमका तीन गरी १३ जिल्लामा सेवा प्रवाह गरिरहेको कर्णाली प्रतिष्ठानको वृद्धि विकासमा वर्तमान सरकारले चासो दिएको ओलीले बताए। 'आज सिनेट बैठकमा प्रतिष्ठानका विभिन्न विषयमा गहन छलफल भएको छ। लामो समयदेखि काम गरेका शिक्षक कर्मचारीको स्तरवृद्धिको विषयलाई समेत गम्भीर रूपमा लिएका छौं। करोडौंका संरचना बन्नु, विशेषज्ञ डाक्टर उत्पादन हुनुले कर्णाली स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर हुनु हो,' उनले भने। दैलेखको राकम कर्णालीमा बन्ने सय शय्याको अस्पताल र टूमा सेन्टर निर्माणमा समेत सरकार लागिपरेको बताए।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलले प्रथम दीक्षान्त समारोह गर्न पाउँदा गौरव महसुस भएको बताए। 'कोरोनाकालमा देशकै उत्कृष्ट सेवा प्रवाह गरेको प्रतिष्ठानले कर्णाली र सुदूरपश्चिमका दुर्गम क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ,' उनले भने। प्रतिष्ठानमा हाल एमडी, एमबिबिएस, बिएनएसलगायत स्नातक र स्नातकोत्तर तहका विभिन्न १४ वटा कार्यक्रम सञ्चालित छन्। दीक्षान्त समारोहमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका ५८ जना विद्यार्थी दीक्षित भएका छन्। बिपिएचका ३८ जना, बिएमएस १५ जना र एमडिएमएस पाँचजना गरी ५८ विद्यार्थी दीक्षित भएको प्रतिष्ठानका शिक्षाध्यक्ष डा. डबल धामीले बताए। दीक्षित हुने ५८ जनामा ३० जना विद्यार्थी दीक्षान्त समारोहमा उपस्थित भएका थिए।

भ्रष्टाचारमा कर्जन्हाका पूर्वमेयरसमेत पाँचजना दोषी ठहर

काठमाडौं / सिराहाको कर्जन्हा नगरपालिकाका पूर्वमेयर र प्रमुख प्रशासकीय अधिकृतलगायत पाँचजना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। बुधबार विशेष अदालतले उनीहरूमाथि कसुर कायमको फैसला गर्दै सजाय निर्धारणको पेसी तोकेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १४ चैत ०८० मा हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको दाबीसहित मुद्दा दायर गरेको थियो। जसमाथि मंगलबार र बुधबार सुनुवाइपछि विशेष अदालतका सदस्यहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले फैसला गरेको हो।

नगरपालिकाले आर्थिक वर्ष ०७८/७९ मा प्रशासनिक भवन निर्माणका लागि ठेक्का आह्वान गरेको थियो। जबकि उच्च अदालत जनकपुर राजविराज इजलासले प्रक्रिया पूरा नभएसम्म नगरपालिकाको कार्यालय स्थानान्तरण नगर्नू-नगराउनू भनी मेयर र प्रमुख प्रशासकीय अधिकृतका नाममा आदेश दिएको थियो। उक्त आदेश बेवास्ता गर्दै मेयर गंगा पासमान र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डलले प्रक्रिया थालेको भन्दै अख्तियारमा उजुरी परेको थियो।



● गंगा पासमान

साबिक कर्जन्हा गाविसको कार्यालयमै नगरपालिका थियो। त्यहींबाट सञ्चालन गर्न भनी परमादेशको आदेश जारी भए पनि त्यसको परिपालन नगरी सार्वजनिक खरिद ऐनअनुसार नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि बोलपत्र आह्वान भएको थियो। सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने ऐनको व्यवस्थाविपरीत ठेक्का आह्वान भएको दाबी अभियोगपत्रमा थियो। स्थानीय तहको केन्द्र परिवर्तनको निर्णय नहुँदै वडा नम्बर ५ मा भवन निर्माणका लागि ०७८ माघमा ठेक्का आह्वान भएको थियो। साथै, नगरपालिकाले पेस्कीस्वरूप एक करोड आठ लाख रुपैयाँसमेत ठेकेदारलाई उपलब्ध गराएको थियो। तर, ठेकेदारले त्यसअनुसार काम भने गरेको थिएन। यति हुँदा पनि निर्माण कम्पनीको जमानत जफततर्फ नगरपालिकाले पहल नगरेको पुष्टि भएपछि विशेषले सजाय सुनाउने मिति तोकेको हो।

मुद्दामा मेयर पासमान तथा प्रमुख प्रशासकीय अधिकृत मण्डल र अर्का निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार र लेखापाल प्रवीणकुमार महतोलाई पनि प्रतिवादी बनाइएको थियो। साथै, ठेक्का सकार गरेको कम्पनीका आधिकारिक प्रतिनिधि बैजनाथ यादव र उक्त निर्माण कम्पनीविरुद्ध मुद्दा दायर भएको थियो। यस कार्यमा तत्कालीन नगर प्रमुख पासमानले बोलपत्र आह्वानको निर्णय गरेको तथा प्रमुख प्रशासकीय अधिकृत रहेका मण्डलले त्यसको सूचना निकालेको भेटिएको थियो। अर्का प्रतिवादी दनुवारले भने सम्भौता गरेका थिए भने उनी र लेखापाल महतो मिलेर पेस्की दिएको अनुसन्धानले देखाएको थियो। यसैगरी, उनीहरूले एडभान्स पेमेन्ट ग्यारेन्टीको म्यादभित्र जमानत जफत गर्नेतर्फ पहल नगरेको कारण उनीहरूलाई समेत दोषी ठहर गरिएको हो। निर्माण कम्पनीका प्रतिनिधि बैजनाथ यादवले यस कार्यमा मतियारको भूमिका निर्वाह गरेको निष्कर्ष इजलासको छ। उनले एक करोड आठ लाख रुपैयाँ अनुचित लाभ लिएको भन्दै उनलाई बिगोको दामासाहिले हुन आउने रकम २१ लाख ६० हजार जरिवाना तोकिएको छ। दोषी ठहर भएकामाथि १० मंसिरमा सजाय निर्धारण हुनेछ।

गणेश हिमालको आधार शिविरमा १६ जना फसे

धादिङमा **अर्जुन श्रेष्ठ**

चिसो र अधिक उचाइका कारण दुई बिरामीसहित १६ जना मंगलबारदेखि गणेश हिमालको आधार शिविरमा फसेका छन्। उद्धारका लागि बुधबार गएको नेपाली सेनाको हेलिकोप्टर खराब मौसमका कारण फर्किएको छ।

डिभिजन वन कार्यालय धादिङका रेन्जर अनुसुया ढुंगानाको स्वास्थ्य अवस्था गम्भीर बनेपछि उद्धारका लागि सेनाको हेलिकोप्टर बुधबार दिउँसो आधार शिविर पुगेको थियो। तर, खराब मौसमका कारण अवतरण हुन नसकेपछि उद्धार हुन नसकेको धादिङका सहायक प्रमुख जिल्ला अधिकारी युवराज अर्यालले बताए। मंगलबार साँझदेखि अनुसुयाको स्वास्थ्य अवस्थामा समस्या आएको थियो। नेटवर्कको पहुँच नभएका कारण बुधबार ६ घण्टा हिँडेर नेटवर्क आउने ठाउँ पुगी सँगै ट्रेक गएकाले उद्धारका लागि सहयोग मागेका थिए। बुधबार दिनभर प्रयास गर्दा पनि उद्धार गर्न नसकिएको ट्रेकिङ टोलीमा रहेका रुबीभ्याली गाउँपालिकाका विपिन तामाङले बताए।

उद्धारका लागि गएको हेलिकोप्टर खराब मौसमले फर्कियो



अनुसुयासँगै डिभिजन वन कार्यालय धादिङका प्रमुख विष्णुप्रसाद आचार्यको पनि स्वास्थ्य अवस्थामा समस्या देखिन थालेको छ। टोलीमा रहेका २७ मध्ये दुईजना बिरामीसहित १६ जना आधार शिविरनजिकै फसिरहेका हुन्। ११ जना १४ घण्टा हिँडेर तिप्लिङको हिन्दुङ आइपुगेका छन्।

पर्यापर्यटन प्रवर्द्धनको उद्देश्यले धादिङको रुबीभ्याली गाउँपालिका र डिभिजन वन कार्यालय धादिङको २७ जनाको टोली एक सातादेखि यात्रामा छ। त्यस स्थाननजिक मानव बस्ती नभएको र सञ्चारको पहुँच नभएकाले बुधबार बिहानदेखि ६ घण्टा हिँडेर सञ्चार सम्पर्कमा आएको ट्रेकिङमा रहेका पत्रकार मिलन तिमिल्सिनाले बताए। गणेश हिमालले नुवाकोट, धादिङ र रसुवा जिल्ला छोएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.वडा नं. १६ (हाल मध्यपुर ठिमी न.पा. वडा नं.१) स्थित कित्ता नं. १४८ को क्षेत्रफल ३०९.५५(व.मि.)को जग्गा ।
२.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ३९७ र ४२७ को क्षेत्रफल क्रमश: ३–११–१७.५०, ०–७–०, ०–६–१५ र २–१९–१.७५ (बिगाह) को जग्गा ।
३.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमश: ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
४.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (व.मी) को घर जग्गा ।
५.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
६.	धनुषा जिल्ला, हरिहरपुर गा.वि.स/न.पा. वडा नं. १/१ ख स्थित कित्ता नं. ५२०१, ६७८९ र ६७८४ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-३-४ र ०-०-३-० (विगाह) को जग्गा ।
७.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
८.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
९.	बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
१०.	पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०१२ को क्षेत्रफल ०-२-३-१ (रोपनी) को घर जग्गा ।
११.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
१२.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमश: ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
१३.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमश: ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
१४.	मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
१५.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० विगाहा (१५७४.६१ वर्ग मिटर) को जग्गा ।
१६.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ८ (हाल चन्द्रपुर न.पा वडा नं. ८) स्थित कित्ता नं. १७३७, २९७, ९७३, ९७४, ५८९ र १७३६ को क्षेत्रफल क्रमश: ०-६-०-०, १-४-१०-१०, ०-२-०-०, ०-१४-१०-०, ०-४-०-० र ०-४-०-० (विगाहा) को जग्गा ।
१७.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
१८.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
१९.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७७२ को क्षेत्रफल ०-१-०-० विगाहा (३३८.६४ वर्ग मिटर) को जग्गा ।
२०.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा ।
२१.	रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा ।
२२.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
२३.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमश: ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
२४.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमश: ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
२५.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
२६.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमश: ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
२७.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
२८.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमश: १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
२९.	काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. २ ख (हाल किर्तिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४६८, ४८७, ४५० र ४४९ को क्षेत्रफल क्रमश: १३९.०८, ९५.३६, १७४.२५ र १७४.३९ (व.मी.)को जग्गा ।
३०.	भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स. वडा नं. ८ ख (हाल चाँगुनारायण न.पा. वडा नं. १) स्थित कित्ता नं. ८५५ को क्षेत्रफल ९५.३७ (व.मि.) को घरजग्गा ।
३१.	पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगरनाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
३२.	रौतहट जिल्ला, पथरा बुधराम गा.वि.स. वडा नं. ९ (हाल मौलापुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६ को क्षेत्रफल ०-०-१२-० (विगाह) को घरजग्गा ।
३३.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमश: ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
३४.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
३५.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
३६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
३७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमश: १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
३८.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमश: ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
३९.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमश: ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
४०.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. ८५ र १९२ को क्षेत्रफल क्रमश: २-०-२-१ र ०-३-३-३ (रोपनी) को जग्गा ।
४१.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमश: ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
४२.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
४३.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमश: ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
४४.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमश: ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
४५.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
४६.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमश: १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा ।
४७.	सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
४८.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
४९.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमश: ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
५०.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा ।
५१.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
५२.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
५३.	सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ६ ङ (हाल धनगढीमाई न.पा. वडा नं. ८) स्थित कित्ता नं. १०६८, ८३८, १०६९, १०७०, ८३९, १०६५, १०६४ र १०६३ को क्षेत्रफल क्रमश: ०-५-१५.५-०, ०-३-०-०, ०-५-१५.५-०, ०-०-१६-०, ०-१०-१२-०, ०-४-१५.७५-०, ०-५-०-० र ०-५-०-० (विगाह) को जग्गा ।
५४.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
५५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
५६.	ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
५७.	नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
५८.	पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमश: ०-२-५-० र ०-१-४-९ (विगाह) को घरजग्गा ।
५९.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमश: ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
६०.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
६१.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
६२.	सुनसरी जिल्ला, मधेशा गा.वि.स वडा नं.९ क (हाल इनरुवा न.पा. वडा नं. ५) स्थित कित्ता नं. २७७६ को क्षेत्रफल ०-२-११-० (विगाह) को जग्गा ।
६३.	रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स वडा नं.६ क (हाल शियारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मि) को घरजग्गा ।
६४.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
६५.	सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
६६.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमश: ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
६७.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमश: ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
६८.	पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
६९.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३११४ र ३९५२ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
७०.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
७१.	मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घर जग्गा ।
७२.	नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ४ढ स्थित कित्ता नं १७६९ को क्षेत्रफल ०-१-६ 3/8 (विगाहा)को जग्गा ।
७३.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. २३४ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
७४.	बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमश: ०-०-४-० र ०-०-६-० (विगाह) को घरजग्गा ।
७५.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९९४ को क्षेत्रफल ०-०-७.५० (विगाह) को जग्गा ।
७६.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
७७.	मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
७८.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
७९.	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
८०.	रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमश: ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
८१.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
८२.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
८३.	मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
८४.	रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा ।
८५.	रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
८६.	रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
८७.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
८८.	रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
८९.	रौतहट जिल्ला, बरीयारपुर गा.वि.स. वडा नं. ६ ख (हाल गढीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-०-१८-४ (विगाह) को घरजग्गा ।
९०.	महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमश:०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा ।
९१.	बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा वडा नं. १३) स्थित कित्ता नं. १९० को क्षेत्रफल ६९४ (व.मि) को घर/जग्गा ।
९२.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमश: ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
९३.	बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा ।
९४.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा ।
९५.	सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७०६ र ७५९ को क्षेत्रफल क्रमश: ०-०-१५-० र ०-०-८-० (विगाह) को जग्गा ।
९६.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
९७.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमश: ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
९८.	रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
९९.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
१००.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमश: १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१०१.	बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
१०२.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१०३.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
१०४.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा ।
१०५.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
१०६.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमश: २९५ र १०.४० (व.मि.) को जग्गा ।
१०७.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२८८, ११७५ र १२९३ को क्षेत्रफल क्रमश: ३३८.६३, २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
१०८.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
१०९.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमश: ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
११०.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमश: ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
१११.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०८९ र २८७ को क्षेत्रफल क्रमश:०-२-१५-२ र ०-६-१०-० (विगाह) को घरजग्गा ।
११२.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४४७ को क्षेत्रफल ०-०-३-२ (विगाह) को जग्गा ।
११३.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घर जग्गा ।
११४.	बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमश: १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा ।
११५.	कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
११६.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमश: ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा।
११७.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च (हाल उर्लाबारी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
११८.	रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।
११९.	रौतहट जिल्ला, बगही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
१२०.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १७१७ को क्षेत्रफल ०-०-११-० (विगाह) को जग्गा ।
१२१.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा ।
१२२.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
१२३.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
१२४.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।
१२५.	रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा ।
१२६.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
१२७.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २८८३, २००३ र २००८ को क्षेत्रफल क्रमश: ०-२-२-०, ०-१-२-० र ०-६-३-३ (रोपनी) को जग्गा ।
१२८.	पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा ।
१२९.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमश: ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
१३०.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमश: ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा ।
१३१.	पर्सा जिल्ला, बगही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमश: ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा ।
१३२.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७५८ को क्षेत्रफल ०-१-८-० (विगाह) को जग्गा ।
१३३.	रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१३४.	काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स. वडा नं. ६ (हाल धुलिखेल न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३११७ र ३११८ को क्षेत्रफल क्रमश: ११५.२५ र १२५.१९ (व.मि) को घरजग्गा ।
१३५.	सप्तरी जिल्ला, सखुवा कचनदाहा गा.वि.स. वडा नं. ८ ग (हाल शम्भुनाथ न.पा. वडा नं. ४) स्थित कित्ता नं. ९० को क्षेत्रफल ०-१-५.२५-० (विगाह) को जग्गा ।
१३६.	सप्तरी जिल्ला, खोकसर प्रवाहा गा.वि.स. वडा नं. ७/ख (हाल शम्भुनाथ न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१३७.	सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ६ (हाल राजविराज न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०८८ र २०५६ को क्षेत्रफल क्रमश: ०-०-१-० र ०-०-१७.२५-० (विगाह) को जग्गा।
१३८.	सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ३/ख स्थित कित्ता नं. ६१०९ को क्षेत्रफल ४२३.२५ (व.मी.) को घरजग्गा ।
१३९.	सुर्खेत जिल्ला गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल विरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७८ को क्षेत्रफल ०-०-१५ 1/2 (बिगाह) को घरजग्गा ।

■ स्थानीय तह उपनिर्वाचन

दलहरूले अझै उम्मेदवार टुंगो लगाउन सकेनन्

आगामी १६ मंसिरमा ३८ स्थानीय तह र दुई जिल्लाका जिसस प्रमुखसहित ४४ पदमा उपनिर्वाचन हुँदै छ। उपनिर्वाचनका लागि २ मंसिरमा उम्मेदवारी मनोनयन दर्ता गर्ने कार्यतालिका छ। निर्वाचन आयोगका अनुसार जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३४ वडाध्यक्ष गरी ४४ पदमा निर्वाचन हुन लागेको छ। जसमध्ये कांग्रेसले २७ स्थान, एमालेले आठ, माओवादीले सात, जसपाले एक र एक स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका रहेको सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए। उपनिर्वाचनका लागि रास्वपासहित २५ दल दर्ता भएका छन्।

कांग्रेसका पाँच उम्मेदवार टुंगो लाग्न बाँकी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले उपनिर्वाचन हुन लागेका ४४ पदमध्ये पाँचबाहेकका स्थानको उम्मेदवारको टुंगो लगाएको छ। उपनिर्वाचन केन्द्रीय संयोजन समिति सदस्य मधु आचार्यका अनुसार कीर्तिपुर नगरपालिकाको मेयर, कीर्तिपुर १ र ४, काठमाडौं- १६ र ताप्लेजुडको सिरिजंगा- ३ का वडाध्यक्षबाहेकका उम्मेदवारको टुंगो लागेको हो।

'काठमाडौं, कीर्तिपुर र ताप्लेजुडको सिरिजंगाबाहेकका स्थानमा उम्मेदवार टुंगो लागेको जानकारी समितिलाई आएको छ।अधिकांश स्थानमा सर्वसम्मत उम्मेदवार चयन भएका छन्। बाँकी स्थानको टुंगो लाग्ने क्रममा छ। विधानको व्यवस्थाअनुसार तल्लो तहबाटै उम्मेदवारको टुंगो लागेका छन्,' आचार्यले भने। बुधबार महामन्त्री विश्वप्रकाश शर्मा नेतृत्वको समितिको बैठकमा प्रदेशगत अवस्थाबारे ब्रिफिङ गरिएको थियो। यस क्रममा उम्मेदवार छनोट तथा प्रारम्भिक अवस्थाबारे जानकारी लिइएको थियो। निर्वाचनमा गठबन्धन नगर्ने नीति अख्तियार गरेको कांग्रेसले केन्द्रबाटै रणनीतिको गृहकार्य थालेको छ। यसअघि निर्वाचनमा गठबन्धन गरेको कांग्रेसलाई यसअघि आफूले पाएको मत जोगाउने चुनौती देखेको छ।

प्रमुख प्रतिस्पर्धी एमालेसहितका दलहरूले सबै क्षेत्रका उम्मेदवारको टुंगो लगाएर प्रचारप्रसार थालेका छन्। कांग्रेसले २० कात्तिकभित्र उम्मेदवारको टुंगो लगाउन परिपत्र गरेको थियो। तर, मुख्य प्रतिस्पर्धा हुने देखिएको कीर्तिपुर र काठमाडौं- १६ को टुंगो लगाउन सकेको छैन। सिरिजंगा- ३ भने उपनिर्वाचन घोषणा भएपछि पद रिक्त भएको हो। यद्यपि, यी तीनै स्थानमा यसअघि कांग्रेसले जितेको थियो।

कीर्तिपुर नगर प्रमुखका लागि ११ आकांक्षीको नाम सिफारिस भएको छ। कांग्रेस कीर्तिपुरमा नगर सभापति कृष्णमान डंगोलका अनुसार वडा १ मा ६ जना र ४ नम्बरमा आठ नाम सिफारिस भएका छन्। तल्लो तहमा विवाद रोक्न आकांक्षीको नाम सिफारिस भए पनि केन्द्रमा नेताहरूबिच सहमति नजुट्दा उम्मेदवारको टुंगो लागेको छैन। नगर कार्यसमितिले डंगोल, बद्रीलाल महर्जन, हिमाल कार्की, जमुना नकर्मी, संगीता बोगटी,



सशिर महर्जन, जनकलाल महर्जन, राममान सिंह, मीनप्रकाश महर्जन, किरण केसी र सचिन्द्र महर्जनको नाम सिफारिस गरेको छ।

उपनिर्वाचन हुन लागेको स्थानीय तहमध्ये कीर्तिपुर नगरपालिका मेयरका लागि निर्वाचन हुन लागेको एक मात्र नगर हो। उपत्यकाकै नगर भएकाले सबै दलको ध्यान यसतर्फ केन्द्रित छ। कांग्रेसमा मेयरका सिफारिस नगर कार्यसमितिले गर्ने, प्रदेश संसदीय समितिले निर्णय लिने र प्रदेश कार्यसमितिबाट अनुमोदन गर्ने व्यवस्था छ। कीर्तिपुरमा एमालेबाट केन्द्रीय सदस्य डा. सुरेन्द्र मानन्धर, माओवादीबाट प्रा.डा. शिवशरण महर्जन, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुव महर्जन उम्मेदवार सिफारिस भएका छन्। राजमान महर्जनले स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन्। उनीहरूले प्रचारप्रसार सुरु गरिसकेका छन्।

कांग्रेस काठमाडौं महानगर सचिव सुशन वैद्यका अनुसार काठमाडौं- १६ मा इकाइ सभापति देवेन्द्र पाठकसहित १० जनाको नाम सिफारिस भएको छ। नगरका वडाध्यक्ष वडा कार्यसमितिले सिफारिस गर्ने, प्रतिनिधिसभा संसदीय समितिले निर्णय गर्ने र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिबाट अनुमोदन गर्ने व्यवस्था छ।

एमालेले टुंगो लगायो बहुसंख्यक स्थानमा उम्मेदवार

नयाँ पत्रिका

एमालेले १६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनका लागि बहुसंख्यक स्थानमा उम्मेदवार टुंगो लगाएको छ। उपमहासचिव प्रदीप ज्ञवालीले केही स्थानबाहेक धेरैजसो स्थानमा पार्टीले उठाउने उम्मेदवार टुंगो लागेको जानकारी दिए।

कोशी प्रदेशमा मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा तुलसीराम विश्वास, तेह्रथुमको लालीगुराँस गाउँपालिका- ८ मा बुद्धबहादुर लिम्बू, सुनसरीको गढी गाउँपालिका- ६ मा सन्तु उराऊ, झापाको कन्काई नगरपालिका- ६ मा तुलाराम बस्नेत, उदयपुरको बेलका नगरपालिका- ९ मा मनोज खड्कालाई एमालेले उम्मेदवार बनाएको छ। ओखलढुंगाको मोलुङ गाउँपालिका- ५, उदयपुरको त्रियुगा नगरपालिका- १२ र ताप्लेजुडको सिरिजंगा गाउँपालिका- ३ मा भने टुंगो लाग्न बाँकी छ।

मधेश प्रदेशको रौतहटको राजपुर नगरपालिका- ६ मा मोहम्मद नसिम अख्तर र गढिमाई नगरपालिका- ८ मा जिउतीदेवी यादव, महोत्तरीको रामगोपालपुर नगरपालिका- २ मा मोहम्मद सकिवल खानलाई उम्मेदवार बनाइएको छ। सप्तरीको डाक्नेश्वरी नगरपालिका १ र ४, धनुषाको धनुषाधाम नगरपालिका- १ मा टुंगो लाग्न बाँकी छ।

बागमती प्रदेशमा दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा उमा लुंगेली मगर शेर्पा, काठमाडौंको कीर्तिपुर नगरपालिकाको प्रमुखमा डा. सुरेन्द्र मानन्धर र १ को वडाध्यक्षमा बद्री बुढाथोकी, ४ मा हर्ष महर्जनलाई एमालेले उम्मेदवार बनाएको छ। काठमाडौं महानगर- १६ मा लक्ष्मीरत्न मानन्धर, नुवाकोटको ककनी गाउँपालिका- २ मा यम तामाङ, मकावनपुरको हेटौंडा उपमहानगर- १२ मा राजेश नगरकोटी उम्मेदवार बनेका छन्।

गण्डकी प्रदेशमा गोरखाको गोरखा नगरपालिका- ५ मा दुर्गामाया थापा राना, लुम्बिनीमा गुल्मीको मुसिकोट नगरपालिका- १ मा दलबहादुर थापा, रोल्पाको रुन्टिगढी गाउँपालिका- ४ मा वेगम पुन, बर्दियाको ठाकुरबाबा नगरपालिका- ४ मा विष्णुप्रसाद देवकोटा, रुकुम पूर्वको पृथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा केशकुमारी तुलाचन तथा पृथाउत्तरगंगा- २ मा जीवन रोका, कपिलवस्तुको शुद्धोदन गाउँपालिका- १ मा अब्दुल मोजिव खाँ उम्मेदवार बनेका छन्।

दैलेखको महाँबु गाउँपालिका अध्यक्षको उम्मेदवार चयन हुन बाँकी छ। दैलेखकै दुल्लु नगरपालिका- १३ मा लालबहादुर शाही चयन भएका छन्। कालिकोटको तिलगुफा- ४ मा ऐनबहादुर शाही, जाजरकोटको नलगाढ नगरको उपप्रमुखमा सुनिता बोहरा, जाजरकोटकै कुशे गाउँपालिका- ७ मा डम्बरबहादुर घर्ती, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५ मा जुना रोकाय, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५ मा अमृत खत्री, हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्षमा जाना शाहीलाई उम्मेदवार बनाएको छ।

सुदूरपश्चिममा बझाङको सुर्मा गाउँपालिका- ४ मा चयन हुन बाँकी छ। डोटीको पूर्वीचौकी गाउँपालिका- ६ मा देवबहादुर थापा, दार्चुलाको दुहुँ गाउँपालिका- ५ मा मानसिंह बडाल र कञ्चनपुरको भीमदत्त नगरपालिका- ६ मा बहादुर चन्द चयन भएका छन्।

माओवादीले कीर्तिपुरमा टुंग्यायो उम्मेदवार



काठमाडौं/ माओवादीले हालसम्म कीर्तिपुरको मेयर र दुई वडाध्यक्षको उम्मेदवार मात्र टुंगो लगाएको छ। अन्य उम्मेदवारको छिट्टै टुंगो लाग्ने नेताहरूले बताएका छन्। कीर्तिपुरको मेयरको उम्मेदवारमा प्रा.डा. शिवशरण महर्जन, वडा नम्बर १ को अध्यक्षमा अष्टमान महर्जन र वडा नम्बर ४ को अध्यक्षम इन्जिनियर नारायण विष्टलाई अघि सारेको छ। माओवादीले बुधबार घोषणा कार्यक्रम राखेको थियो। उम्मेदवार घोषणा गर्दै माओवादी बागमती प्रदेश अध्यक्ष सरल सहयात्रीले पार्टीको स्थानीय तहबाट सर्वसम्मत रूपमा आएको सिफारिस जिल्ला र प्रदेशले अनुमोदन गरेको जानकारी गराए।

घोषणा समारोहमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आत्मसमीक्षासहित उपनिर्वाचनमा होमिन नेता-कार्यकर्तालाई निर्देशन दिए। 'जनताले हामीबाट जे अपेक्षा गरेका थिए, त्यसलाई जस्ताको तस्तै पूरा गर्न सकेनौं। हामी बदलिन चाहन्छौं, अवसर दिनुहोस् भनेर जनताको बिचमा जानुहोस्। टोल-टोल र घरघरमा पुग्नुहोस्,' उनले भने। अन्य दलभन्दा माओवादी फरक शक्ति हो र सरकारमा भएका वेला माओवादीले हरेकपटक रूपान्तरणकारी काम गरेको उनले दाबी गरे।

कीर्तिपुर नगरपालिका इतिहासदेखि नै वीरता र विद्रोहको केन्द्र भएको उल्लेख गर्दै उनले नयाँ कीर्तिमान कायम हुने बताए। 'यहाँको इतिहास, वीरता र विद्रोहको सम्मान गर्दै नयाँ समृद्धिको अभियान सञ्चालन गर्न आवश्यक छ। सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानमा कीर्तिपुरले नयाँ कीर्तिमान कायम गर्नेछ,' प्रचण्डले भने।

रास्वपाले टुंगो लगायो १७ उम्मेदवार

काठमाडौं/ स्थानीय तहको १६ मंसिरमा हुने उपनिर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीले १७ स्थानमा उम्मेदवारको टुंगो लगाएको छ। बाँकी २७ स्थानको उम्मेदवार चयन प्रक्रियामा छ। पार्टीको विधानको धारा ७१ बमोजिम आकांक्षीबिच प्रारम्भिक निर्वाचन गरेर पार्टीका तर्फबाट आसन्न उपनिर्वाचनमा 'घन्टीवाहक' उम्मेदवार चयन गरिएको कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए।

बुर्लाकोटीका अनुसार रास्वपाले दैलेखको महाबु गाउँपालिका अध्यक्षमा प्रकाशकुमार बुढा, जाजरकोटको नलगाड नगरपालिका उपप्रमुखमा पार्वती पुन, दोलखा गौरीशंकर गाउँपालिका उपाध्यक्षमा गोमा श्रेष्ठ र हुम्लाको सार्केगाड गाउँपालिका उपाध्यक्षमा सुजता फडेरा (थापा)लाई उम्मेदवार बनाएको छ।

वडाध्यक्षतर्फ काठमाडौं महानगरपालिका- १६ मा रोजिना श्रेष्ठ, मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १२ मा आशा वीरबल, ताप्लेजुडको सिरिजंगा- ३ मा देवीप्रसाद पौडेल, तेह्रथुमको लालीगुराँस नगरपालिका- ८ मा सञ्जीव खड्कालाई उम्मेदवार बनाएको छ। सुनसरीको गढी गाउँपालिका- ६ मा शशीकुमार साहु, ओखलढुंगाको मोलुङ गाउँपालिका- ५ मा विष्णुप्रसाद पोखरेल, उदयपुरको त्रियुगा गाउँपालिका- १२ मा ध्रुवप्रसाद पोखरेल, बेलका नगरपालिका- ८ मा तेजमान विश्वकर्मा, धनुषा धनुषाधाम नगरपालिका- १ मा पुरुषोत्तम यादव, महोत्तरी रामगोपालपुर नगरपालिका- २ मा राजेशकुमार शर्मा, गुल्मीको मुसिकोट नगरपालिका- १ मा विकास थापा, दैलेखको दुल्लु नगरपालिका- १३ मा रामबहादुर शाही, कञ्चनपुरको भीमदत्त नगरपालिका- ६ मा रामदत्त भट्ट उम्मेदवार बनेका छन्। रास्वपाले सभापति रवि लामिछाने हिरासतमा रहेकाले उपनिर्वाचनमा भाग लिन पार्टीका तर्फबाट मनोनयन गरिने उम्मेदवारको मनोनयनको औपचारिक पत्र प्रदान गर्ने अधिकार कार्यवाहक महामन्त्री बुर्लाकोटीलाई दिने निर्णय गरेको छ।

राप्रपामा पनि १७ उम्मेदवारको टुंगो

काठमाडौं/ राप्रपाले आगामी १६ मा हुने स्थानीय तह उपनिर्वाचन सबै ठाउँमा उमेदवारी दिने भइको छ। कसैसँग तालमेल नगर्ने नीति लिएको राप्रपाले अधिकांश उम्मेदवार टुंगो लगाएको छ। हालसम्म कोशी प्रदेशमा झापाको कन्काई नगरपालिका-६ नारायणप्रसाद निरौला, सुनसरीको गढी गाउँपालिका-६ कविताकुमारी उराव, तेह्रथुमको लालीगुराँस नगरपालिका- ८ मा रत्नबहादुर श्रीपाली र ओखलढुंगाको मोलुङ गाउँपालिका-५ मा चन्द्रमणि दाहाललाई उम्मेदवार बनाएको छ।

मधेशमा सप्तरीको डाक्नेश्वर नगरपालिका-१ मा सतिषकुमार चौधरी र सप्तरीको डाक्नेश्वरी नगरपालिका-४ मा रामकुमार यादव, बागमती प्रदेशमा काठमाडौं महानगर-१६ मा श्यामकृष्ण श्रेष्ठ, दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षमा मनकुमारी श्रेष्ठ, काठमाडौंको कीर्तिपुर नगरपालिका प्रमुखमा ध्रुव महर्जन, कीर्तिपुर-१ मा सुरेन्द्र उप्रेती, कीर्तिपुर-४ मा बिजेश बस्नेत र मकवानपुरको हेटौंडा उपमहानगर-१२ मा प्रेम लामा भ्लोनलाई उम्मेदवार बनाएको छ।

लुम्बिनी प्रदेशमा गुल्मीको मुसीकोट गाउँपालिका-१ मा ईश्वरी खाती, रोल्पाको रुन्टीगढी गाउँपालिका-४ मा पहलबहादुर वली र कपिलवस्तुको शुद्धोधन नगरपालिका-१ मा इम्तियाज अहमद, कर्णालीमा कालीकोटको तिलागुफा नगरपालिका- ४ मा जुद्धबहादुर शाही र सुदुरपश्चिममा बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्षान सुनादेवी थापालाई उम्मेदवार बनाएको छ।

पृष्ठ ४ बाट क्रमश:

१४०. झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. २) स्थित कित्ता नं.३०८६ र ४२८६ को क्षेत्रफल क्रमश: १-४-१६-० र ०-२-२-० (विगाह)को जग्गा ।
१४१. झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. २/२ख (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा र झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमश: ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा ।
१४२. झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ३ (हाल मेचीनगर न.पा. वडा नं. १०) स्थित कित्ता नं.४६६ र ४६४ को क्षेत्रफल क्रमश: ४७.२६ र २९१.३६ (ब.मि.)को जग्गा ।
१४३. पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ५ग (हाल फिदिम न.पा. वडा नं.४) स्थित कित्ता नं. १५३ को क्षेत्रफल ५-५-२-३ (रोपनी) को जग्गा ।
१४४. सप्तरी जिल्ला, भरुवाखाल गा.वि.स. वडा नं. ३/ख (हाल सप्तकोशी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०१३ को क्षेत्रफल ०-०-१० (विगाहा) को घरजग्गा ।
१४५. चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. २ख (हाल भरतपुर म.न.पा.वडा नं. १८) स्थित कित्ता नं. ४८६ को क्षेत्रफल ०-१-१२-० (विगाहा) को जग्गा ।
१४६. बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा ।
१४७. बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा ।
१४८. काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल: तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
१४९. भक्तपुर जिल्ला, कठुन्जे गा.वि.स. वडा नं ०८/०८क (हाल: सूर्यविनायक न.पा. वडा नं. ०६) स्थित कित्ता नं. ५७० को क्षेत्रफल १२७.१६ (ब.मि) को घरजग्गा ।
१५०. मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १९९८ को क्षेत्रफल ०-०-११-० (विगाह) को जग्गा ।
१५१. मोरङ जिल्ला, हरैंचा न.पा. वडा नं. ९घ स्थित कित्ता नं. ७४९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
१५२. मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
१५३. मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं.८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाह) को जग्गा ।
१५४. तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमश: ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा ।
१५५. सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा ।
१५६. सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-०(विगाहा) को घरजग्गा ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

Shivapuri Rural Municipality
Office of the Rural Municipal Executive
Sherabagar,Nuwakot
Bagamati Provience, Nepal

Invitation Bids for the Procurement of Medicine and Surgical Iteams

(Date of First publication: 2081/07/29 B.S.)

Shivapuri Rural Munucipality,Nuwakot invites electronic bids only from Nepalese eligible bidders for the Procurement of Project as mentioned below. Eligible Bidders may obtain all further information from PPMO's website http://www.bolpatra.gov.np/egp.

S.N.	Contract Id	Name of Project	Bid Security Amount(NRs)	Bid doc fee NRs
1	SRM/SQ/GOODS/ 081-082/01	Procurement of Medicine and Surgical Iteams	50,000.00 (Fifty Thousand Only)	1000.00

Chief Administrative Officer

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय, हेटौंडा मकवानपुर

बागमती प्रदेश भित्र सञ्चालन भएका सामुदायिक क्याम्पसहरूले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२९

शिक्षा विकास निर्देशनालयको आ व २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुलाई सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रति क्याम्पस रु पाँच लाख मात्र अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा **सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** को दफा ४ बमोजिमको शर्त पुरा गर्ने गरी बागमती प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सोही अनुसूची बमोजिम संलग्न राख्नुपर्ने कागजातहरु सहित शिक्षा विकास निर्देशनालय बागमती प्रदेश, हेटौडामा पेश गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ वेवसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।

महानिर्देशक

एमालेको जागरण अभियान किन ?

संविधानको जगेर्ना गर्न र नेपाली जनतामा क्रान्तिकारी आशावाद जगाउन हामीले अहिलेको समीकरण बनाएका हौँ



● योगेश भट्टराई

अग्रलेख

०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेपछि सरकार गठनका अनेक विकल्पमा छलफल हुँदै गयो। धारा ७६ (१), ७६ (२), ७६ (३) र ७६ (५) गरी सरकार गठनका चार विकल्प छन्। कुनै पनि दलको बहुमत नआएकाले ७६ (१) को सरकार बन्ने अवस्था थिएन। ७६ (२) ले दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बन्ने विकल्प दिएको छ। सुरुमा एमालेविरुद्ध गठबन्धन गरेर चुनाव लडेका कांग्रेस, माओवादी, समाजवादीलगायत दल मिलेर सरकार बनाउलान् भन्ने सोच एमालेको थियो। सरकार बनाउने विषयमा सुरुमा हाम्रो सक्रियता थिएन। जब कांग्रेस र माओवादी दुवैले आआफ्नै नेतृत्वमा सरकार बनाउन खोजेपछि सो गठबन्धनबाट सरकार बन्ने अवस्था भएन। चुनावअघिको गठबन्धन टुट्यो र एमालेको समर्थन लिन माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आउनुभयो। मुलुकलाई सरकारविहीनताको अवस्थामा राख्न हुन्न भनेर ७६ (२) को सरकार बनाउने सन्दर्भमा हामीले प्रचण्डलाई समर्थन गर्‍यौँ। यदि, हामीले समर्थन नगरेको भए ७६ (३) अन्तर्गत सबैभन्दा ठुलो दलका नेताको नेतृत्वमा सरकार बन्ने थियो। तर, उक्त सरकारले विश्वासको मत प्राप्त गर्ने स्थिति थिएन। अस्थिर खेलमा जानुहुँदैन भनेर एमालेले प्रचण्डलाई त्यतिवेला समर्थन गरेको हो। सरकार बन्दै गर्दा राज्यका निकायमा शक्तिको बाँडफाँड कसरी गर्ने भन्ने सन्दर्भमा हाम्रा केही सहमति भएका थिए। त्यसमा प्रधानमन्त्री माओवादीबाट र एमालेले प्रस्तावित गरेको राष्ट्रपति हुने सहमति थियो। तर, राष्ट्रपति निर्वाचनमा पुग्दा प्रचण्डले त्यो सम्झौता भंग गरेर कांग्रेसका उम्मेदवारलाई सहयोग गर्नुभयो। त्यस्तो अवस्थामा एमाले र माओवादीको समीकरण रहने सम्भावना भएन। हामी त्यो समीकरणबाट बाहिरियौँ।

त्यसपछि सरकारतिर त्यति ध्यान नदिने, संसद्मा आफ्नो भूमिका खेल्ने र पार्टीलाई सुदृढ गर्दै आगामी ०८४ को निर्वाचनमा बहुमत प्राप्त गर्ने गरी जानुपर्छ भनेर हामीले केन्द्रीय कमिटीबाट 'मिसन ८४' पास गरेर अगाडि बढ्यौँ। तर, कांग्रेस र माओवादीको सरकार पनि राम्रोसित चलेन। उहाँहरूबिच अविश्वास पैदा हुन थाल्यो। त्यस्तो अवस्थामा फेरि प्रचण्डले हाम्रो समर्थन खोज्नुभयो। हामीले विगतका कमी-कमजोरीको समीक्षा गर्दै अब लामो समयसम्मै प्रचण्डको नेतृत्वमा सरकार जाओस् भनेरै सहयोग गर्‍यौँ। त्यो सरकार अगाडि बढ्दै जाँदा मूलतः सरकार सञ्चालनका सन्दर्भमा प्रचण्डले कतिपय महत्त्वपूर्ण विषयमा हाम्रो पार्टीसँग राय, छलफल, सल्लाह गर्नुपर्ने जुन आवश्यकता थियो, त्यो गर्न छोड्दै जानुभयो। उहाँले कतिपय महत्त्वपूर्ण निर्णय आफूखुसी गर्न थाल्नुभयो। र, अन्तिमतिर जाँदा राष्ट्रिय सहमतिको सरकारका नाममा एमालेलाई सरकारबाट बाहिर निकालेर कांग्रेसलाई सम्मिलित गरेर फेरि आफैँ प्रधानमन्त्री बन्ने गरी धारणा राख्न थाल्नुभयो।

त्यस्तो अवस्थामा देशभरका बुद्धिजीवी, आमजनसमुदाय र अन्तर्राष्ट्रिय समुदायबाट पनि हामीलाई के सुझाव आइराखेको थियो भने अब तेस्रो दल, चौथो दललाई नेतृत्व दिएर यो मुलुक अगाडि जाँदैन। कांग्रेस र एमालेमध्ये एक दलले नेतृत्व लिनुपर्छ। मुलुकलाई सही ट्र्याकमा फर्काउन एकपटक एमाले र कांग्रेसले मिलेर सरकार चलाउनुपर्छ भन्ने चौतर्फी सुझाव आए। त्यस पृष्ठभूमिमा हाम्रो नेतृत्वबाट कांग्रेससँग कुराकानी हुँदै जाँदा संसद्को बाँकी अवधिका लागि एमाले र कांग्रेसबिच राजनीतिक समीकरण बनाऔँ, सरकार निर्माण गरौँ र अगाडि बढौँ भन्ने सहमति भयो र हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्यो।



सरकारका चार महिना : यो सरकार गठन भएको करिब चार महिना बितेको छ। यस अवधिमा थुप्रै उपलब्धि हुनुपर्थ्यो भन्ने जनअपेक्षा छन्। स्वाभाविक रूपमा लामो इतिहास बोकेका मुलुकका दुई ठुला पार्टी जसले संविधान निर्माण गरे, लोकतन्त्र स्थापनाका निम्ति भूमिका खेले, ती दल एक ठाउँमा आइसकेपछि मुलुकमा सकारात्मक परिवर्तनको अपेक्षा गर्नु गलत होइन। चार महिनाको अवधिमा सरकारले केही सकारात्मक दिशा लिएकै छ। मूलतः यो सरकार गलत बाटोमा छैन। मुख्य कुरा, यसले जुन बाटो समातेको छ, यो गलत छैन। सरकार सही बाटामै छ। यो सरकार बनेपछि आमजनतामा आत्मविश्वास पैदा भएको छ। अन्तर्राष्ट्रिय समुदायले नेपाललाई विश्वासिलो ढंगले हेर्न थालेको छ। लामो समयदेखि पेन्डिङमा रहेको शान्ति प्रक्रियासँग सम्बन्धित विधेयक संसद्बाट पास भएको छ। अब सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गरेर शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने दिशामा हामी अगाडि बढिसकेका छौँ। अर्थतन्त्रमा केही सुधारका संकेत देखा परेका छन्। सहकारी ठगीसँग सम्बन्धित थुप्रै कारबाहीका प्रक्रिया अगाडि बढेका छन्। सुशासनका सन्दर्भमा भ्रष्टाचार नियन्त्रण गर्ने गरी सरकारले कुनै राजनीतिक पूर्वाग्रहविना आफ्ना कदम अगाडि बढाएको छ। चाहे एमालेसम्बद्ध व्यक्ति हुन्, चाहे कांग्रेससम्बद्ध वा अन्य कुनै पार्टीसम्बद्ध व्यक्ति नै किन नहुन्, कसैले गलत गरेका छन् भने तिनलाई कानुनी कारबाहीको प्रक्रिया सरकारले अगाडि बढाएको छ। यसरी सुशासनको प्रत्याभूति दिने सवालमा पनि सरकार एक हदसम्म अगाडि बढेको छ। तर, यतिले मात्रै पुग्दैन। मुलुकले अझै धेरै परिवर्तन/रूपान्तरण खोजेको छ। यसमा दुवै सरकार, अहिले ओली नेतृत्वको सरकार र यसपछि शेरबहादुर देउवाको नेतृत्वमा बन्ने सरकारलाई असफल हुने र पछाडि हट्ने छुट छैन। यो सरकारसँग अगाडि बढ्ने बाटो मात्र छ।

अराजकतावादीप्रति सचेत बनौँ : विगत केही वर्षदेखि मुलुकमा अराजकतावादी गतिविधि तीव्र ढंगले अगाडि बढेको देखिन्छ। संसद्मा कुनै पनि पार्टीको बहुमत नआउनु, संसद्ले राम्रोसित कामकारबाही अगाडि बढाउन नसक्नु र सरकार प्रभावकारी हुन नसक्नुले अराजकतावादीले त्यो 'स्पेस' प्राप्त गरे। जसले गर्दा कोही धार्मिक, कोही जातीय, कोही सहकारी ठगीको हिसाबले अराजकतावादी देखिएका छन्। केहीमा वित्तीय अराजकतावाद देखियो। यसमा देशभित्रका कतिपय राजनीतिक शक्तिको हात छ भने कतिपय अन्तर्राष्ट्रिय शक्तिको पनि हात देखिन्छ। नेपाललाई प्रयोगशाला बनाउने र जहिले पनि अस्थिरताको चक्रव्यूहमा फसाइरहने कतिपय अन्तर्राष्ट्रिय शक्तिहरूको षड्यन्त्र छ भन्ने हामीलाई लाग्छ। यो अराजकतावादले मुख्य निसाना एमाले र प्रधानमन्त्री ओलीलाई बनाएको छ। जो बलियो छ, जसले अराजकतावादलाई मौलाउन दिँदैन, जसले अराजकतावादसँग सम्झौता गर्दैन, त्यस्तो शक्तिमाथि नै अराजकतावादीले निसाना लगाउँछन्। र, अहिलेको सन्दर्भमा एमाले र प्रधानमन्त्री ओली नै अराजकतावादसँग प्रखर ढंगले लडिरहेको अवस्था हो। यो अराजकतावादले संविधान फाल्ने कुरा गर्छ, व्यवस्था पल्टाउने कुरा गर्छ। संविधान र व्यवस्थाको रक्षा गर्ने सन्दर्भमा सबभन्दा अग्रभागमा एमाले छ र प्रधानमन्त्री हुनुहुन्छ। त्यसकारण एमाले र प्रधानमन्त्री ओलीमाथि प्रहार भइरहेको छ।

अर्कोतिर अराजकतावादीले देशभित्र जातीय र साम्प्रदायिक विद्वेष भड्काउन खोजिराखेका छन्। कसैले हिन्दु अराजकतावादलाई अघि बढाएका छन्। कतिपय अल्पसंख्यक, कतिपय जातीय अराजकतावाद देखिन्छ। यो देशलाई जातीय र धार्मिक द्वन्द्वमा फस्न नदिन जातीय, धार्मिक सद्भावसहित नेपालको राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्छ भन्नेमा सबभन्दा प्रस्ट एमाले छ र प्रधानमन्त्री ओली हुनुहुन्छ। आमजनतालाई अहिलेको अवस्थाबारे सुसूचित गर्नुपर्ने आवश्यकता छ। अहिलेको परिस्थिति के हो भनेर बुझाउनुपर्नेछ। कांग्रेस र एमालेको सत्तासमीकरण किन भएको भनेर बुझाउनु आवश्यक छ। सहकारी ठगीविरुद्धको कामकारबाही कहाँ पुग्यो भनेर बुझाउनुपर्नेछ। भ्रष्टाचार र सुशासनका सन्दर्भमा सरकार र पार्टीको प्रतिबद्धता के छ भन्ने पनि बुझाउन आवश्यक छ। र, आम नेपाली जनतामा यो संविधान, व्यवस्थाप्रति अपनत्व कायम गराउनुपर्ने आवश्यकता पनि छ। त्यसकारण हाम्रो पार्टीले अब देशभर नै जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। त्यही सिलसिलामा हामी आगामी ७ मंसिरमा काठमाडौँमा जागरण सभा गर्दै छौँ। १६ मंसिरको उपनिर्वाचनलाई पनि लक्षित गरेर काठमाडौँमा जागरण सभा आयोजना गरिएको हो। ४४ वटा स्थानमा १६ मंसिरमा स्थानीय तह उपनिर्वाचन हुँदै छ। यो उपनिर्वाचनमा मूलतः एमाले र कांग्रेसकै बिचमा प्रतिस्पर्धा हुनेछ। कांग्रेस र एमाले दुवैले कसैसँग सहकार्य नगर्ने नीति लिएका छन्। एमालेले आफ्ना सम्पूर्ण उम्मेदवार घोषणा गरिसकेको छ।

> सरकारको नेतृत्व गरेको पार्टीको जागरण अभियान कुनै आन्दोलन वा संघर्ष होइन। यो विशुद्ध जागरणका लागि आयोजित अभियान हो। यो कुनै व्यक्ति, समूहप्रति होइन, मूलतः अराजकतावादी प्रवृत्तिविरुद्ध लक्षित छ। यसले देशैभरि जागरण पैदा गर्छ।

क्रमशः देशभरि नै जागरण सभा गरेर देशको राष्ट्रियता, सार्वभौमिकता, जातीय र साम्प्रदायिक एकता, संविधान, व्यवस्थाका पक्षमा नेपाली जनतालाई अझै संगठित गर्ने, एकताबद्ध गर्ने र नेपाल राष्ट्र र नेपाली जनताविरुद्ध भएका षड्यन्त्रलाई भण्डाफोर गर्ने र त्यस्ता शक्तिलाई निश्चित गर्नुपर्नेछ। सरकारको नेतृत्व गरेको पार्टीले किन जागरण अभियान भन्ने प्रश्न पनि हुन सक्छ। यो कुनै आन्दोलन वा संघर्ष होइन। यो एउटा जागरणका लागि आयोजित अभियान हो। अर्को कुरा, यो कुनै व्यक्ति, समूहप्रति होइन, मूलतः अराजकतावादी प्रवृत्तिविरुद्ध लक्षित छ। यसले देशभरि नै जागरण पैदा गर्छ।

कांग्रेस–एमाले सत्तासहकार्य ०८४ सम्मै : हामी दुई ठुला दलले सरकार चलाइरहँदा आमजनताको अपनत्व बढ्दै जाओस् भन्ने पनि हो। कतिपयले सडकमा हल्ला गरिरहेका छन्- यो सरकार आजै ढल्छ, भोलि नै ढल्छ। यद्यपि, त्यसको कुनै संसदीय र वैधानिक आधार छैन। यो सरकार बलियो संसदीय जग र संवैधानिक आधारमा बनेको र अडिएको छ। त्यसकारण यो सरकार ढल्ने सम्भावना छैन। तर, यस्तो हौवा पिटाएर कर्मचारी, सुरक्षाकर्मी र राज्यका निकायको मानसिकतालाई खलबल्याइदिने, व्यापारी, व्यवसायीलाई हतोत्साही गर्ने खालका प्रवृत्ति देखा परेको सन्दर्भमा हामीले एमाले र कांग्रेसको संयन्त्रसमेत बनाएका छौँ। हामी ०८४ सम्म सँगै जान्छौँ भन्ने आधारलाई प्रस्ट गर्न र सरकार सञ्चालनका सन्दर्भमा दुई पार्टीबिच कुनै विवाद आए त्यसलाई पनि ठिक ढंगले समाधान गर्न केन्द्र हुँदै प्रदेशदेखि जिल्लासम्म दुई पार्टीको संयन्त्र बनाउने निर्णय गरेका छौँ। यो संयन्त्रले सरकार सञ्चालन र अन्य कतिपय 'इस्यु'मा जहाँ हामीले साझा धारणा बनाउनुपर्ने हुन्छ, त्यस काममा सहयोग पनि पुर्‍याउँछ। एमाले र कांग्रेसको समीकरण ०८४ को निर्वाचनसम्मका लागि हो। ०८४ को निर्वाचनमा एमाले र कांग्रेस अलग-अलग लड्नेछन्। यी पार्टीले कसैसँग समीकरण गर्नेछैनन्। यी दुई पार्टी मूलतः नेपालको राष्ट्रिय राजनीतिका दुई धारलाई प्रतिनिधित्व गर्ने राजनीतिक शक्ति हुन्। एमालेले वामपन्थी, समाजवादी र लोकतान्त्रिक कित्ताको प्रतिनिधित्व गर्छ भने कांग्रेसले उदारवादी लोकतन्त्रवादी कित्ताको प्रतिनिधित्व गर्छ। त्यसकारण यी दुई नै मूलतः नेपाली राजनीतिका प्रतिस्पर्धी पार्टी हुन्। प्रतिस्पर्धी पार्टी हुँदाहुँदै पनि कहिलेकाहीँ मुलुकको आवश्यकताले सहकार्य गर्नुपर्ने परिस्थिति पैदा हुन्छ।

जुन विगतमा पनि हामीले पटक-पटक गर्दै आएका छौँ। ००६, ०४६, ०६२/०६३ को क्रान्तिदेखि ०४७ को संविधान बनाउँदा, माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउँदा, माओवादीलाई समेत राखेर संविधान निर्माणका साथै भूकम्पपछिको पुनर्निर्माणलगायत राष्ट्रिय महत्त्वका मुद्दामा काम गर्दा एमाले र कांग्रेसले सहकार्य गरेको इतिहास छ। आज फेरि मुलुक राजनीतिक संकटबाट गुज्रिरहेको अवस्थामा त्यो संकट समाधानका निम्ति मुलुकलाई असफल राष्ट्र हुन नदिन, व्यवस्था र संविधानको जगेर्ना गर्न र नेपाली जनतामा क्रान्तिकारी आशावाद जगाउन हामीले यो समीकरण बनाएका हौँ। र, यो समीकरणलाई ०८४ सम्म सहज ढंगले अगाडि बढाउन नै हामीले संयन्त्र बनाएका हौँ। र, फेरि पनि म स्पष्ट गर्न चाहन्छु कि हामी प्रतिस्पर्धी शक्ति हौँ। लोकतन्त्रमा बलियो प्रतिपक्ष र बलियो सत्तापक्ष पनि हुनुपर्छ। त्यो हुने सम्भावना बोकेका पार्टी भनेका कांग्रेस र एमाले नै हुन्। ०८४ को निर्वाचनपछि एउटा पार्टी सरकारमा हुनेछ र अर्को प्रतिपक्षमा हुनेछ। हाम्रो विश्वास छ, एमाले सरकारमा र कांग्रेस प्रतिपक्षमा हुनेछ। यसरी नै लोकतन्त्रमा यी दुई पार्टीको प्रतिस्पर्धा र सहकार्य अगाडि बढ्दै जानेछ।

(भट्टराई एमाले सचिव हुन्)

---

३ प्रश्न

बागमती प्रदेशका मुख्यमन्त्री **बहादुरसिंह लामा**लाई



अतिरिक्त आर्थिक भार पर्ने गरी मन्त्रालय किन फुटाउनुभयो ?

ठुलै अतिरिक्त आर्थिक भार पर्ने अवस्था त छैन। पहिले नै विनाविभागीय त दिइएकै थियो। अहिले थप केही कर्मचारीलगायत मात्र व्यवस्था गर्दा हुन्छ। सरकार नै समस्याग्रस्त हुने अवस्था आएकाले बाध्य भई मन्त्रालय फुटाउने काम गर्नुपरेको हो। बागमतीमा अलि बढी नै समस्या पनि रहेछ। फेरि मन्त्रालयको संख्या संघमा जस्तो संविधानले नै किटान गरिदिएको भए सजिलो हुने थियो। संविधानले प्रदेश सभा सदस्यको २० प्रतिशतसम्म भनेकाले पनि यो समस्या आएको हो। संविधानले छुट दिएपछि मान्छे नै हो, उसले त्यसको लाभ लिन खोजिहाल्दो रहेछ।

यसले प्रदेश संरचनाप्रतिको वितृष्णालाई झनै बढाउँदैन ?

सामान्यतः प्रदेशलाई धेरै खर्चालु भयो भन्ने गरिन्छ। पहिलेपहिले मलाई पनि त्यस्तै लाग्थ्यो। तर, यहाँ आएर प्रत्यक्ष हेरिसकेपछि थाहा भयो, सातवटा प्रदेशको खर्च संघको एउटा मन्त्रालयको भन्दा पनि कम रहेछ। तर, काम भने प्रदेशमातहत धेरै भइरहेका छन्। अहिलेसम्म ठोस योजना र दीर्घकालीन सोच राखेर काम नगरिएको हुनाले 'आउटपुट' नहुने ठाउँमा पनि लगानी भयो। तर, समग्रमा 'भिजिनरी मास्टर प्लान' बनाएर काम गर्ने हो भने प्रदेशबाट धेरै काम हुन सक्छन् र पछिल्लो समयमा भइरहेका पनि छन्। स्वास्थ्य र शिक्षामा निकै सुधार भएका छन्। सडक, पुल, खानेपानीलगायत पूर्वाधारमा निकै राम्रो भइरहेको छ। यस्तोमा सानातिना विषयले प्रदेशप्रति नै वितृष्णा बढाउला जस्तो लाग्दैन।

मन्त्रालय फुटाउनै नपर्ने अवस्था सिर्जना गर्न सकिन्न ?

अहिले संविधान संशोधनको मुद्दा चर्चामा छ। संविधान नै संशोधन गरेर मन्त्रालयको संख्या सीमित गरिदिने हो भने कसैले पनि त्यसलाई बढाउन सक्दैन। अन्यथा, यसै भन्न सकिँदैन।

प्रेरक प्रसंग

सपनाको घर

सहरदेखि टाढाको एकान्त गाउँमा प्रशस्त जमिन र सुन्दर घरका मालिक एक सम्पन्न किसान बस्थे। तैपनि, उनी आफ्नो घर र जमिनदेखि खुसी थिएनन्। एक दिन उनले आफ्नो घरजग्गा बेचेर कुनै राम्रो स्थानमा आफ्नो सपनाको घर बनाउने निश्चय गरे। अर्को दिन उनले एक परिचित रियल स्टेट एजेन्टलाई बोलाएर भने- म यो ठाउँ जसरी पनि छोड्न चाहन्छु। यसो कोही ग्राहक खोजिदिनुपर्‍यो। एजेन्टले सोधे- किन ? के भयो र यहाँ ? किसानले दिक्क हुँदै भने- के मात्र भएन भन्नु र खोइ ? यो कच्ची धुले सडक हेर। यो सानो झरना हेर। यसले गर्दा पूरै घुमेर यात्रा गर्नुपर्छ। यी सानासाना पहाडमा पशुचौपायालाई चराउन सकस हुन्छ। यो बगैँचा हेर न, आधा दिन त यसैको सरसफाइमा बित्छ। यस्तो बेकारको सम्पत्ति च्यापेर के काम ? एजेन्टले पूरै घुमेर जमिन र घर राम्ररी हेरेर भने- ठिक छ, कोही ग्राहक भेटेपछि म लिएर आउँछु। केही दिनपछि किसान बिहानको पत्रिकामा कुनै राम्रो जमिन र घरको विज्ञापन छ कि भनेर खोज्दै थिए। नभन्दै उनले आफूले सोचेजस्तै जमिन र घरको आकर्षक विज्ञापन देखे। विज्ञापन पढेर उनले मनमनै भने- आहा ! यस्तो ठाउँमा बस्न पाए क्या आनन्द हुँदो हो। विज्ञापनमा भनिएको थियो- सुन्दर, शान्त र मनोरम स्थानमा सपनाको घर लिनुहोस्। प्राकृतिक सौन्दर्यले भरिपूर्ण, झरना र पहाडहरूको बिचमा सहरको भिडभाड र कोलाहलदेखि थोरै टाढाको घर किन्नुहोस् र बाँकी जीवन आरामले बिताउनुहोस्।

किसानले पटक-पटक दोहोर्‍याएर विज्ञापन पढे। उनको सपनाको जमिन र घर यस्तै थियो। उनी यस्तै स्थानमा बस्न चाहन्थे। उनी यो जमिन जसरी पनि किन्न चाहन्थे। तर, जतिपटक उनले दोहोर्‍याएर विज्ञापन पढे, त्यति नै पटक त्यो कतै आफ्नै जमिनको विज्ञापन त होइन भन्ने आशंका उनमा बढ्दै गयो। उनले यथार्थ बुझ्न दिइएको नम्बरमा फोन गरे। नभन्दै त्यो उनैको जमिनको विज्ञापन थियो। तब किसानलाई आफूले चाहेजस्तो सपनाको घर त आफ्नै पो रहेछ भन्ने महसुस भयो। उनले आफ्नो घर नबेच्ने निर्णयसाथ एजेन्टलाई विज्ञापन हटाउन अनुरोध गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रधानमन्त्रीलाई प्रश्न

प्रधानमन्त्रीज्यू, मन्त्रीहरूलाई विभागीय जिम्मेवारी दिन मन्त्रालय फुटाएर संख्या बढाउनुपर्ने अवस्था आउनु निन्दनीय छैन ? देशभरि जनतालाई सेवा प्रवाह गरिरहेका कर्मचारीलाई २५ पैसा पनि तलब बढाउन सक्ने स्थिति छैन भने प्रधानमन्त्रीले यसरी मन्त्रालय फुटाउँदा राज्यकोषमा कति आर्थिक भार थपिएला ? के तपाईंको टिममा यसको हिसाबकिताब गर्न सक्ने कोही छैन ? बागमती प्रदेशमा नयाँ मन्त्रालय थपेर मन्त्रीको जिम्मेवारी सुनिश्चित गरिन्छ, तर के त्यसैगरी राज्यको कार्यक्षमतामा सुधार ल्याउने कुनै सोच बनाइएको छ ? जनताको करमा चलिरहेको यस सरकारका लागि के जनताको हितभन्दा सत्तासुख र राजनीतिक गठजोड नै प्राथमिकता हो ?

● **पुरुषोत्तम नेपाल**, सिन्धुपाल्चोक
nepalpurushotam09@gmail.com

मन्त्रालय फुटाउनै नपाउने गर

नेताहरूले पुर्ख्यौली सम्पत्तिजस्तै गरी सत्तामा भागबन्डा लगाउँदा मन्त्रालयको संख्या बढेकोबढ्यै छ। संघमा संविधानले २५ भन्दा बढी बनाउन नपाउने बार लगाएको हुनाले यहाँ त्यति नै मन्त्रालयले चलिरहेको छ भने बागमती प्रदेशमा चाहिँ दलहरूले सत्ता टिकाउन मन्त्रालय फुटाएकोफुटायै गरी १४ पुर्‍याइसके। यो राज्यकोषको चरम दोहन हो। यसलाई तत्काल रोक्नुपर्छ। यसका लागि संविधानमै मन्त्रालयको संख्या तोकी भविष्यमा कुनै हालतमा मन्त्रालय फुटाउन नपाउने व्यवस्था गरिनुपर्छ।

● **कुसुम मल्ल**
बालकुमारी, ललितपुर

प्रशासन सेवालाई भद्रगोल नबनाऊ

'भद्रगोल बन्दै प्रशासन सेवा' शीर्षकमा मेघराज शंकरद्वारा लिखित लेखले भनेजस्तै हाम्रो प्रशासन सेवा राजनीतिक र प्रशासनिक नेतृत्वकै कारण निकै गिजोलिएको छ। यसलाई सबैले सकेसम्म गिजोलेर भद्रगोल बनाएका छन्। यसका लागि राजनीतिक नेतृत्वमा पुग्ने नेता र स्वयं निजामती प्रशासनका उच्च तहका अधिकारी जिम्मेवार छन्। झन् पछिल्लो समयमा जुनसुकै सेवाका कर्मचारीलाई पनि प्रशासन सेवामा ल्याउन सक्ने किसिमको सर्वोच्चको आदेशपछि यो सेवा झनै भद्रगोल बन्ने देखिन्छ।

● **मृणाली यादव**
जनकपुरधाम, धनुषा

दोहोरो मापदण्ड किन ?

कांग्रेस नेता धनराज गुरुङको सहकारी ठगी प्रकरणमा संलग्नताबारे सार्वजनिक भएको ६ महिना बित्न लागेपछि बल्ल प्रहरीले उनको बयान लिएको छ। सामान्य नागरिक वा विपक्षी दलसम्बद्ध नेता भएको भए सरकारले उहिल्यै पक्राउ गरिसक्ने थियो। कुनै पनि सरकारको वैधता र विश्वास केवल संसद्को गणितले मात्र तय गर्दैन, त्यसमा जनताको भरोसा पनि हुनुपर्छ, देखिनुपर्छ। त्यसका लागि हरेक सरकारले आफू निष्पक्ष भएको र पूर्वाग्रह राखेर काम नगरेको भनेर जनतालाई विश्वास दिलाउन सक्नुपर्छ। जुन दिन सरकारप्रति जनताको भरोसा टुट्छ, त्यसै दिनदेखि सरकार नाम मात्रको रहन्छ।

पछिल्लो समयमा सहकारी प्रकरणमा वर्तमान सरकारले समान व्यवहार नगरेको आभास जनतामा भएको छ। एउटै कसुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई पक्राउ गरी अदालतमा बुझाएको सरकारले सत्तासँग गाँसिएकै आधारमा कांग्रेस उपसभापति धनराज गुरुङलाई भने यति लामो समयसम्म उन्मुक्ति दिनु गलत छ। रविलाई पक्राउ गर्ने सरकारले गुरुङलाई किन र कसरी उन्मुक्ति दियो ? के यस प्रश्नको जवाफ सरकारले दिनुपर्दैन ? रवि र धनराजको सहकारी ठगीको संलग्नतामा फरक के छ ? दुवैमाथि सहकारीको रकम अपचलनको आरोप लागेको छ। दुवै सांसद हुन्। अनि एउटालाई चाहिँ पक्राउ गर्ने र अर्कालाई चाहिँ छाती फुलाएर हिँड्न दिने ? एउटै प्रकरणमा एकै किसिमको संलग्नता हुँदाहुँदै पनि दोहोरो मापदण्ड किन सरकार ? के तिमी आफैँ जनताको नजरमा गिर्न चाहन्छौ हो ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के होला जलवायु मामिलामा ट्रम्पको रवैया ?

वायु र सौर्य ऊर्जाको आलोचनाका बाबजुद कोइला–ग्यासभन्दा तटवर्ती हावा र सौर्य ऊर्जा अधिक लागत–प्रभावी देखिन्छ



देश / विदेश

● गौतम जैन

अमेरिकाले नयाँ ट्रम्प प्रशासनलाई कुरिरहेको छ र आगामी राष्ट्रपतिका लागि जलवायु नीतिमा परिवर्तन एक स्पष्ट लक्ष्य हो। उसो त ट्रम्पले औपचारिक जलवायु योजना प्रकाशित गरेका छैनन्। तर, उनको अघिल्लो कार्यकालमा भएका काम र स्वच्छ ऊर्जालाई लिएर उनको लगातारको आलोचनाले के निम्तिने हो भन्ने स्पष्ट छ।

पेरिस जलवायु सम्झौताबाट बाहिरिँदै : सन् २०१७ मा राष्ट्रपति भएको ६ महिना नबित्दै ट्रम्प पेरिस जलवायु सम्झौताबाट बाहिरिएका थिए। जलवायु परिवर्तनलाई नियन्त्रण गर्न सन् २०१५ मा सो सम्झौता भएको थियो। यसपटक सबैभन्दा ठुलो जोखिम भनेको ट्रम्प पेरिस सम्झौतामा मात्रै रोकिनेछैनन्। उनले जलवायु परिवर्तनसम्बन्धी राष्ट्र संघको सन् १९९२ फ्रेमवर्क सन्धि (युएनएफसिसिसी) बाट अमेरिकालाई बाहिर निकाल्ने प्रयास गर्न सक्छन्। स्मरण रहोस्, यो सन्धिले विश्वव्यापी जलवायु संवादलाई रेखांकित गर्छ। सन्धिबाट बाहिरिनुले भविष्यको प्रशासनलाई सन्धिमा पुनः सामेल हुन अत्यन्तै गाह्रो बनाउनेछ, किनभने यसका लागि सिनेटको दुईतिहाइको अनुमोदन आवश्यक पर्नेछ।

यदि अमेरिका सन्धिबाट बाहिरिन्छ भने यसले विश्वव्यापी परिणाम निम्त्याउनेछ। वास्तवमा पेरिस सम्झौता कानुनी प्रवर्तनको सट्टा विश्वास र नेतृत्वमा भर परेको छ, अर्थात् विश्वको सबैभन्दा ठुलो अर्थतन्त्रको अडानले अन्य राष्ट्रको कामकारबाहीलाई प्रभाव पार्नेछ र जलवायु नेतृत्व चीनतर्फ सर्न सक्छ। बाइडेनको नेतृत्वमा विश्वव्यापी स्वच्छ ऊर्जा र जलवायु अनुकूलनका लागि अमेरिकी कोष बढ्यो। अमेरिकी अन्तर्राष्ट्रिय जलवायु वित्त योजनाअन्तर्गत सन् २०२४ मा ११ अर्ब डलर विनियोजन गरिएको थियो। करिब १४ अर्ब डलर इन्टरनेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसनले बाइडेन कार्यकालको पहिलो दुई वर्षमा प्रतिबद्धता जनाएको थियो, जुन ट्रम्पकालमा १२ अर्ब डलर थियो। बाइडेनले राष्ट्र संघको हरित जलवायु कोषमा तीन अर्ब डलर दिने वाचा गरेका थिए। यी प्रयास सम्भवतः ट्रम्पको नयाँ कार्यकालमा उल्टिनेछन्।

स्वच्छ ऊर्जालाई तारो बनाउन सहज हुनेछैन : स्वच्छ ऊर्जा नीतिबाट फिर्ता हुन खोज्दा ट्रम्पले विभिन्न चुनौती सामना गर्न सक्छन्। स्वच्छ ऊर्जामा बाइडेन प्रशासनको महत्त्वपूर्ण लगानी पूर्वाधार, लगानी एवं रोजगार ऐन र मुद्रास्फीति न्यूनीकरण ऐन पूर्वाधार र निर्माण कोषसँग जोडिएको छ र यसलाई दुवै कंग्रेसले पारित गरेका थिए। यी कानुन खारेज गर्न दुवै सदनमा रिपब्लिकन बहुमत आवश्यक पर्छ, जबकि रिपब्लिकनले कंग्रेस र ह्वाइट हाउसलाई नियन्त्रण गरे पनि यसो हुन गाह्रो छ। र, यी कानुनले रिपब्लिकन वर्चस्वका रातो राज्यलाई बढी लाभ हुने देखिएको छ। तेल र ग्यास क्षेत्रमा ट्रम्पका सहयोगीले पनि कार्बन क्याप्चर, उन्नत जैविक इन्धन र हाइड्रोजनको प्रयोग गरेर कर लाभ उठाउँछन्।

मुद्रास्फीति न्यूनीकरण ऐन खारेज हुने सम्भावना नभए पनि सम्भवतः परिमार्जन हुनेछ। ट्रम्पले विद्युतीय सवारी खरिदकर्ताका लागि कर छुट र तेलपाइप प्रदूषणमा इपिए नियम, जसले विद्युतीय वाहनलाई थप किफायती बनाउँछ, त्यसलाई तारो बनाउनेछन्। ट्रम्पले ऊर्जा विभागको ऋण कार्यक्रम कार्यालयलाई पनि सुस्त बनाउन सक्छन्, जसले स्वच्छ ऊर्जा उद्योगलाई महत्त्वपूर्ण रूपमा समर्थन गरेको छ। यो उनको पहिलो कार्यकालको तुलनामा अहिले बढी प्रभावकारी हुनेछ, किनभने मुद्रास्फीति न्यूनीकरण ऐनअन्तर्गत राष्ट्रपति कार्यालयको उधारो क्षमता दुई खर्ब डलरभन्दा बढी भएको छ। हालसम्म यो कोषको करिब एकचौथाइ मात्र प्रयोग भएको छ र जनवरीमा नयाँ प्रशासन सुरु हुनुअघि यसको वितरणलाई तीव्रता दिन जरुरी छ।



तस्बिर : इभान बुची/एपी

उत्खनन बढ्ला त ? : ट्रम्पले जीवाश्म इन्धन उत्पादन विस्तार गर्ने मनसाय व्यक्त गरेका छन् र उद्योगलाई समर्थन गर्न संघीय भूमिमा नियमन हट्नेछ र थप उत्खनन बढ्नेछ। यद्यपि, तेल र ग्यास उत्पादनमा उल्लेखनीय वृद्धिको सम्भावना कम देखिन्छ। मेरिका पहिले नै कच्चा तेलको अग्रणी विश्वव्यापी उत्पादक हो र तेल एवं ग्यास कम्पनीले स्टक बाईब्याक र रेकर्ड-उच्च सेयरधारक लाभांशलाई प्राथमिकता दिइरहेका छन्। अर्थात् नयाँ लगानीमा सीमित चासो राखिरहेका छन्। भविष्यको आकलनले अब तेलको मूल्य घट्ने देखाउँछ, सम्भावित रूपमा कमजोर मागले असर गर्छ। यदि ट्रम्पले सबै आयातमा भन्सार लागू गरे भने उनले आफ्नो पहिलो कार्यकालमा झैँ जीवाश्म इन्धन र उत्सर्जनमा जलवायु नीति फिर्ता गर्न सक्छन्। यसमा नयाँ संघीय मिथेन उत्सर्जन शुल्क हटाउने र हरितगृह ग्यास उत्सर्जनमा कर लगाउने पहिलो अमेरिकी प्रयास समावेश छ। ट्रम्पले नयाँ एलएनजी निर्यात टर्मिनल अनुमोदनलाई समर्थन गर्ने वाचा पनि गरेका छन्, जसलाई बाइडेन प्रशासनले ढिलो गर्ने लक्ष्य राखेको थियो।

स्वच्छ ऊर्जाको भविष्य : ट्रम्पले परमाणु ऊर्जालाई स्वच्छ ऊर्जा स्रोतको रूपमा समर्थन गर्ने सम्भावना छ। वायु र सौर्य ऊर्जाको आलोचनाका बाबजुद कोइला वा ग्यासभन्दा तटवर्ती हावा र उपयोगिता मापन हेर्दा सौर्य ऊर्जा अधिक लागत-प्रभावी भएकाले बजारका कारण नवीकरणीय ऊर्जामा लगानी बढ्ने अपेक्षा गरिएको छ।

पेरिस सम्झौताबाट अमेरिका फिर्ता हुनु र ट्रम्पको नेतृत्वमा नीति एवं नियामक अनिश्चितताले लगानीको गतिलाई कम गर्न सक्छ। उनको आर्थिक नीतिको अनुमानित मुद्रास्फीति प्रभावले यो वर्ष ब्याजदर घटाउने हुँदा केन्द्रीय बैंकबाट अपेक्षित पुँजी लागतको लाभ गुम्न सक्छ। र, तातिरहेको ग्रहले यसलाई झेल्न सक्नेछैन।

(जैन कोलम्बिया विश्वविद्यालयमा ऊर्जा संक्रमण लगानीका वरिष्ठ अनुसन्धाता हुन्)
द कन्भर्सेसनबाट

ट्रम्पका लागि जोखिम बन्न सक्छन् मस्क



● दिनेश नारायनन

दिल्लीस्थित पत्रकार दिनेश नारायनन 'द आरएसएस एन्ड दि मेकिङ अफ द डिप नेसनका लेखक हुन्।

नोभेम्बर ६ मा डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको रूपमा दोस्रो चारवर्षे कार्यकाल सुरक्षित गर्न आवश्यक इलेक्टोरल भोट प्राप्त गरे। ह्वाइट हाउसको बाटो सहज हुनु केही घन्टाअघि नै उनले आफ्नो विजयी भाषण दिए। २५ मिनेटभन्दा लामो त्यस विजय भाषणमा ट्रम्पले अमेरिकालाई एकताबद्ध बनाउने कुरामा जोड दिए। उनले आफ्नो परिवार, प्रचार प्रबन्धक र मतदातालगायतलाई धन्यवाद दिए।

सम्बोधनमा ट्रम्पले एकजना व्यक्तिको अलि जोड दिएर विशेष प्रशंसा गरे। 'हामीसँग एक जना नयाँ स्टार छन्। ती हुन् एलोन,' अर्बपति व्यापारी एलोन मस्कतर्फ इंगित गर्दै ट्रम्पले भने। ट्रम्पले त्यसपछि अर्को चार मिनेट मस्कको स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी स्पेसएक्सको रोबोटले अन्तरिक्षबाट फर्किएको रकेट सफलतापूर्वक समातेको दृश्यको वर्णन गर्न खर्चिए। उनी त्यतिमै रोकिएनन्। उनले मस्कको थप प्रशंसा गर्दै भने, 'उनी एक विशिष्ट प्रतिभा हुन्। हामीले हाम्रा प्रतिभालाई जोगाउनुपर्छ, भलै हामीसँग त्यति धेरै प्रतिभा त छैनन्।'

ट्रम्पको चुनावी अभियानमा मस्कको करोडौँ डलर खर्च

एलन मस्कले राष्ट्रपति निर्वाचनमा ट्रम्पको सक्रिय प्रचारमा १३२ मिलियन डलर खर्च गरे। ट्रम्पले आफूलाई नोकरशाही शुद्धीकरणको अभियन्ता बनाउने धारणा राख्दै आएका छन्। उनले मस्कलाई यस्तो नोकरशाही शुद्धीकरण गर्ने आयोगको नेतृत्व दिने बताउदै आएका थिए, जसलाई उनले अहिले पुरा पनि गरेका छन्। आयोगको मुख्य काम सरकारी खर्च कटौती गर्ने हो। जसअन्तर्गत सम्भावित रूपमा हजारौँ कर्मचारीलाई बर्खास्त गरिने योजना छ। ट्रम्प संघीय कर्मचारीहरूलाई अमेरिकी सरकारको एउटा शाखाभन्दा पनि 'डिप स्टेट' हिस्सा भएको विश्वास गर्छन्, जसले आफ्नै एजेन्डा पछ्याउँछ। शासनको संक्रमणमा सहयोग गरिरहेका उनका एक सहयोगी कास पटेल छन्। उनले ट्रम्प प्रशासनमा सम्भावित पदका लागि मानिसको जाँच गरिरहेका छन्। 'गभर्नमेन्ट ग्याङ्स्टर्सः द डिप स्टेट, द ट्रुथ एन्ड द ब्याटल फर आवर डेमोक्रेसी' नामक पुस्तक लेखेका पटेल आफैँ ट्रम्पको मुख्य भिजनरी व्यक्ति बन्न खोजेका छन्।

ठुला प्रविधिसँग बाइडेनको टकराव

ट्रम्पको विजयलाई अमेरिकी राजनीतिक इतिहासमा सबैभन्दा उल्लेखनीय पुनरागमनका रूपमा हेरिएको छ। उनको जित यस्तो महत्त्वपूर्ण घडीमा भएको छ, जतिवेला 'बिग टेक(ठुला प्रविधि उद्योग)' अमेरिकी सरकार (यस सन्दर्भमा जो बाइडेनको कार्यकाल)सँग लडिरहेको छ। राष्ट्रपति बाइडेनका विश्वासपात्र तथा संघीय व्यापार आयोग (एफटिसी) का प्रमुख लिना खानले फेसबुक, गुगल र एप्पलजस्ता कम्पनीलाई एकाधिकार कानुन ल्याएर निरन्तर चुनौती दिइरहिन्। जारी अनुसन्धानका क्रममा प्रविधि कम्पनीका अर्बपति सिइओहरू काँप्दै संसदीय समितिहरू अगाडि बसे। किनभने समितिका 'लडाकु' सदस्यहरूले उनीहरूलाई आगोको भुंग्रोमा तान्न खोजेका थिए। रिपब्लिकन पार्टीको बहुमत रहेको सदनको न्यायिक समितिमा खानले विभिन्न आरोप लगाइन्। 'खानलाई चाँडै पदमुक्त गरिनेछ,' मतदानको एक दिनअघि मस्कले सामाजिक सञ्जाल एक्समा पोस्ट गरेबाट पनि प्रविधि क्षत्रमा उनको कुख्यातिलाई इंगित गर्छ।

ट्रम्पका उपराष्ट्रपति जेडी भान्सको साथमा मस्कको प्रवेशले अमेरिकी राष्ट्रिय राजनीतिमा सिलिकन भ्यालीको सबैभन्दा सघन घुसपैठको संकेत गर्छ। एकपटक ट्रम्पलाई 'सांस्कृतिक हेरोइन(लागुऔषध)' भनेर उपहास गर्ने भान्सलाई ट्रम्पले सल्लाहकारसँग धेरै छलफलबिनै ठाडै छनोट गरेका थिए। उनलाई ओहायो राज्यको सिनेटर बनाउन प्रशस्त आर्थिक लगानी गरिएको थियो। त्यसपछि भान्स भुक्तानी फर्म पेप पल र तथ्यांक विश्लेषण कम्पनी पलान्टिर टेक्नोलोजीका स्वतन्त्रतावादी संस्थापक पिटर थियलले ट्रम्पको उपराष्ट्रपतिको उम्मेदवार बन्न सहयोग गरेका थिए।

अन्य प्रविधि उद्यमीसँग नजिक भए पनि ट्रम्पले मार्क जुकरबर्गजस्ता उद्यमीलाई खासै मन पराउँदैनन्। उनका साथी मस्क र थियेल धेरै पहिले 'उदारवादी(वक)' क्यालिफोर्नियाबाट बाहिरिए। ट्रम्पले लगानीकर्ता जेफ्री यासलाई विश्वस्त पारेपछि मेटाका प्रतिद्वन्द्वी चिनियाँ सामाजिक सञ्जाल एप 'टिकटक'लाई प्रतिबन्ध लगाउने अडानबाट पछाडि फर्किएका छन्। प्रविधि उद्योगका अर्बपतिहरूले रिपब्लिकनहरूका लागि ४६ अर्ब डलरभन्दा बढी दान दिए। सिनेट र तल्लो सदन पनि अर्बपति प्राविधिक उद्यमीहरू र लगानीकर्ताको समर्थनमा निर्वाचित विधायकले प्रस्ट रूपमा भरिएको छ। शक्ति परिवर्तन पनि सबै स्पष्ट छ।

ट्रम्पलाई एक अनियन्त्रित विध्वंसकारी शक्तिको रूपमा हेरिए पनि अर्बपति मस्क अझ अप्रत्याशित साबित भएका छन्। चाहे शुल्क घटाउने विषय होस् वा पेसेवरहरूको आवागमन, प्रविधि स्थानान्तरण वा सैन्य तैनाथीमा विश्वभरका देशहरूले ट्रम्पको प्रभावका लागि हौसला प्रदान गरिरहेका छन्। यदि मस्क ट्रम्प प्रशासनमा सामेल भए भने उनको प्रभाव अझ ठुलो हुनेछ। चुनावको दिन र विश्वभरका व्यापारिक चासोहरूका रूपमा २८६ अर्ब डलर सम्पत्ति भएका पृथ्वीकै धनाढ्य मस्कको चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत धेरै नेतासँग घनिष्ठ सम्बन्ध छ। यस वर्षको सुरुमा उनले चिनियाँ नेतृत्वसँगको बहसका लागि बेइजिङ जानकै लागि अन्तिम मिनेटमा अचानक भारत भ्रमण रद्द गरे। त्यो भ्रमणले चीनमा टेस्लाको बाटो खाली गर्‍यो।

भारतले टेस्ला र स्टारलिंकको न्यून प्रवेशमा देखिएका अड्चन र विशेष उपचारका लागि अनुरोध अस्वीकार गरेको छ। ट्रम्प अमेरिकी व्यवसायको हितका लागि अन्य देशसँग हस्तक्षेप गर्न जान्दछन्। आफ्नो अघिल्लो कार्यकालमा उनले हार्ले डेभिडसन मोटरसाइकलमा सहुलियतका लागि भारतलाई दबाब दिएका थिए।



> ट्रम्पको व्यापारसम्बन्धी नीति अमेरिकी विदेश नीतिसँग टकरावमा पर्न सक्छ। उदाहरणका लागि टेस्लाको सबैभन्दा ठुलो कारखाना सांघाईमा छ र अर्को बर्लिनमा छ। दुवै देश ट्रम्पको नेतृत्वमा लगाइएको उच्च शुल्कको जोखिममा छन्।

ट्रम्पका लागि यसकारण मस्क खतरा

तर, मस्क ट्रम्पका लागि जोखिम पनि हुन्, किनभने उनको व्यापारसम्बन्धी नीति अमेरिकी विदेश नीतिसँग टकराव गर्न सक्छ। उदाहरणका लागि टेस्लाको सबैभन्दा ठुलो कारखाना संघाईमा छ र अर्को बर्लिनमा छ। दुवै देश ट्रम्पको नेतृत्वमा लगाइएको उच्च शुल्कका कारण अवरोधको सामना गरिरहेका छन्। मस्कले पुटिनसँग गोप्य व्यवहार गरेको पनि रिपोर्ट गरिएको छ, जसले स्टारलिंकमा ताइबानको पहुँच बन्द गर्न आफ्ना साथी सीको तर्फबाट लबिङ गरेको बताइएको छ। मस्कले पनि अमेरिकी हित र ताइबानका बारेमा सार्वजनिक रूपमा व्यक्त गरेको अडानसँग विरोधाभासपूर्ण बयान दिएका छन्।

हरित पहलप्रति शत्रुतापूर्ण दृष्टिकोण र पेट्रोलियममा विश्वास कायम राख्ने ट्रम्पको धारणाले इलेक्ट्रिक कारहरूका लागि राम्रो नहुन सक्छ। तर कतिपयले मस्क पहिले नै विद्युतीय सवारीबाट टाढा गएको विश्वास गर्छन्। उनको भविष्यको सम्पत्ति अन्य व्यवसायमा निर्भर रहेको उनीहरू बताउँछन्। अमेरिकाको राष्ट्रपतिको रूपमा र आधा दर्जन उद्यमहरूको संस्थापकको रूपमा विरोधाभासलाई ध्यानमा राख्दै ट्रम्प र मस्कको चासो धेरै लामो समयसम्म एकै ठाउँमा रहन गाह्रो छ।

-एनडिटिभीबाट

मस्क र रामास्वामी नयाँ सरकारी दक्षता विभागको प्रमुखमा नियुक्त

संयुक्त राज्य अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्बपति एलोन मस्क र रिपब्लिकन पार्टीबाट राष्ट्रपति पदका पूर्वआकांक्षी विवेक रामास्वामीलाई भविष्यमा निर्माण गरिने 'सरकारी दक्षता विभाग'को नेतृत्वमा चुनेका छन्। ट्रम्पले यस नयाँ निकाय आफू ह्वाइट हाउसमा फर्किएपछि स्थापना गर्ने योजना बनाएका छन्। 'यी दुई अद्वितीय अमेरिकीले मेरो सरकारको पालामा सरकारी कर्मचारीतन्त्र कटौती गर्ने, अनावश्यक नियम-कानुन हटाउने, फजुल खर्च कटौती गर्ने र संघीय निकायहरूको पुनः संरचनाको मार्ग प्रशस्त गर्नेछन्,' ट्रम्पले मंगलबार एक विज्ञप्ति जारी गर्दै भने, 'हामी देशको वार्षिक ६.५ ट्रिलियन(६५ खर्ब) डलर सरकारी खर्चमा कायम अथाहा फजुल खर्च र अनियमितता बाहिर ल्याउनेछौँ।'

ट्रम्पका अनुसार मस्क र रामास्वामीले अमेरिकाको स्वतन्त्रताको घोषणापत्रमा हस्ताक्षर भएको अढाइ सयौँ वार्षिकोत्सव अर्थात् जुलाई ४, २०२६ सम्ममा आफ्नो काम पूरा गर्नेछन्। 'चुस्त सरकार, उच्च दक्षता र सानो नोकरशाही अमेरिकाका लागि उत्तम उपहार हुनेछ,' ट्रम्पले भने। भविष्यमा बन्ने यस निकायले ह्वाइट हाउससँगको समन्वयमा काम गर्ने ट्रम्पले बताए।

चुनावी प्रतिबद्धता

प्रस्तावित निकाय ट्रम्पले चुनावी अभियानको समयमा आफ्ना मस्कसँग गरेको कुराकानीबाट प्रेरित भएको देखिन्छ। गत अगस्ट १३ मा ट्रम्पले सामाजिक सञ्जाल प्लेटफर्म 'एक्स'मा मस्कसँग दुई घण्टा संवाद गरेका थिए। प्रत्यक्ष प्रसारण भएको उक्त संवादमा अर्बपति मस्कले पहिलोपटक सरकारी आयको बर्बादी हटाउन नयाँ 'आयोग' गठनबारे ट्रम्पलाई सुझाएका थिए। जवाफमा ट्रम्पले मस्कजत्तिको खर्च कटौती गर्ने अनुभव भएको व्यक्ति अरू नभएको बताए। 'त्यस्तो कामका लागि मलाई तपाईंजस्तै मानिस चाहिन्छ। मलाई धेरै साहस र बुद्धि भएको व्यक्ति चाहिन्छ,' ट्रम्पले त्यस वेला भनेका थिए।

ट्रम्पले पछि सेप्टेम्बरमा 'न्युयोर्क इकोनोमिक क्लब'को सम्बोधन तथा अन्य अवसरमा यस विचारलाई उठाइरहे। 'म सम्पूर्ण संघीय सरकारको पूर्ण वित्तीय र कार्यसम्पादन लेखा परीक्षण गर्न र कठोर सुधारका लागि सिफारिसहरू गर्ने जिम्मेवारी दिने सरकारी दक्षता आयोग गठन गर्नेछु,' ट्रम्पले न्युयोर्क इकोनोमिक क्लबको सम्बोधनमा भनेका थिए।

नयाँ विभाग स्थापना भएपछि त्यसले कसरी काम गर्नेछ भन्ने केही स्पष्ट गरिएको छैन। मंगलबारको ट्रम्पको विज्ञप्तिले रामास्वामी र मस्कले सरकारबाहिरै रहेर सल्लाह र निर्देशन दिने संकेत गरेको छ। आलोचकहरूले भने अमेरिकी सरकारको जवाफदेहिता तथा दक्षता सुनिश्चित गर्न र लेखा परीक्षण गर्न 'गभर्नमेन्ट एकाउन्टिबिलिटी अफिस'जस्ता स्वतन्त्र र निष्पक्ष नियामक निकाय पहिले नै अस्तित्वमा रहेकाले अलग निकायको औचित्यमाथि प्रश्न उठाएका छन्।

यद्यपि ट्रम्पको मंगलबारको घोषणाले निजी क्षेत्रका आफ्ना दुई प्रमुख समर्थकलाई पुरस्कृत गर्ने तयारी गरेको देखिन्छ। दक्षिण अफ्रिकामा जन्मिएर क्यानडामा पढी अमेरिका आएका मस्क विद्युतीय कार कम्पनी टेस्लाका संस्थापक तथा सामाजिक सञ्जाल एक्स तथा रकेट निर्माण कम्पनी स्पेसएक्सका मालिक हुन्। उता भारतीय मूलका अभिभावकका रामास्वामी एक औषधि कम्पनीका संस्थापक हुन्। यस वर्षको सुरुमा, उनले रिपब्लिकन पार्टीको राष्ट्रपति उम्मेदवारीका लागि प्राइमरी लडेका थिए। जनवरीको आयोवा ककसमा चौथो स्थानमा परेपछि उनले उम्मेदवारी त्यागे। लगत्तै उनले ट्रम्पलाई समर्थन जनाएका थिए। ट्रम्पको चुनावी अभियानमा दसौँ लाख डलर दान गरेका मस्क नियमित फ्लोरिडास्थित ट्रम्पको रिजोर्टमा जाने गरेको समाचार आइरहेका छन्।

सन् २०१६ को पहिलो राष्ट्रपतिकालमै ट्रम्पले सरकारलाई सानो र चुस्त बनाउने र उनकै भनाइअनुसार वासिंटन डिसीलाई अनावश्यक नोकरशाही र भ्रष्टाचारको दलदलबाट निकास दिने वाचा गरेका थिए। ट्रम्पले सो वाचालाई दोस्रो कार्यकालमा पूरा गरिछाड्ने दाबी गरेका छन्। चुनावी अभियानका क्रममा उनले संघीय सहायता प्रदान गर्ने, विद्यालयमा हुने भेदभावलाई रोक्ने र शैक्षिक उपलब्धिसम्बन्धी अनुसन्धान प्रकाशित गर्ने र शिक्षा मन्त्रालयलाई बन्द गर्ने वाचा गरेका थिए। उता मस्कले एकपटक संघीय कार्यहरूको समीक्षा गर्ने अधिकार दिइएमा आफूले दुई ट्रिलियन डलरभन्दा बढी फजुल खर्च कटौती गर्न सकिने दाबी गरेका थिए। यो भनेको अमेरिकी सरकारको कुल वार्षिक खर्चको लगभग एकतिहाइबराबरको रकम हो।

ह्वाइट हाउसमा ट्रम्प र बाइडेनबिच छलफल



बाइडेन र ट्रम्पबिचको बुधबारको भेट चार वर्षअघिभन्दा बिल्कुल फरक रह्यो, जब ट्रम्पले आफूलाई हराएका बाइडेनसँग संक्रमण बैठक आयोजना गर्न अस्वीकार गरेका थिए।

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प र निवर्तमान राष्ट्रपति जो बाइडेनबिच बुधबार ह्वाइट हाउसमा भेटवार्ता भयो। दुई प्रतिद्वन्द्वी नेताबिच सरकार हस्तान्तरणसम्बन्धी छलफलका लागि भेटघाट भएको हो।

बुधबार ह्वाइट हाउसको ओभल अफिसमा भएको दुई नेताबिचको बैठक चुनावी समयको तिक्तताविपरीत सौहार्दपूर्ण देखिएको थियो। जुलाईमा चुनावी उम्मेदवारी परित्याग गर्नुअघि बाइडेन र ट्रम्प एक-अर्काका प्रतिस्पर्धी थिए। त्यस समय दुईजनाले एक-अर्काविरुद्ध राजनीतिक विचारका अतिरिक्त व्यक्तिगत आरोपसमेत लगाएका थिए। बाइडेनले उम्मेदवारी त्यागेपछि उनकी उपराष्ट्रपति कमला ह्यारिस डेमोक्रेटिक उम्मेदवार बनेकी थिइन्। तथापि, ह्यारिस नोभेम्बर ५ को चुनावमा ट्रम्पसँग निर्णायक अन्तरले पराजित हुन पुगिन्।

ह्वाइट हाउसको भेटका क्रममा दुई नेताले क्यामेराका अगाडि हात मिलाएर एक-अर्कालाई अभिवादन गरे। त्यसपछि बाइडेनले 'शान्तिपूर्ण संक्रमण'का लागि उनको प्रतिबद्धता व्यक्त गरे। ट्रम्पले पनि सत्ता हस्तान्तरण बाइडेनले चाहेजस्तै सहज हुने बताए।

'राजनीति कठोर हुन्छ। धेरै अवस्थामा यो त्यति असल क्षेत्र लाग्दैन,' ट्रम्पले थपे, 'तथापि आज यहाँ राम्रो अभ्यास भइरहेको छ। म यसको प्रशंसा गर्छु।'

बाइडेन र ट्रम्पले आफ्नो यस भेटमा केही महत्त्वपूर्ण विषयमा छलफल गर्ने अपेक्षा गरिएको थियो। 'केही प्रमुख मुद्दामा छलफल गर्ने तयारी गरेका थियौँ। त्यसमा घरेलु तथा विदेश मुद्दा छन्। युरोप, एसिया र मध्यपूर्वमा भइरहेका घटनाक्रमबारे पनि छलफल हुनेछ,' बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बैठकअघि भनेका थिए।

बाइडेन र ट्रम्पबिचको बुधबारको भेट चार वर्षअघिभन्दा बिल्कुल फरक रह्यो, जब बाइडेनले राष्ट्रपति चुनावमा ट्रम्पलाई हराएका थिए। ट्रम्पले त्यस वेला चुनावी नतिजालाई स्वीकार नगरी बाइडेनसँग संक्रमण बैठक आयोजना गर्न वा उनको उद्घाटनमा उपस्थित हुन अस्वीकार गरेका थिए।

ट्रम्प र विश्वको सबैभन्दा धनी व्यक्ति एलोन मस्कबिचको बढ्दो घनिष्ठतालाई संकेत गर्ने गरी ह्वाइट हाउसको भेटवार्तामा मस्क पनि सहभागी थिए। यद्यपि मस्क बाइडेनसँगको बैठकमा भने उपस्थित भएनन्। बाइडेनले गत हप्ता एक भाषणमा चुनावी नतिजा स्वीकार गर्दै शान्तिपूर्ण र व्यवस्थित संक्रमणको वाचा गरेका थिए। 'आफूले जित्दा मात्र देशलाई माया गर्ने भन्ने हुँदैन,' बाइडेनले अघिल्ला भाषणमा भनेका कुरा दोहोर्‍याउँदै भनेका थिए।

Maya Khola Hydropower Company Limited
Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325

Balance Sheet as on Ashwin 30, 2081 (Unaudited)

(NPR '000)

Particulars	This Quarter ending As at 30 Ashwin, 2081	Previous Quarter ending As at 31 Ashad, 2081	Crroesponding Previous Quarter ending As at 30 Ashwin, 2080
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	3,177,735	3,237,231	3,103,460
Investment in equity Instruments	61,701	61,701	41,792
Total Non-Current Assets	**3,239,436**	**3,298,932**	**3,145,251**
Current Assets:			
Deposits and Margins	6,665	8,962	4,596
Advance and Receivables	50,501	61,284	199,817
Sundry Debtors	39,888	32,927	33,467
Cash & Bank Balance	18,541	4,188	6,168
Total Current Assets	**115,595**	**107,362**	**244,049**
Total Assets	**3,355,031**	**3,406,294**	**3,389,300**
Equity and Liabilities			
Equity			
Share Capital	1,000,000	1,000,000	1,000,000
Reserve and Surplus	(309,101)	(336,216)	(69,626)
Total Equity	**690,899**	**663,784**	**930,374**
Non-Current Liabilities:			
Long Term Loan	2,314,766	2,198,456	2,237,300
Total Non-Current Liabilities	**2,314,766**	**2,198,456**	**2,237,300**
Current Liabilities:			
Trade and Other Payables	289,296	382,905	191,644
Short Term Loan	60,070	161,150	29,981
Total Current Liabilities	**349,366**	**544,054**	**221,625**
Total Equity and Liabilities	**3,355,031**	**3,406,294**	**3,389,300**

Profit & Loss Accounts for the period ended Ashwin 30, 2081 (Unaudited)

Particulars	This Quarter ending As at 30 Ashwin, 2081	Previous Quarter ending As at 31 Ashad, 2081	Crroesponding Previous Quarter ending As at 30 Ashwin, 2080
Revenue from Operations	134,961	112,251	56,700
Less: Direct Expenses	-	-	-
Gross Profit	**134,961**	**112,251**	**56,700**
Add: Other Income	-	1,544	1,145
Less: Operating & admin Expenses	13,500	53,039	8,936
Operating Profit/(Loss)	**121,461**	**60,756**	**48,909**
Financial Costs	60,322	271,383	68,630
Depreciation	33,472	105,626	30,472
Profit Before Bonus & Tax	**27,668**	**(316,253)**	**(50,193)**
Provision for Staff Bonus	553	-	-
Net Profit before Tax	**27,115**	**(316,253)**	**(50,193)**
Income Tax	-	-	-
Net Profit after Tax	**27,115**	**(316,253)**	**(50,193)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको

आ.व. ०८१/०८२ को प्रथम त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
क) **प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण** यसै साथ संलग्न गरिएको छ।
ख) **प्रमुख वित्तीय अनुपातहरुः**

प्रति शेयर आम्दानी	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	शेयरको बजार मूल्य रु	प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)
१०.८५	६९.०९	०.३३	३५५.००	३३५.५०

२ **व्यवस्थापकिय विश्लेषण**
यस आयोजना निर्माण सम्पन्न भई मिति २०८०/०३/२२ गतेबाट COD भई व्यापारिक उत्पादन सुरु भएको छ।

३ **कानुनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको।

४. **संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण**
यस कम्पनीको तेश्रो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोवार भएको कुल दिन	कारोवार संख्या (शेयर संख्या)	कारोवार रकम (रु.)
४६०.००	३०७.४०	३५५.००	५७	२,१४७,३०२	८३३,४१४,०५७

५. **समस्या र चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधैं रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।


६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जाखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालन समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष कार्यकारी र प्रमुखको उदघोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

इतिहासमा आज

नोभेम्बर १४

सन् १९२२ : बिबिसीले 'मार्कोनी हाउस'बाट पहिलो दैनिक रेडियो प्रसारण सुरु गर्‍यो।



सन् १८१२ : रुस आक्रमण गर्न गएको नेपोलियन बोनापार्टको सेना मस्कोबाट फर्कियो। त्यहाँको अत्यन्त चिसो तापक्रम (माइनस २०) ले धेरै सैनिकको मृत्यु भयो।

सन् १९१४ : पहिलो विश्वयुद्धमा ब्रिटेन, फ्रान्स, रुस र सर्वियाविरुद्ध लडिरहेको अटोमन साम्राज्यले ती देशविरुद्ध सबै मुस्लिमलाई धार्मिक युद्ध लड्न आह्वान गर्‍यो।

सन् १९६९ : अमेरिकाले उसको दोस्रो चन्द्र अभियान 'अपोलो १२' प्रक्षेपण गर्‍यो।

सन् १९७९ : इरानमा इस्लामिक क्रान्तिसँगै त्यहाँ रहेका ५० जना अमेरिकी नागरिक बन्धक बनाइएपछि अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले अमेरिकामा रहेको इरानको सबै सम्पत्ति रोक्का गरिदिए।

सन् १९९० : पूर्व तथा पश्चिमी जर्मनीबिच एकीकरणपछि निर्माण भएको संघीय गणतन्त्र जर्मनी र पोल्यान्डसँगको सीमा 'ओडर-निसे लाइन' कायम गर्ने सम्झौतामा हस्ताक्षर भयो।

सन् २००१ : तालिबानको पहिलो शासनकालमा अफगानिस्तानको उत्तरी भागमा आधार बनाएर प्रतिरोध गरिरहेको 'नर्दन एलायन्स'ले अमेरिकाको अफगानिस्तानमाथिको आक्रमणपछि काबुल कब्जा गर्‍यो।

सन् २०१२ : इजरायलले हमासको शासन रहेको गाजापट्टीमा 'अप्रेसन पिलर अफ डिफेन्स' नाममा आक्रमण सुरु गर्‍यो।

विश्व संक्षेप

इजरायली बन्धकको नयाँ भिडियो सार्वजनिक

जेरुसेलम/ प्यालेस्टिनी इस्लामिक समूह (हमास) को सहयोगी प्यालेस्टिनी इस्लामिक जिहाद लडाकु समूहले बुधबार एक इजरायली बन्धकको भिडियो सार्वजनिक गरेको छ। गत अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणपछि गाजामा बन्धक बनाइएका ती व्यक्तिले आफूलाई इजरायली बन्धक भन्दै भिडियोमा आफ्नो रिहाईमा ढिलो नगर्न सार्वजनिक अपिल गरेका छन्।

आफूलाई सासा ट्रुपानोभ बताउने ती बन्धकले इजरायली नागरिकलाई बन्धकको रिहाईका लागि सरकारमाथि दबाब बढाउन आह्वान गरेका छन्। यसबिच, भिडियो सार्वजनिक भएसँगै गाजामा बन्धक बनाइएका व्यक्तिका परिवारका सदस्य तथा आफन्तहरूले बन्धक रिहाईमा ढिला नगर्न सरकारसँग आग्रह गरेका छन्।

गत वर्षको अक्टोबर ७ मा इजरायलमा हमासले गरेको आकस्मिक आक्रमणमा कम्तीमा एक हजार २०६ जनाको मृत्यु भएको थियो। २५० जनालाई हमासका लडाकुले गाजा क्षेत्रमा बन्धक बनाएर लगेको थियो। हमास समूहको नेतृत्वमा भएको आक्रमणको बदलामा इजरायलले गरेको जवाफी कारबाहीमा गाजामा ४३ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। आक्रमणमा मृत्यु हुनेमा अधिकांश सर्वसाधारण रहेका र त्यसमा पनि महिला तथा बालबालिकाको संख्या अत्यधिक रहेको छ।

रुसले गर्‍यो युक्रेनी राजधानीमा ठुलो हवाई आक्रमण

किभ/ रुसले लामो समयपछि बुधबार युक्रेनी राजधानी किभमाथि व्यापक हवाई आक्रमण गरेको छ। आक्रमणमा ड्रोन र मिसाइल प्रयोग भएको युक्रेनी अधिकारीले बताएका छन्। रुससँगको युद्ध लड्न महत्त्वपूर्ण सहयोग दिँदै आएको अमेरिकामा डोनाल्ड ट्रम्पको पुनरागमनपछि अमेरिकी सहायताको निरन्तरताप्रति बढ्दो अशंकाबिच रुसले युक्रेनी भूमिमा निरन्तर आक्रमण गरिरहेको छ। पछिल्लो समय रुसी सेनाले पूर्वी युद्धमोर्चामा प्रगति हासिल गरेरहेको छ। राजधानी सहरमा विस्फोटका आवाज आउन थालेपछि स्थानीय बासिन्दाले किभको मध्यक्षेत्रमा रहेको भूमिगत मेट्रो स्टेसनमा शरण लिएको एएफपीले जनाएको छ।

युक्रेनका दक्षिण भेगमा बढ्दो रुसी आक्रमणको एक हप्तापछि राजधानीमाथि आक्रमण भएको हो। एक दिनअघि राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको गृहनगरमा भएको रुसी हमलामा ३२ वर्षीया आमा र उनका तीन सन्तानको मृत्यु भएको थियो। युक्रेनले महिनौँदेखि आफ्ना पश्चिमी सहयोगीलाई सहर र महत्त्वपूर्ण पूर्वाधारमा रुसी आक्रमण रोक्न थप हवाई रक्षा प्रणाली उपलब्ध गराउन अपिल गर्दै आएको छ।

ज्वालामुखी विस्फोटपछि बाली जाने उडान रद्द

जकार्ता/ इन्डोनेसियाको लेवोटोबी ज्वालामुखी विस्फोटपछि अस्ट्रेलिया, हङकङ, भारत, मलेसिया र सिंगापुरलगायत एयरलाइन्सले बुधबार इन्डोनेसियाको रिसोर्ट टापु बाली जाने उडान रद्द गरेका छन्। ज्वालामुखीले विमानस्थलनजिकैको आकाश खरानीले ढाकेपछि उडान रद्द गरिएको एयरलाइन्सले जनाएका छन्। अस्ट्रेलियाको जेटस्टार, क्वान्टास र भर्जिन अस्ट्रेलियाले फ्लोरेस टापुको माउन्ट लेवोटोबी लाकी-लाकीले एक दिनअघि सबै उडान रद्द गरेका थिए। मलेसिया एयरलाइन्स, एयरएसिया, भारतीय इन्डिगो र सिंगापुरको स्कुट एयरलाइन्सले पनि बुधबार उडान रद्द गरेको एएफपीलाई प्राप्त सूचनामा उल्लेख छ। हवाईमार्गको वरपर ज्वालामुखीको खरानी फैलिएका कारण विमानको सुरक्षित सञ्चालनमा खतरा खडा भएपछि उडान रद्द गर्ने घोषणा एयर एसियाले जनाएको छ। यसैगरी, हङकङको क्याथे प्यासिफिक एयरलाइन्सले पनि बिहीबारसम्म बाली जाने र त्यहाँबाट फिर्ता हुने उडान रद्द गरिएको जनाएको छ।

बालीको अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक अहमद स्योगी साहाबले विस्फोटका कारण मंगलबार १२ वटा आन्तरिक तथा २२ वटा अन्तर्राष्ट्रिय उडान प्रभावित भएको बताए। हालैका हप्तामा एक हजार ७०३ मिटरको उचाइबाट ज्वालामुखी विस्फोट हुँदा नौजनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएका छन्।

हेलिकोप्टरमार्फत गर्भवतीको उद्धार

लमजुङ / लमजुङको दुधपोखरी गाउँपालिका- १, कल्लाबारीका २७ वर्षीया गर्भवती पृथी गुरुङको हेलिकोप्टरमार्फत उद्धार गरिएको छ। सुत्केरी बेथाले च्यापेपछि उनलाई उपचारका लागि हेलिकोप्टरमार्फत पोखरा पठाइएको लमजुङ प्रहरीका डिएसपी निशान्त श्रीवास्तवले बताए।

बेवारिसे अवस्थामा सालको चिरान बरामद



लहान / सिराहाको गोलबजार नगरपालिका- १० धरमपुर क्षेत्रको बगैँचाबाट बेवारिसे अवस्थामा नौ थान सालको चिरान बरामद भएको छ। विशेष सूचनाका आधारमा लहानस्थित डिभिजन वन कार्यालय र सबडिभिजन वन कार्यालय गोलबजार चोहर्वाको संयुक्त टोलीले मंगलबार साँझ ९.३२ क्युबिक फिट नौ थान सालको चिरान बरामद गरेको डिभिजन वन कार्यालयले जनाएको छ। सबडिभिजन वन कार्यालय गोलबजार चोहर्वाका वन अधिकृत मो. आविद हुसेनको कमान्डमा खटिएको वनरक्षकको गस्ती टोलीले बरामद गरेको काठ आवश्यक प्रक्रिया पूरा गरी डिभिजन कार्यालय पठाइएको छ। 'बेवारिसे अवस्थामा भेटिएकाले कसको काठ भन्ने त खुलेन, तर थप अनुसन्धान भइरहेको छ,' वन अधिकृत हुसेनले बताए।

सिकलसेलको डेडिकेटेड भेरी अस्पतालमा सुरु भएन हेमोग्लोबिनोप्याथी वार्ड



बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

सरकारले नेपालगन्जस्थित भेरी अस्पताललाई सिकलसेल एनिमियाको डेडिकेटेड अस्पतालको घोषणा गरेको छ। मन्त्रिपरिषद्को निर्णयपछि स्वास्थ्य मन्त्रालयले सिकलसेल एनिमिया र थालेसिमिया रोगका बिरामीको उपचार गर्न परिपत्र गरेको भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नीराजन सुवेदीले जानकारी दिए।

सिकलसेल एनिमियाका बिरामीका लागि ६ बेडको 'डे केयर' सञ्चालनमा रहेको बताउँदै उनले मंसिरदेखि १० बेडको हेमोग्लोबिनोप्याथी वार्ड सञ्चालन गरिने बताए। 'सिकलसेल एनिमिया र थालेसिमिया रोगका बिरामीको उपचारलाई सहज बनाउन छुट्टै वार्ड सञ्चालन गर्न दक्ष जनशक्ति व्यवस्था गरी छिट्टै सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ,' उनले भने।

भेरी अस्पतालमा आएका सिकलसेलका बिरामीको इमर्जेन्सी वार्ड र अन्य जनरल वार्डमा उपचार भइरहेको छ। दिउँसो रगत चढाउनुपर्ने बिरामीलाई मात्र 'डे केयर' वार्डमा राखिने गरिएको सुवेदीले बताए। 'इमर्जेन्सी र जनरल वार्डमा राखेर उपचार गराउँदा समस्या भएको गुनासो आएको छ,' उनले भने।

सिकलसेलका करिब ११ सय बिरामीले सेवा लिइरहेको अस्पतालका मेडिकल विभाग प्रमुखसमेत रहेका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. राजन पाण्डेले जानकारी दिए। भेरी अस्पतालसँगै जिल्ला अस्पताल बर्दिया, प्रादेशिक अस्पताल तुलसीपुर, घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, सेती अस्पताल कैलालीलगायत अस्पतालबाट बिरामीले सेवा लिइरहेको उनको भनाइ छ।

'देशभर सिकलसेलका पाँच हजार रोगी पुष्टि भई विभिन्न अस्पतालबाट सेवा लिइरहेका छन्,' पिइएन-प्लसका राष्ट्रिय कन्सल्टेन्टसमेत रहेका डा. पाण्डेले भने, 'कैयौँ बिरामीको पहिचान हुन बाँकी छ। थारू समुदायका सबैको स्क्रिनिङ भएमा यो संख्या ह्वात्तै बढ्ने निश्चित छ।'

लुम्बिनी प्रदेश सरकारले सिकलसेल, थालेसिमियालगायत अन्य रोगका बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क गरेको छ। तर, रक्तसञ्चार केन्द्रमा पर्याप्त रगत नहुँदा सिकलसेलका बिरामीले समयमा रगत पाउन नसकेको उनले बताए। रक्तदान गर्ने परम्पराको विकास हुन नसक्दा रक्तसञ्चार केन्द्रमा रगत अभाव हुने गरेको उनको भनाइ छ।

सिकलसेलका बिरामीले राज्यबाट एक लाख रुपैयाँबराबरको औषधि तथा उपचार सेवा पाउँदै आएका छन्। बिरामीलाई अन्य रोगको समस्या देखिए यही एक लाख रुपैयाँबाट सेवा दिँदै आएको भेरी अस्पतालका सिकलसेल फोकल पर्सनसमेत रहेका डा. पाण्डेले बताए। तर, धेरैजसो बिरामीको एक लाख रुपैयाँबराबर पाउने सुविधा सकिएपछि समस्यामा परेको उनले बताए। 'गत भदौदेखि वार्षिक एक लाख रुपैयाँको स्वास्थ्य बिमा स्थानीय सरकारले गर्ने नीति केन्द्र सरकारले बनाएको छ,' उनले भने, 'सिकलसेलको हाइड्रोक्सी युरिया औषधि स्वास्थ्य बिमामा समेटेपछि उपचारमा सहज भएको छ नै, बिरामीलाई राहतसमेत मिलेको छ।'

पाण्डेले सिकलसेलको जाँच गर्ने दायरा बढाउनुपर्ने पनि बताए। पछिल्लो समय जाँच गराउनेको संख्या बढे पनि सन्तोषजनक नभएको उनको भनाइ छ। 'बच्चा जन्मेपछि बिसिजी, डिपिटी, हेपाटाई बी, पोलियो, भिटामिन 'ए'जस्ता खोप लगाउने नीति सरकारले लिएको छ।

मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

Unaudited Financial Results (Quarterly)
1st Quarter of financial Year 2081/82

Quarterly Statement of Financial Position
As at 30 Ashwin 2081 (16 Oct 2024)

Amount in Rs

Particulars	MKCL		
	This Quarter Ending (30th Ashwin, 2081)	Previous Quarter Ending (31st Ashadh, 2081)	Immediate Previous Year Quarter Ending (30th Ashwin, 2080)
ASSETS			
Non-Current Assets			
Property, Plant and Equipments	81,048,500	73,318,807	61,702,889
Intangible Assets	6,261,008	5,430,471	5,564,735
Trade and Other Receivables	1,158,130	32,423,828	248,525
Investment	102,000,000	102,000,000	59,720,853
Total Non-Current Assets	**190,467,638**	**213,173,106**	**127,237,002**
Current Assets			
Inventories	165,344,369	231,948,500	220,800,620
Trade and Other Receivables	500,979,928	420,644,906	184,376,787
Investment	-	-	-
Income Tax Assets	11,154,007	5,651,044	10,672,753
Prepayments/Advances and Deposits	98,187,032	649,367	107,020,253
Cash & Cash Equivalents	29,421,663	1,855,169	35,065,476
Deferred Tax Assets	25,561,065	25,561,065	25,561,065
Total Current Assets	**830,648,064**	**686,310,050**	**583,496,955**
Total Assets	**1,021,115,702**	**899,483,156**	**710,733,956**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	700,000,000	700,000,000	560,000,000
Other Equity	(20,616,375)	(37,160,628)	(62,934,678)
Total Equity	**679,383,625**	**662,839,372**	**497,065,322**
Liabilities			
Non-Current Liabilities			
Deferred Tax Liabilities			
Total Non-Current Liabilities	-	-	-
Current Liabilities			
Trade and Other Financial Liabilities	194,273,337	81,604,332	84,902,037
Provisions	5,258,574	4,745,545	5,258,574
Short Term Loan	142,200,167	150,293,907	123,508,023
Total Current Liabilities	**341,732,078**	**236,643,784**	**213,668,634**
Total Equity and Liabilities	**1,021,115,702**	**899,483,156**	**710,733,956**

Quarterly Statement of Profit or Loss
For the period ended As at 30 Ashwin 2081 (16 Oct 2024)

Amount in Rs

Particulars	MKCL		
	This Quarter Ending (30th Ashwin, 2081	Previous Quarter Ending (31st Ashadh, 2081)	Immediate Previous Year Quarter Ending (30th Ashwin, 2080)
Revenue from Operations	212,224,661	291,744,563	84,661,474
Less: Cost of Goods Sold	166,237,266	239,776,943	59,074,263
Gross Profit	**45,987,395**	**51,967,620**	**25,587,211**
Other Income	7,301	30,880	7,196,258
Total Income	**45,994,696**	**51,998,500**	**32,783,470**
Operating Expenses			
Personnel Expenses	10,725,000	16,387,550	13,255,029
Other Operating Expenses	13,799,100	22,083,041	16,649,547
Financial Expenses	1,942,270	7,580,257	3,800,471
Depreciation and Amortisation Expenses	2,984,072	4,299,039	1,401,406
Total Operating Expenses	**29,450,443**	**50,349,888**	**35,106,454**
Non Operating (Income)/Expenses	-	(4,914,066)	-
Total Expenses	**29,450,443**	**45,435,822**	**35,106,454**
Profit before Income Tax	**16,544,253**	**6,562,679**	**(2,322,984)**
Tax Expenses			
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Total Tax Expenses	-	-	-
Profit for the Period	**16,544,253**	**6,562,679**	**(2,322,984)**
Basic Earning Per Share (EPS)	2.363	0.938	(0.41)

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ सँग सम्बन्धित)

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन

१. **वित्तीय विवरण:**
कम्पनीको हिसाव किताबको लेखाँकन अनुसार आर्थिक वर्ष २०८१/०८२ को श्रावण १ देखि आश्विन ३० सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण।**
आर्थिक वर्ष २०८१/०८२ को कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ। साथै, समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमति व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार भएको छैन।

(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण।**

विवरण	चालू आर्थिक वर्षको प्रथम त्रैमाससम्म	तत्काल अघिल्लो वर्षको त्रैमासिक अन्त्य (लेखापरीक्षण नगरिएको)
ऋण पुँजीको अनुपात	२०%	२२%
प्रति शेयर कमाई	२.३६	(१.६६)
प्रति शेयर नेटवर्थ	९७.०५	८८.७६
प्रति शेयर बजार मूल्य (अन्तिम मूल्य)	१६००	-
मूल्य र आम्दानी अनुपात	६७६.९७	(९२८.१२)
सम्पतिमा प्रतिफल	१.६२%	(०.३३)%
पुँजीमा प्रतिफल	२.४४%	(०.४७)%
चालु अनुपात	२.४३	२.७३

२. **व्यवस्थापकीय विश्लेषण**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
त्रैमासिक अवधिमा कम्पनीको मौज्दात र आम्दानी अघिल्लो वर्षको सोहि अवधिको तुलनामा उल्लेख्य रुपमा वृद्धि भएको छ। कम्पनीसंग यस वर्ष उपलब्ध रहेको वस्तु तथा सेवाहरुको प्रकृति अनुसार, धान तथा तरकारी खेति व्यवस्थापनको लागि आवश्यक वस्तु तथा सेवाको विस्तार, प्रादेशिक कार्यालयहरुको व्यवसायिक क्षमता अभिवृद्धि, सहकारीमा आधारित श्रोत केन्द्रहरुको विस्तार इत्यादीको कारण व्यवसायको आकार वृद्धि हुन गएको व्यवस्थापनको विश्लेषण रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीले विस्तार गरेको प्राविधिक, व्यवस्थापकीय र व्यवसायिक जनशक्ति, सेवा व्यवसायको विकासमा लिएको प्राथमिकता, प्रादेशिक तथा क्षेत्रीय कार्यालयहरुको व्यवसायिक क्षमता अभिवृद्धि, व्यवसायिक साभेदारहरुको संख्या तथा गुणस्तरमा वृद्धि, सहकारीमा आधारित कृषि श्रोत केन्द्रहरुको विकास, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको नीति, कार्यक्रम तथा प्राथमिकताहरु र कम्पनीसंग बढ्दै गएको साझेदारी, सहायक कम्पनीहरुमा स्थापना भएका उद्योगहरुको उत्पादन, ठुला कृषि उपकरणहरु, साना तथा मझौला उद्योगहरुको स्थापनामा सेवा प्रवाह लगायतका योजनाहरु निर्माण भएको कारण आगामी अवधिमा कम्पनीको व्यवसाय उल्लेख्य वृद्धि हुने विश्लेषण रहेको छ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण।**
कम्पनीको हालको मुख्य व्यवसायमा कृषकहरु, उद्योगि तथा अन्य उद्यमीहरुलाई आवश्यक सेवाहरुको साथै उत्पादनका साधनहरु जस्तै बीउबिजन, मल, औजारउपकरण तथा प्रविधिहरुको उत्पादन तथा वितरण रहेकोमा, उल्लेखित व्यवसायको विस्तारको लागि सरकारी तथा गैरसरकारी सहुलियतका कार्यक्रमहरु र त्यसको कार्यान्वयन, बैंक तथा वित्तिय संस्थाहरुको कर्जा प्रवाह, बीमाका कार्यक्रमहरु र कृषि उपजको बजार अवस्था इत्यादीमा निर्भर रहने हुँदा यसले कम्पनीको मौज्दात, नाफा तथा नगद प्रवाहमा तात्विक असर गर्न सक्दछ, जसलाई सन्तुलनमा राख्न कम्पनीले विभिन्न व्यवसायिक रणनीतिहरु तथा वार्षिक कार्ययोजना अवलम्वन गरेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
- आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा यस कम्पनीले कुनै पनि व्यक्ति वा संस्थाविरुद्ध कुनै पनि मुद्दा दायर गरेको छैन।
- आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा यस कम्पनी विरुद्ध कुनै पनि व्यक्ति वा संस्थाले मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
- संस्थालाई यस बारेमा कुनै सुचना तथा जानकारी प्राप्त नभएको।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,**
- संस्थाले यस प्रकृतिको कुनै मुद्दा दायर नगरेको र अन्यत्रबाट पनि कुनै मुद्दा दायर भएको विषयमा सम्बन्धित अदालत वा कार्यालयबाट कुनै सुचना वा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
यस कम्पनीको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई नेपाल धितोपत्र बोर्डको रेखदेखमा खुल्ला बजारले तय गरेको मूल्य बमोजिम कारोबार भइरहेको छ। सेयर बजारमा भइरहेको मूल्यको घटबढ बमोजिम नै नियमित गतिमा कम्पनीको सेयर कारोबार भइरहेको कम्पनीको धारणा रहेको छ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या।**

कारोबार मूल्य			कुल शेयरको कारोबार दिन र संख्या		
अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	जम्मा कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१९२६	१२३०.१	१६००	५७	२५,०४२	१२,६७,७२६

५. **समस्या तथा चुनौती:**

(क) **आन्तरीक समस्या तथा चुनौतीहरु:**
कम्पनीले आ.व. २०८१/८२ को प्रथम त्रैमासिकमा सुचनात्मक प्रकृतिका आन्तरीक समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको छैन।

(ख) **वाह्य समस्या तथा चुनौतीहरु:**
विज्ञान र प्रविधिमा आधारीत कृषि क्षेत्रमा लगानी गर्नुपूर्व व्यवसायिक योजना निर्माण गर्नुपर्छ भन्ने साक्षरताको अभावको कारण कम्पनीले सोचे अनुसारको सेवा व्यवसायको विस्तार हुन सकिरहेको छैन।

(ग) **रणनीतिहरु:**
उल्लेखित समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्नको लागि देहायबमोजिमका रणनीतिहरुको विकास गरेको छ।
अ. कृषि व्यवसाय परामर्श केन्द्रलाई प्रदेशस्तरमा विस्तार गर्दै सेवा व्यवसायको अभिवृद्धि गर्ने।
आ. सहकारीमा आधारीत श्रोत केन्द्रहरुको विस्तार र व्यवसायिक क्षमता अभिवृद्धि गर्ने।
इ. उद्यमशिलता सिक्ने, नेपालमै टिक्ने अभियान मार्फत युवाहरुलाई उद्यमशिलतामा आकर्षित गर्ने इत्यादी।

६. **संस्थागत सुशासन:**
कम्पनीले संस्थागत सुशासन कायम गर्नको विभिन्न किसिमका नीतिनियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरेको छ। संचालक समितिको नियमित बैठक, संचालकहरुको नेतृत्वमा लेखा परीक्षण समिति सहित विभिन्न समितिहरु मार्फत आन्तरीक नियन्त्रण गर्ने अभ्यास अवलम्बन तथा योजना र मागमा आधारीत खर्च गर्ने प्रणालीको अवलम्बन गरेको छ। सबै किसिमका प्रकृयाहरुलाई पारदर्शी रुपमा अम्बलम्बन गर्दै आन्तरीक लेखापरीक्षण लगायतका कार्यहरु गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड
Samudayik Laghubitta Bittiya Sanstha Limited
Banepa-14, Sanga, Kavrepalanchowk

Head Office: Banepa-14, Kavre.
Phone No: 011-662251, 660452
E-mail: info@slbsl.com.np
Web: www.slbsl.com.np

Unaudited Financial Results (Quarterly)
As at the end of First Quarter (Ashoj 30, 2081) of the Fiscal Year 2081/082

Rs. In '000

S. No.	Particulars	This Quarter Ending (Ashoj 30, 2081)	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2032169.19**	**1843743.43**	**1522397.97**
1.1	Paid-up Capital	170805.00	170805.00	145200.00
1.2	Reserves and Surplus	22036.78	41311.30	46401.28
1.3	Debenture and Bond			
1.4	Borrowings	936737.07	770520.98	512895.91
1.5	Deposits (a+b)	598347.00	580951.36	551922.67
	a. Domestic Currency	598347.00	580951.36	551922.67
	b. Foreign Currency			
1.6	Income Tax Liabilities	-	0.00	0.00
1.7	Other Liabilities	304243.34	280154.80	265978.12
2	**Total Assets (2.1 to 2.7)**	**2032169.19**	**1843743.43**	**1522397.97**
2.1	Cash & Bank Balance	154477.28	160594.10	79667.14
2.2	Money at call and short Notice	-	-	-
2.3	Investments	21000.00	21000.00	111000.00
2.4	Loans & Advances (a+b+c+d+e+f)	1716745.36	1539304.49	1251329.82
2.5	Fixed Assets	8539.69	6666.02	7250.21
2.6	Non Banking Assets	-	-	-
2.7	Other Assets	131406.87	116178.82	73150.81
3	**Profit and Loss Account**			
3.1	Interest income	46959.98	182613.07	37810.26
3.2	Interest Expense	32837.91	108748.48	27081.29
A	**Net Interest Income (3.1-3.2)**	**14122.07**	**73864.59**	**10728.97**
3.3	Fees Commission and Discount	348.42	1,047.07	119.73
3.4	Other Operating Income	5305.65	16883.10	4498.90
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**19776.14**	**91794.77**	**15347.60**
3.6	Staff Expenses	26585.94	81980.19	19060.38
3.7	Other Operating Expenses	7907.89	27679.44	5401.89
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**-14717.69**	**-17864.87**	**-9114.67**
3.8	Provision for Possible Loss	60911.18	232280.18	43121.78
D	**Operating profit (C-3.8)**	**-75628.87**	**-250145.05**	**-52236.44**
3.9	Non Operating Income/Expenses (Net)	-		
3.10	Write Back of Provision for Possible Loss	55,670.14	223,326.14	22,783.99
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**-19958.73**	**-26818.91**	**-29452.45**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**-19958.73**	**-26818.91**	**-29452.45**
3.12	Provision For Staff Bonus			
3.13	Provision For Tax			
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**-19958.73**	**-26818.91**	**-29452.45**
4	**Ratios**			
4.1	Capital Fund to RWA	9.19%	10.77%	12.69%
4.2	Non Performing Loan (NPL) to Total Loan	6.41%	7.16%	11.36%
4.3	Total Loan Loss Provision to total NPL	111.41%	106.48%	94.45%
4.4	Cost of Funds	8.84%	8.86%	10.33%
4.5	CD Ratio (Calculated as per NRB Directives)	286.91%	264.96%	226.72%

Note: 1.The above financial figures are subject to change as per the directions of the Regulators and/or External Auditor.
2. The previous period figures are regrouped and rearranged whenever necessary.

Interest Rate	
1. Deposits 7.5% - 12% Per Annum	2. Loan & Advance : 14% - 15% Per Annum
Base Rate = 18.06%	

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **बित्तिय विवरण:**
क. यस संस्थाको प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।
ख. **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी	मूल्य/आम्दानी अनुपात (P/E ratio)	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
(४६.७४)	(३२.०५)	११२.९०	११८९.७६	२८.७१

२. **व्यवस्थापकीय बिश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएकोभए सोको प्रमुख कारण सम्बन्धी विवरण:** यस संस्थाको चालु आ.व. प्रथम त्रैमासमा कर्जा लगानीमा आशातितबृद्धि भएको र खराब कर्जाको असुलिमा पनि केहिसुधार आएकोले व्याज आम्दानीमा सकारात्मक प्रभाव परेको छ। व्यावसायको बृद्धि संगै बाह्रय कर्जा रकममा पनि बृद्धि भएकोछ भने बैंक तथा कोष व्यवस्थापन प्रभावकारी ढंगले सञ्चालन भएकोले तरलता अनुपातको स्थिति सन्तोषजनक रहेको छ।

(ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण** : यस संस्थाको कार्यक्षेत्र बागमती प्रदेशका सबै जिल्ला र सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर र संखुवासभा गरि पहिला भएको जिल्लामा ८ वटा जिल्ला थप भई जम्मा १८ वटा जिल्लाहरुमा कार्यक्षेत्रविस्तार भएको छ। वित्तीय संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु अन्तर्गत संभावित क्षेत्रमा सदस्य विस्तार गरी लघुवित्त कार्यकमको पहुँच नपुगेको स्थानहरुमा लघुवित्त सेवा विस्तार गर्ने, सशक्त र गुणस्तरिय सेवा प्रदान गर्नुको साथै व्यवसायिक योजनाको विकास, नयाँ नयाँ लगानीका क्षेत्रहरुको खोजि, व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधिकरण तथा व्यवसायिक विकासका लागि शाखा सञ्जाल विस्तारका साथै ग्राहकको चाहना बमोजिम वित्तीय सेवा सञ्चालनमा ल्याउने योजना रहेको छ। त्यस्तै, समय सापेक्ष सदस्यको चाहाना अनुसार सेवा तथा सुविधाहरुलाई परिस्कृत गर्दै लैजानेमा व्यवस्थापन प्रतिबद्ध रहेको छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी बिश्लेषणात्मक विवरण** : समीक्षा अवधिमा वित्तीय संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ। व्यापार व्यवसायहरुमा आएको संकुचन, लघुवित्त संस्थाहरुबिचको अत्याधिक प्रतिस्पर्धा,ग्राहक सदस्यहरुको दोहोरोपन भई हुने बहुवैकिङ्ग कारोबार तथा हालका समयमा बैंक तथा वित्तीय संस्था विरुद्ध भै रहेका नकारात्मक प्रचारबाजीजन्य क्रियाकलापको प्रभाव हाल सम्म पनि परीरहेकोकारण वित्तीय संस्थाको नाफामा केहि असर भने गरेको छ तर पनि नकारात्मक असरले पार्न सक्ने सम्भावित असरको जोखिम कम गर्न तर्फ संस्था सचेत रहि कार्य गर्दै आएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) **यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए** : यस संस्थाको आर्थिक कारोवारमा अनियमिता गर्ने व्यक्ति/कर्मचारीहरु उपर जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा मार्फत उच्च अदालत, विराटनगरमा बैंकिङ्ग कसुरको मुद्दा दर्ता भएको तथारामेछाप जिल्ला प्रहरी कार्यालयमा बैंकिङ्ग कसुरको मुद्दा दायर गर्नको लागि प्रक्रियामा रहेकोछ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण :**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा** : शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा शेयरको मुल्य तथा कारोबार प्रति यस संस्थाको व्यबस्थापन तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या :** (नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

शेयरको अधिकतम मूल्य	शेयरको न्यूनतम मूल्य	शेयरको अन्तिम मूल्य	कारोवार भएको कूल दिन	कारोवार भएको कुल संख्या
१,५३७.९०	१,१८०	१,४९८	५७	२,८५,९३०

५. **समस्या तथा चुनौती**

(क) **आन्तरिक** : दक्ष जनशक्तिको अभाव, भौगोलिक कठिनाईका कारण कर्मचारीको उत्पादकत्व क्षमतामा आउन सक्ने ह्रास, बढ्दो संचालन लागत,खराब कर्जा तथा खुद व्याज आम्दानीमा संकुचन आदि।

(ख) **बाह्य** : सदस्यहरुमा भएको कर्जा लगानीको दोहोरोपना र एकै कार्यक्षेत्रमा सञ्चालीत लघुवित्त संस्थाहरु विच हुने अस्वस्थ वित्तीय प्रतिस्पर्धा, सदस्यहरुद्धारा उत्पादित वस्तु तथा सेवाहरुको अव्यवस्थित बजार व्यवस्थापन, भौगोलिक विकटता, लघुवित्त संस्थाहरुको विरुद्धमा भईरहेका अराजक गतिविधिहरु, नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति तथा नियमहरु आदि।

६. **संस्थागत सुशासन** : संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिबद्ध रहेको छ। वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ। साथै वित्तीय संस्थाले कारोबार व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम, विनियम, निर्देशिका कार्यविधि आदि तर्जुमा गरी लागू गरेको छ।सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरुको माध्यमबाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउन सञ्चालक तथा व्यवस्थापन क्रियाशील रहेको छ।

७. **सत्य तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोष** : आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

भृकुटीमण्डपमा एमालेको जनप्रदर्शन हुने

काठमाडौं / एमालेले ७ मंसिरमा भृकुटीमण्डपमा जनप्रदर्शन र जागरणसभा गर्ने भएको छ। एमाले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको संयुक्त बैठकले भृकुटीमण्डपमा जनप्रदर्शन र जागरणसभा गर्ने निर्णय गरेको हो।

सभाअघि भद्रकाली, सुन्धारा र रत्नपार्कबाट बिहान साढे ११ बजे सुरु हुने जुलुस रत्नपार्क, बागबजार हुँदै भृकुटीमण्डपमा पुगेर जागरणसभामा परिणत हुने केन्द्रीय सम्पर्क समन्वय कमिटीका संयोजक तथा केन्द्रीय सदस्य श्यामकुमार बस्नेतले बताए। तीन मूल स्थानबाट जुलुस सुरु हुनुअघि विभिन्न स्थानबाट पनि छुट्टाछुट्टै जुलुस आयोजना गर्ने एमालेको तयारी छ। सभालाई प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेलले सम्बोधन गर्नेछन्।

२४ कात्तिकमा बसेको एमाले केन्द्रीय सचिवालय बैठकले जागरणसभा आयोजना गर्ने निर्णय गरेको थियो। एमालेले जागरणसभालाई बढ्दो अराजकताविरुद्ध लोकतन्त्र, स्थिरता, राष्ट्रिय एकता, सामाजिक सद्भाव र विकासको पक्षमा प्रदर्शन भनेको छ। काठमाडौंस्थित पार्टीको शक्ति परिचालित गर्ने निर्णय गर्दै जागरणसभा तयारी समितिको बुधबारको बैठकले स्थायी समिति सदस्य तथा बागमती प्रदेश कमिटी इन्चार्ज डा. राजन भट्टराईको संयोकत्वमा ११ सदस्यीय संयोजन समिति गठन गरेको छ।

आँखा शिविरबाट ७६ जनाले देखे नयाँ संसार



ताप्लेजुङ / आँखाको शल्यक्रियापछि ९० वर्षीया इन्द्रमाया राई ठमठम हिँडेर घर गइन्। वर्षौँदेखि अरूको सहारामा हिँडिरहेकी पाथीभरा याङवरक गाउँपालिका- १ नाङखोल्याङकी राईले आखा शिविरमा उपचारसहित शल्यक्रिया सुविधा पाएपछि पुनः बाहिरी संसार देखेकी हुन्।

सदरमुकाम फुङलिङस्थित डिचेन डोङ्ला आँखा उपचार केन्द्रमा सञ्चालित निःशुल्क शिविरमा दृष्टि गुमेका ७६ जनाको आँखाको निःशुल्क शल्यक्रिया भएको छ। थप १४ जनाको आँखाको साधारण शल्यक्रिया गरिएको नेत्र ज्योति संघ ताप्लेजुङका सभापति राजकुमार गुरुङले बताए। शिविरमा तीन सय ३५ पुरुष र तीन सय ४२ महिला गरी ६ सय ७७ ले उपचार पाएका छन्।

ताप्लेजुङ नेपाल नेत्रज्योति संघ, फुङलिङ नगरपालिका र सेवा फाउन्डेसन काठमाडौंले तीन दिन आँखा शिविर चलाएका थिए। शिविरमा मेची आँखा अस्पताल बिर्तामोडले प्राविधिक सहयोग गरेको थियो। मेची आँखा अस्पतालका विशेषज्ञ डा. समीर चापागाईं नेतृत्वको टोलीले उपचार सेवा दिएको थियो।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २९ कार्तिक ०८१

संक्षेप

योजना आयोग र भारतको नीति आयोगले सहकार्य गर्ने



काठमाडौं/ राष्ट्रिय योजना आयोग र भारतको नीति आयोगले सम्भावित क्षेत्रहरूमा सहकार्य गर्ने भएका छन् । योजना आयोगका सचिव मधुकुमार मरासैनी र नीति आयोगका उपाध्यक्ष सुमन बेरीबिच बुधबार नयाँदिल्लीमा भएको भेटमा सहकार्यका विषयमा छलफल भएको हो ।

दुई आयोगबिच रचनात्मक सम्बन्ध स्थापित हुने गरी सहकार्य गर्ने विषयमा छलफल भएको दिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ । राजदूतावासले सामाजिक सञ्जाल एक्समार्फत सचिव मरासैनी र आयोग उपाध्यक्ष बेरीबिच सहकार्यका लागि छलफल भएको जनाएको हो ।

सिभिल इन्जिनियरिङ एसोसिएसन गठन

काठमाडौं/ देशभरि क्रियाशील सिभिल इन्जिनियरिङ ल्याबोरेटरीहरूको छाता संस्थाको रूपमा सिभिल इन्जिनियरिङ ल्याबोरेटोरी एसोसिएसन अफ नेपाल (सिइएलएएन) नामक संस्थाको गठन गरिएको छ । नेपाल निर्माण व्यवसायी महासंघका पूर्वमहासचिव रामशरण देउजाको अध्यक्षतामा संस्था गठन गरिएको हो ।

भद्रकाली ल्याबोरेटोरी प्रालिका सञ्चालक देउजा अध्यक्ष रहेको नवगठित संस्थाको उपाध्यक्षमा बिडिएच ल्याबका अभिमन्यु हुमागाईं, महासचिवमा क्युटेज ल्याबका विज्ञानेश्वर माकजू, कोषाध्यक्षमा जिएस इन्जिनियरिङका राजन महर्जन र सहकोषाध्यक्षमा सोइल एग्रिगेट सिभिल ल्याब एन्ड कन्सल्टेन्टका गुरु घिमिरे रहेका छन् । संस्थाको सदस्यहरूमा निशान भुसाल, सागरविक्रम विष्ट टक खड्का, शिवहरि सिलवाल र राजीव कपुर रहेका छन् । संस्थाको कानुनी सल्लाहकारमा शिवराम तिमिल्सिना रहेका छन् ।

भैरहवा विमानस्थलमा भूउपग्रहमा आधारित अवतरण प्रणाली प्रयोगमा ल्याइँदै

भारतले आइएलएस सञ्चालन अनुमति नदिएपछि भिजिबिलिटी समस्या समाधान गर्न आरएनपी-एआर प्रणाली प्रयोग गरिने

नवीन अर्याल/नयाँ पत्रिका

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस)को विकल्पमा भूउपग्रहमा आधारित रिक्वायर्ड नेभिगेसन पर्फर्मेन्स-अथोराइजेसन रिक्वायर्ड (आरएनपी-एआर) प्रणाली सञ्चालनमा ल्याइने भएको छ । भारतले आफ्नो आकाशमा पहुँच पुग्ने भन्दै आइएलएस सञ्चालनका लागि अनुमति नदिएपछि नयाँ विकल्प अगाडि सारिएको हो । आरएनपी-एआर भूउपग्रहमा आधारित अवतरण प्रणाली हो भने आइएलएस उपकरणमा आधारित अवतरण प्रविधि हो । आरएनपी-एआर नेभिगेसन प्रणालीले जहाजलाई चुनौतीपूर्ण भूभाग र खराब मौसममा सुरक्षित अवतरणका लागि मद्दत गर्छ । यो प्रणालीका लागि बल्ल उडान विधि तयार भएको र कार्यान्वयनमा आउन कम्तीमा ६ महिना लाग्ने नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता हंशराज पाण्डेले जानकारी दिए । उनले भने, 'यो प्रणाली कार्यान्वयनमा ल्याउन विमानस्थलदेखि वायुसेवा कम्पनीसम्मले धेरै प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । यो हिउँदमा आरएनपी-एआर विधि प्रयोगमा आउनेछैन ।'

आरएनएपी-एआर प्रविधि र आइएलएस प्रविधिबाट उस्तै कम भिजिबिलिटीमा जहाज अवतरण गर्न सकिने भैरहवा विमानस्थलका महाप्रबन्धक प्रताप तिवारीले बताए । 'आरएनपी-एआर विधिबाट आठ सय मिटर भिजिबिलिटीमा जहाज अवतरण गराउन सकिन्छ,' उनले भने, 'आइएलएस प्रविधिबाट पनि आठ सय मिटर भिजिबिलिटीसम्म जहाज अवतरण गराउन सकिने हो ।'

क्यानले करिब एक अर्ब खर्चिएर जडान गरेको आइएलएस सञ्चालन गर्न भारतले अनुमति नदिएपछि महाप्रबन्धक तिवारीले नयाँ विकल्पका रूपमा भूउपग्रहमा आधारित अवतरण प्रविधि क्यानमा प्रस्ताव गरेका हुन् । क्यानको टिमले अध्ययन गरेर आरएनपी-एआरको उडान विधि तयार पारिसकेको छ । अब आरएनपी-एआर भेलिडेसनको प्रक्रिया अगाडि बढाइने क्यानका प्रवक्ता पाण्डेले जानकारी दिए ।

काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि आरएनपी-एआर प्रविधि सञ्चालनमा छ । जहाँ ११ सय



मिटर भिजिबिलिटीसम्म जहाज अवतरण भइरहेका छन् । भैरहवामा पनि आरएनपी-एआर प्रविधि उपयुक्त हुने ठानेरै प्रस्ताव गरेको तिवारीको भनाइ छ ।



आरएनपी-एआर प्रविधिका लागि जमिनमा पूर्वाधार तयार पार्नु नपर्ने क्यानले जनाएको छ । तर, जहाजमा विशेष उपकरण जडान हुनुपर्छ । नयाँ अन्तर्राष्ट्रिय जहाजमा अनबोर्ड नै हुन्छ । यो विधि प्रयोग गर्ने वायुसेवाले पनि आफ्नो देशको नियामकबाट स्वीकृति लिनुपर्ने प्रवक्ता पाण्डेले बताए ।

त्रिभुवन विमानस्थलमा पनि सन् २०१४ देखि आरएनपी-एआर प्रणाली सञ्चालनमा छ । प्रवक्ता पाण्डेका अनुसार अहिले कतार, कोरियन, थाई, नेपाल एयरलाइन्स, हिमालयले आरएनपी-एआर विधिबाट जहाज अवतरण गरिरहेका छन् । काठमाडौंको विधिले भैरहवालाई काम गर्दैन । भैरहवाका लागि छुट्टै उडान विधि तयार भइसकेको छ, जसको फ्लाइट भेलिडेसनको प्रक्रिया सुरु हुँदै छ ।

क्यालिब्रेसन फ्लाइटमा जस्तै आरएनपी-एआर विधि परीक्षण गर्न पनि विशेष जहाज चाहिन्छ । यस्तो जहाज नेपालमा नभएकाले विदेशबाट ल्याएर भेलिडेसन फ्लाइट गर्ने क्यानको तयारी छ । विदेशबाट जहाज ल्याएर ग्राउन्ड इन्स्पेक्सन गरिनेछ । 'फ्लाइट भेलिडेसन गर्न केही दिनमा सूचना निकाल्दै छौं, तीन महिनाभित्र जहाजको टुंगो लाग्छ,' प्रवक्ता पाण्डेले भने, 'यदि भेलिडेसन रिपोर्ट राम्रो आए आरएनपी-एआर प्रणाली सञ्चालनमा ल्याउन अन्तर्राष्ट्रियस्तरमा ५६ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नुपर्छ ।'

आरएनपी-एआर सञ्चालनका लागि प्राधिकरणले उडान विधि बनाउने र जहाज अवतरणका लागि निर्देशन दिने एटिसीका कर्मचारीलाई तालिम दिनुपर्ने हुन्छ । यो विधि प्रयोग गर्न चाहने वायुसेवाले आफ्नो देशको नियामक निकायको विशेष अनुमति लिनुपर्छ । पाइलटलाई पनि विशेष तालिम दिनुपर्छ । यो प्रविधिका लागि पाइलट र एयरक्राफ्टको प्रशिक्षण तथा उपकरण प्रमाणीकरण पनि अनिवार्य छ ।

जहाज अवतरण गर्ने पाइलट र गराउने एटिसी कर्मचारीले पूर्वअभ्यास सिम्युलेटर तालिम गराउनुपर्छ । फ्लाइट सिम्युलेटर तालिम भनेको उडानसम्बन्धी प्रशिक्षण दिने एक किसिमको प्रक्रिया हो, जसमा वास्तविक विमान उडाउने नभई कम्प्युटर सिस्टम र विशेष प्रविधि प्रयोग गरेर उडान गर्ने अभ्यास गराइन्छ । यस प्रशिक्षणको उद्देश्य भनेको पाइलटलाई विभिन्न उडानको स्थिति मौसम परिवर्तन, प्राविधिक समस्या, आकस्मिक अवस्थामा कसरी जहाज अवतरण गर्ने भनेर सिकाउनु हो सिम्युलेटर तालिममा क्यानदेखि वायुसेवा कम्पनीसम्मको खर्च हुन्छ । सबै प्रक्रिया पूरा गरेपछि बल्ल क्यानले यो विधिबाट अवतरण गर्न खुला गर्छ । क्यानका प्रवक्ता पाण्डेका अनुसार काठमाडौंमा लिएको सिम्युलेटर तालिमले पुग्दैन । भैरहवाका लागि वायुसेवा कम्पनी र विमानस्थलका कर्मचारीले छुट्टै सिम्युलेटर तालिम लिनुपर्छ ।

अहिले भैरहवामा भेरी हाई फ्रिक्वेन्सी (भिओआर) प्रविधि लागू छ, जसमा जहाज अवतरणका लागि १८ सय मिटरको भिजिबिलिटी चाहिन्छ । हिउँदमा बाक्लो कुहिरो लाग्ने हुँदा भिजिबिलिटी दुई-तीन सय मिटरसम्म झर्ने गर्छ । यस्तो अवस्थामा आइएलएस वा आरएनपी-एआर दुवै विधिले काम गर्दैन । यी दुवै विधिबाट अवतरण गर्न कम्तीमा ८ सय मिटरको भिजिबिलिटी आवश्यक पर्छ । आइएलस प्रविधि जडान गर्दा ग्राउन्डमा खर्च गर्नुपर्छ । तर, आरएनपी-एआर प्रणाली सञ्चालनका लागि उडान कार्यविधि बनाउने हो । त्यो क्यानले बनाइसकेको भैरहवा विमानस्थलका महाप्रबन्धक तिवारीले जानकारी गराए ।

आर्थिक कूटनीतिमा जोड दिने राजदूतहरूको प्रतिबद्धता

नयाँ पत्रिका

विभिन्न मुलुकका लागि नवनियुक्त तथा प्रस्तावित १७ नेपाली राजदूतहरूले आर्थिक कूटनीतिमा जोड दिँदै नेपालको लगानी एवं पर्यटन प्रवर्द्धनमा जोड दिने बताएका छन् । यसका लागि नेपाल र सम्बन्धित देशका निजी क्षेत्रसँग सहकार्य गर्ने उनीहरूले बताएका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघ र विभिन्न १७ मुलुकका लागि नवनियुक्त नेपाली राजदूत र तीन महावाणिज्यदूतबिच बुधबार भएको अन्तर्क्रियामा उनीहरूले यस्तो बताएका हुन् ।

बेलायतका लागि नेपालका राजदूत चन्द्र घिमिरेले द्विपक्षीय कर मुक्ति सम्झौताका लागि पहल गर्नुपर्ने बताए । चीनका लागि नेपालका प्रस्तावित राजदूत कृष्णप्रसाद वलीले नेपालको हिमालय क्षेत्रको पानी निर्यात गर्न सकिने सम्भावनालाई पनि नियाल्नुपर्ने बताए । भारतका लागि प्रस्तावित राजदूत डा. शंकर शर्माले भारतमा आयोजना हुने



कार्यक्रममा सहभागी हुनुपर्ने बताए । दक्षिण अफ्रिकाका लागि प्रस्तावित राजदूत कपिल श्रेष्ठ, पाकिस्तानका लागि राजदूत रीता धिताल, साउदी अरबका लागि राजदूत नरेश ढकाल, स्पेनका लागि प्रस्तावित राजदूत सनिल नेपाल, पोर्चुगलका लागि प्रस्तावित राजदूत प्रकाशमणि पौडेल र मलेसियाका लागि प्रस्तावित राजदूत नेत्रप्रसाद तिमल्सेनाले निजी क्षेत्रसँग मिलेर काम गर्ने बताए ।

कतारका लागि प्रस्तावित राजदूतले कतार चेम्बरसँग महासंघले संयुक्त परिषद् स्थापना गरिसकेको सन्दर्भमा यसबाट फाइदा लिन सहकार्य गर्नुपर्ने बताए । जर्मनका लागि नेपालका राजदूत डा. सहयोग रूपाखेती युरोपेली मुलुकमा जाने मुलुकहरूमा जिएसपी प्लस सुविधा लिनका लागि महासंघले पहल गर्नुपर्ने बताए ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाललले महासंघका संयन्त्र र नेटवर्कसमेत उपयोग गरी आर्थिक कूटनीति विस्तार गर्न राजदूतहरूलाई आग्रह गरे ।

खाद्य उद्योगलाई भारतीय संस्थाले सघाउने

काठमाडौं/ भारतको केन्द्रीय खाद्य प्रविधि अनुसन्धान संस्था (सिएफटिआरआई)ले नेपालका खाद्य उद्योगको क्षमता वृद्धि गर्न सघाउने भएको छ । नेपाल भ्रमणमा आएको सिएफटिआरआईले प्रतिनिधिले नेपालका खाद्य उद्योग र त्यससँग सम्बन्धित क्षेत्रमा सघाउन सकिने बताएका हुन् ।

सिएफटिआरआईका प्रतिनिधिमण्डल र नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष सुनील केसी नेतृत्वको नेपाली प्रतिनिधहरूबिच बुधबार संघको सचिवालयमा भएको छलफलमा आपसी सहकार्य गर्ने समझदारी भएको हो ।

भारतीय अनुसन्धान संस्था सएफटिआरआईका प्रमुख डा. उमेश ह्यांगलोर हेब्बरको नेतृत्वमा आएको भारतीय टोलीलाई संघका अध्यक्ष केसीले नेपालमा खाद्य उद्योगहरूको प्रविधिगत क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन सहकार्य गर्न सकिने जानकारी गराए । भारतीय टोलीमा नेपालस्थित भारतीय राजदूतावासका राजनीति तथा विकास द्वितीय सचिव गरिमा नटियालसमेत सहभागी थिइन् ।

उक्त छलफलमा डा. ह्यांगलोरले भारतीय संस्था सिएफटीआई भारतको एक सरकारी विभाग रहेको र विशेष गरी खाद्य उद्योगको क्षेत्रमा अनुसन्धार गर्दै नयाँ प्रविधिहरूको विकास गर्दै आइरहेको जानकारी गराए ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिको विवरण

United Modi Hydropower Ltd.
Kamaladi, Kathmandu, Nepal
Balance Sheet as on Ashwin 30, 2081 (Unaudited)

'NPR '000

Particulars	As of Ashwin end, 2081	As of Ashadh end, 2081	As of Ashwin end, 2080
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	1,348,619	1,365,563	1,417,112
Other Fixed Assets	3,198	3,346	3,889
Investments	680,000	680,000	680,000
Total Non-Current Assets	**2,031,817**	**2,048,909**	**2,101,001**
Current Assets:			
Deposits	3,012	3,012	3,012
Other Loans & Advances	23,827	31,313	18,407
Sundry Debtors	85,846	76,573	83,537
Cash & Bank Balance	2,623	1,434	20,368
Prepaid Expenses	1,556	4,309	1,675
Total Current Assets	**116,864**	**116,640**	**126,998**
Total Assets	**2,148,681**	**2,165,549**	**2,227,999**
Equity			
Share Capital	1,230,500	1,230,500	1,230,500
Reserve and Surplus	99,087	66,842	57,974
Total Equity	1,329,587	1,297,342	1,288,474
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	724,750	741,967	850,203
Deferred Tax Liabilities	5,420	5,420	5,420
Total Non-Current Liabilities	730,170	747,387	855,623
Current Liabilities:			
Trade and Other Payables	57,889	64,699	40,186
Overdraft Loan	15,283	38,293	27,453
Dividend Payable	14,875	14,875	15,573
Provisions	877	2,953	690
Total Current Liabilities	**88,925**	**120,820**	**83,902**
Total Liabilities	**819,095**	**868,207**	**939,525**
Total Equity and Liabilities	**2,148,681**	**2,165,549**	**2,227,999**

Profit & Loss Accounts for the period ended Ashwin 30, 2081 (Unaudited)

Particulars	1st Quarter FY 2081/82	4th Quarter FY 2080/81	1st Quarter FY 2080/81
Revenue from Operations	97,773	282,773	93,223
Less: Direct Expenses	(4,155)	(16,489)	(5,767)
Gross Profit	93,617	266,284	87,456
Other Income	3	162	62
Staff Costs	(5,878)	(21,936)	(6,920)
Other Operating Costs	(5,809)	(33,251)	(7,485)
Financial Costs	(20,972)	(103,578)	(29,589)
Depreciation	(17,092)	(68,490)	(16,398)
Provision for Staff Bonus	(877)	(784)	(543)
Net Profit before Tax	42,993	38,406	26,583
Provision for Income Tax	(10,748)	(9,602)	(6,646)
Net Profit	**32,245**	**28,805**	**19,937**

Note: The figures are regrouped and rearranged where necessary
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड को आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिको विवरण

१. **वित्तिय विवरण**
क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ र आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०८१/०७/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ ।
ख) प्रमुख वित्तिय अनुपातहरू:

प्रति शेयर आम्दानी (रु.) (EPS)**	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पतिको मूल्य (रु.)	तरलता अनुपात
२।६२	३२५।९०	१०८।०५	१७४।४९	१।५९

**EPS वार्षिकिकरण नगरिएको ।

२. **व्यवस्थापकीय विश्लेषण**
यस आयोजनापुर्ण रुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ यस त्रैमासमा आवश्यकता अनुसारको बहाव उपलब्ध भए अनुसार विद्युत उत्पादन भएको छ । मोदी खोलामा पानीको प्रवाह सन्तोष जनक रहेमा आगामी दिनहरूमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ । साथै यस त्रैमासबाट तल्लो मोदी - १ (१० मे.वा) जलविद्युत आयोजना निर्णण गर्न लिएको सहवित्तियकरण कर्जा सम्पूर्ण चुक्ता भएको समेत जानकारी गराउँदछु ।
अधिल्लो वर्षका तुलनामा उल्लिखीत पक्षहरू सकारात्मक हुदाँ कम्पनीको आम्दानी तथा मुनाफामा वृद्धि भएको छ । मोदी खोलामा पानीको प्रवाह सन्तोषजनक रहेमा आगामी दिनहरूमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी बिवरण**
यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिवरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	कारोवार रकम
३८६।००	२५४।१०	३२५।९०	५७	८,४८२,७९२	२,७४९,८९९,०८०।६०

५. **समस्या तथा चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरूलाई लाभांश वितरण सम्बन्धी जरुरी सूचना

कम्पनीका बिगतका साधारण सभाबाट पारित लाभांश यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लि., बाटुलेधर, डिल्लिबजार काठमाण्डौ, फोन नं. ०१-४५१७४५७, ४५१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं । साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुंदा कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला । अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौं ।

पेट्रोल अन्वेषण स्थलमा पर्यटकको घुइँचो

दैलेखमा **विष्णु शर्मा**

दैलेखको जलजलेमा सुरु गरिएको पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषण अवलोकन गर्न पर्यटकको घुइँचो लाग्न थालेको छ । दिनहुँ दुई सयदेखि तीन सयसम्म पर्यटक आउने गरेका स्थानीयको भनाइ छ । अहिले जलजले क्षेत्रमा होटेल व्यवसाय गर्ने व्यापारीहरू पनि निकै खुसी देखिएका छन् । एक वर्षअघि दैनिक करिब पाँच सय मात्रै व्यापार हुने उक्त क्षेत्रमा अहिले दैनिक १० हजारसम्म व्यापार हुने गरेको जलजलेका व्यापारीहरू बताउँछन् ।

मध्य पहाडी सडक खण्डको एक सय २५ किलोमिटर सडक पूर्ण रूपमा कालोपत्रे भएसँगै समग्र दैलेखको आर्थिक अवस्था सुधारका बाटाहरू खुलेका छन् । दैलेखको शिरस्थाननजिकै जलजले क्षेत्रमा सुरु गरिएको पेट्रोलियम अन्वेषण स्थल, मध्य पहाडी राजमार्गसँगै जोडिएका छन् । कर्णाली प्रदेशको रारा घुम्ने पर्यटकहरूको फर्कने क्रममा यतिवेला दैलेखको पञ्चकोशी ज्वाला क्षेत्र र अन्वेषण स्थल पुग्ने गरेका छन् ।

■ कर्णालीका मुख्यमन्त्री र एमाले उपमहासचिवद्वारा अनुगमन

पेट्रोलियम अन्वेषण कार्यको प्रगतिबारे कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र एमालेका उपमहासचिव प्रदीप ज्ञवालीलगायतले आयोजना स्थलमा अनुगमन गरेका छन् । जिल्ला भ्रमणका क्रममा दैलेख आएका मुख्यमन्त्री यामलाल कँडेलले आयोजना स्थलमा पुगेर कर्णालीको समग्र विकासका लागि रणनीतिक महत्त्वका ठुला आयोजनाको निर्माण निष्कर्षमा पुऱ्याउनुपर्ने अभियान प्रदेश सरकारको रहेको उनले बताए । नेकपा एमालेका उपमहासचिव ज्ञवालीले प्रधानमन्त्री केपी शर्मा ओलीले सुरु गरेको परियोजना उहाँकै पालामा सम्पन्न हुने र देशको आर्थिक अवस्था सुधारको एउटा ढोका खुल्नेमा आफूहरू विश्वस्त रहेको बताए ।



■ ८० प्रतिशत निर्माण सम्पन्न

दैलेखको जलजलेमा सुरु गरिएको पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणको कार्य ८० प्रतिशत सकिएको छ । २८ वैशाख ०८१ देखि सुरु गरिएको ड्रिलिङको काम तीन हजार एक सय मिटर जमिनमुनि पुगेको छ । चार हजार पाँच सय मिटरसम्म जमिनमुनि ड्रिलिङ पाइप पुऱ्याउने र पेट्रोलियम पदार्थको भण्डारण पत्ता लगाउने अभियानअन्तर्गत यो कार्य सञ्चालनमा छ । अहिलेसम्मको अन्वेषणको कार्यले उत्साहित बनाएको खानी तथा भूगर्भ विभागले जनाएको छ । जमिनमुनि २७ सय मिटरसम्म पाइप पुगेपछि साना भण्डारणहरू भेटिन सक्ने अनुमान गरिएअनुसार केही लिकेज ग्यास देखिएको छ । यसले सकारात्मक संकेत देखिएको विभागका अधिकारीहरू बताउँछन् । साना ग्यासका भण्डारलाई विसर्जन गर्ने र ग्यास लिकेज गर्ने मेसिन पनि सँगसँगै जडान गरिएको छ । अहिले जमिनमुनि साना भण्डारणसमेत देखिएकाले थप आशा र उत्साह बढेको पदाधिकारीहरूले बताए ।

भण्डारण पत्ता लागेपछि मात्र आर्थिक विश्लेषण गरेर उत्पादनका लागि थप काम अगाडि बढाइने भएको छ । पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न चीन सरकारसँग सहमति भएसँगै चीन सरकारको दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा अन्वेषणको काम सुरु गरिएको थियो । अन्वेषण कार्यले नेपालमा उत्पादनयोग्य पेट्रोलियम पदार्थ भेटिन सक्ने सम्भावना धेरै भएकाले दैलेखका बासिन्दा खुसी देखिएको प्रतिनिधिसभा सदस्य दीपा शर्माले जानकारी दिएकी छिन् ।

विन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
को

आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०७/२९

श्री शेयरधनी महानुभावहरु,

यस विन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८१/०७/१३ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएकोले सो सभामा यहाँको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा सम्बन्धी कार्यक्रमः

मिति : २०८१।०८।०६ गते, विहिवार ।
समय : विहान ११:०० बजे ।
स्थान : अनमोल वैन्क्वीट, शंखमुल, नयाँ बानेश्वर, काठमाडौं
भर्चुअलः https://teams.microsoft.com/l/meetup-join

वार्षिक साधारण सभाको विषय सूचि :

सामान्य प्रस्तावः

(क) सञ्चालक समितिको आ. व. २०८०/०८१ वार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(ख) कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी अनुमोदन गर्ने ।
(ग) आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र नीजको पारीश्रमिक तोक्ने ।

विशेष प्रस्तावः

घ) कम्पनीको चुक्ता पुँजीको ८% (कर सहित) शेयर लांभाश वितरण गर्ने सम्वन्धी विशेष प्रस्ताव र सोही बमोजिम कम्पनीको जारी र चुक्ता पूँजी संशोधनका लागि प्रबन्धपत्रको दफा ६ को उपदफा ख र ग संशोधन गर्ने ।
(ङ) कम्पनी ऐन बमोजिम कम्पनीको सञ्चालक समितिको संख्या संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव ।
(च) विविध ।

नोटः मिति २०८१/०७/१४ मा प्रकाशित सूचनामा ८% शेयर लांभाश कर सहित हुनुपर्नेमा भुलवश अन्यथा भएकोले सुधार गरिएको छ ।

वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका र शेयर दाखिला खारेजको कार्य मिति २०८१/०७/२८ गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. सगंठित सस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्नेछ । साथै प्राकृतिक व्यक्तिले नियुक्त गर्ने व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्ने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सभा हुनुभन्दा ७२ घण्टा अगावै अर्थात मिति २०८१।०८।०४ गते १० बजे भित्र कम्पनीमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरि एकै व्यक्तिलाई मात्र प्रतिनिधि नियुक्त गर्नुपर्ने छ । शेयर विभाजन गरि दिइएको प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
६. साधारण सभामा सहभागी हुन अनिवार्य रुपमा आफ्नो परिचय-पत्र वा हितग्राहि खाताको विवरण प्रस्तुत गर्नुपर्नेछ ।
७. साधारण सभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

सञ्चालक समितिको आज्ञाले ।
कम्पनी सचिव

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०७/२९

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली, मोरङबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८१/०६/०७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हवान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालय, रंगेली, मोरङमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स वान डिस्ट्रिक वान प्रडक्ट –आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: सिता देवी मण्डल	नाम	: विनोद कुमार मण्डल
बाबु	: गोपी मण्डल	बाबु	: राम सुन्दर मण्डल
ससुरा	: राम सुन्दर मण्डल	बाजे	: पन्चु मण्डल
पति	: विनोद कुमार मण्डल	पत्नी	: सिता देवी मण्डल
ठेगाना	: रंगेली-०१, मोरङ्ग	ठेगाना	: रंगेली-०१, मोरङ्ग
हाल	: रंगेली न.पा-०७, मोरङ्ग	हाल	: रंगेली न.पा-०७, मोरङ्ग
ना.प्र.नं.	: ०५२०५०/९३५	ना.प्र.नं.	: २०९१
जारी मिति	: २०६५/०५/०९	जारी मिति	: २०५३/०३/३१
जि.प्र.का.	: मोरङ्ग	जि.प्र.का.	: मोरङ्ग

धितो राखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः– सिता देवी मण्डल

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि)	कैफियत
मोरङ्ग	रंगेली	४/१७८०७२०	७७३	३३६.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४.लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय रंगेली, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८०/०८/१४, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली, मोरङ ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA

जग्गा वर्गीकरण नटुंग्याउँदा राजस्व संकलनमा असर

तनहुँ/ व्यास नगरपालिका कार्यालयले जग्गा वर्गीकरणको काम नटुंग्याउँदा राजस्व संकलनमा असर परेको छ । कार्यालयका अनुसार गत आर्थिक वर्षको साउनदेखि असोजसम्म रु. आठ करोड ७८ लाख ९६ हजार सात सय १४ राजस्व संकलन भएकोमा चालू आवको सोही अवधिमा रु. ६ करोड २८ लाख ६८ हजार पाँच सय ४९ गरेको छ । गत आवको तुलनामा चालू आवमा रु. दुई करोड ५० लाख २८ हजार एक सय ६५ राजस्व संकलनमा कमी आएको कार्यालय प्रमुख सुवेदीले जानकारी दिए ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited

(Class 'D' Microfinance Financial Institution Licensed by Nepal Rastra Bank)
Central Office, Babarmahal, Po.Box: 21956, Kathmandu, Nepal
Tel: +977-01-5320913, 5909612, Email info@skbbl.com.np, Web : www.skbbl.com.np

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position
As on Quarter Ended 30 Asoj 2081

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Cash & Cash Equivalent	6,128,101,731.34	4,036,371,911.06
Statutory Balances and Due from Nepal Rastra Bank	208,994,041.76	209,494,041.76
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	33,415,225,708.69	38,123,180,344.99
Loan & advances to customers	48,368,026.32	49,158,644.11
Investment Securities	1,464,280,664.45	1,341,880,664.45
Current Tax Assets	-	14,407,451.11
Investment Property		
Property and Equipment	261,239,814.64	262,343,787.57
Goodwill and Intangible assets	92,995,850.71	93,067,834.77
Deferred tax assets	31,321,962.10	31,321,962.10
Other assets	136,900,754.29	215,135,180.91
Total Assets	**41,787,428,554.30**	**44,376,361,822.83**
Liabilities		
Due to Bank & Financial Institutions	8,310,575,152.54	11,322,434,480.01
Due to Nepal Rastra Bank	118,423,039.94	118,423,039.94
Derivative Financial Instrument	-	-
Deposits from Customers	2,682,714,345.97	2,838,929,397.87
Borrowing	20,146,222,372.50	20,146,222,372.50
Current Tax Liabilities	124,220,566.05	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	621,481,764.38	479,885,768.75
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**32,003,637,241.38**	**34,905,895,059.07**
Equity		
Share Capital	3,806,373,798.55	3,806,373,798.55
Share Premium	18,269,713.60	18,269,713.60
Retained Earnings	1,951,649,422.90	1,729,922,702.60
Reserves	4,007,498,377.88	3,915,900,548.86
Total Equity	**9,783,791,312.92**	**9,470,466,763.61**
Total Liabilities & Equity	**41,787,428,554.30**	**44,376,361,822.83**

Unaudited Condensed Statement of Profit or Loss For the Quarter Ended 30 Asoj 2081

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Interest Income	832,620,069.62	832,620,069.62	1,132,464,823.35	1,132,464,823.35
Interest Expense	(340,125,363.45)	(340,125,363.45)	(615,961,324.83)	(615,961,324.83)
Net Interest Income	**492,494,706.17**	**492,494,706.17**	**516,503,498.52**	**516,503,498.52**
Fees & Commission Income	1,230,000.00	1,230,000.00	-	-
Fees & Commission Expense	-	-	-	-
Net Fee & Commission Income	**1,230,000.00**	**1,230,000.00**	**-**	**-**
Net Interest, Fee & Commission Income	**493,724,706.17**	**493,724,706.17**	**516,503,498.52**	**516,503,498.52**
Net Trading Income	-	-	-	-
Other Operating Income	3,311,197.32	3,311,197.32	145,146.74	145,146.74
Total Operating Income	**497,035,903.49**	**497,035,903.49**	**516,648,645.26**	**516,648,645.26**
Impairment (Charge)/ reversal for loans & other losses	81,296,070.75	81,296,070.75	19,627,039.31	19,627,039.31
Net Operating Income	**578,331,974.24**	**578,331,974.24**	**536,275,684.57**	**536,275,684.57**
Personnel Expenses	(91,654,985.16)	(91,654,985.16)	(87,739,664.34)	(87,739,664.34)
Other Operating expenses	(19,306,826.04)	(19,306,826.04)	(15,299,026.92)	(15,299,026.92)
Depreciation & Amortization	(4,070,875.11)	(4,070,875.11)	(2,653,905.83)	(2,653,905.83)
Operating Profit	**463,299,287.93**	**463,299,287.93**	**430,583,087.47**	**430,583,087.48**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**463,299,287.93**	**463,299,287.93**	**430,583,087.47**	**430,583,087.48**
Income Tax Expense	(141,484,786.38)	(141,484,786.38)	(129,174,926.24)	(129,174,926.24)
Current tax	(141,484,786.38)	(141,484,786.38)	(129,174,926.24)	(129,174,926.24)
Deferred tax	-	-	-	-
Profit for the period	**321,814,501.55**	**321,814,501.55**	**301,408,161.23**	**301,408,161.24**
Condensed Statement Of Comprehensive Income				
Profit For the Period	321,814,501.55	321,814,501.55	301,408,161.23	301,408,161.24
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**321,814,501.55**	**321,814,501.55**	**301,408,161.23**	**301,408,161.24**
Basic Earning Per Share		33.82		36.19
Diluted Earning Per Share		33.82		36.19
Profit For the Period	**321,814,501.55**	**321,814,501.55**	**301,408,161.23**	**301,408,161.24**
Total	**321,814,501.55**	**321,814,501.55**	**301,408,161.23**	**301,408,161.24**

Ratio As Per NRB Directive For the Quarter Ended 30 Asoj 2081

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Capital Fund to RWA		15.30%		18.03%
Non-Performing Loan (NPL) to Toal Loan		2.46%		0.81%
Total loan Loss Provision to Total NPL		167.12%		309.45%
Cost of Funds		4.13%		6.45%
Credit to Deposit and Borrowing Ratio		111.49%		112.57%
Base Rate		5.38%		7.12%
Interest Rate Spread		4.89%		4.14%

Statement of Distributable Profit or Loss For the Quarter Ended 30 Asoj 2081 As per NRB Regulation

Particular	Current Year (Upto This Qtr)	Previous Year (Corresponding Quarter)
Net Profit for the period end 1st Quarter	**321,814,501.55**	**301,408,161.23**
Appropriations		
a. General Reserve	(64,362,900.31)	(60,281,632.25)
b. Foreign exchage fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate Social Responsiability	(3,218,145.02)	(3,014,081.61)
e. Employee training fund		
f. Client Protection fund	(3,218,145.02)	(3,014,081.61)
g. Other	(25,745,160.12)	(33,154,897.74)
Staff Welfare Fund	-	-
RSRF Loan Loss Provision Reserve		
Institutional Strengthening Fund	(9,654,435.05)	(24,112,652.90)
Reconstruction Fund	(16,090,725.08)	(9,042,244.84)
Refund From CSR	-	-
Restructuring Reserve	-	-
Other	-	-
Profit or Loss before Regulatory Adjustment	225,270,151.09	201,943,468.02
Regulatory Adjustment	-	(40,148,238.18)
a. Interest receivable (-)/previous accrued interest received (+)	-	(40,148,238.18)
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)		
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	-
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)		
h. Actuarial loss recognized (-)/reversal (+)	-	-
i. Other (+/-)		
Net Profit for the period end 1st Quarter available for distribution	**225,270,151.09**	**161,795,229.84**
Opening Retained Earning	1,729,922,702.60	1,739,318,288.23
Adjustment(+-)	(3,543,430.79)	-
Distribution:	-	-
Bonus Share Issued	-	-
Cash Dividend Paid	-	-
Total Distributable Profit or (Loss) as on Qtr End Date	**1,951,649,422.90**	**1,901,113,518.07**
Annualised Distributable Profit/Loss Per Share	**51.27**	**57.06**

Notes to interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulators and/or External Auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. Loan and advance to MFI and Co-operatives are presented net amount of impairment allowances.
4. Impairment (Charge) of loan and advances to MFIs and Co-operatives has been calculated as per directive No 2/079 along with amendment dated on 2081/4/16 issued by Nepal Rastra Bank.
5. Loan and advance to Customers are loans to employees, which are measured at amortized costs.
6. Borrowing is borrowing received from Nepal Government.
7. Figures has been rearranged and regrouped wherever necessary.
8. The interim financial statement has been updated in our website: https://www.skbbl.com.np/

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ सँग सम्बन्धित

आ.व.०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**
(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :
यस संस्थाको आ.व.०८१/८२ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।
सम्बन्धित पक्षहरूसंगको कारोबारमा यस वित्तीय संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरू कृषि विकास बैंक लि, नविल बैंक लि, नेपाल बैंक लि, स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि, हिमालयन बैंक लिमिटेड, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, नेपाल एसबीआई बैंक लि., एभरेष्ट बैंक लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, ग्लोबल आईएम बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड संग विपन्न वर्ग कर्जा कारोबार तथा बैंक खाता सञ्चालन गरिएको छ । यस वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधीत्व गर्ने संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि., चैनपुर र साना किसान कृषि सहकारी संस्था लि., आनन्दवनलाई कर्जा कारोबार गर्ने गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपातहरू :

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु.३३.८२	२८.५६ गुणा	रु. २५७.०४	रु. १,०९७.८३	२६३.२७ %

२. **व्यवस्थापकीय विश्लेषण :**
(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता आदि विवरण हेर्दा सन्तोषजनक रहेको छ । हालसम्म यस संस्थाको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुरुप नै रहेको छ ।
(ख) आगामी दिनहरूमा समेत व्यावसायिक विविधिकरण तथा साझेदार संस्थाहरूको चाहना बमोजिम वित्तीय एवं गैर वित्तीय सेवा तथा सुविधा उपलब्ध गराउने कुराहरूमा वित्तीय संस्था व्यवस्थापन प्रतिबद्ध छ ।
(ग) यस वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा रहेको छैन ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :- नभएको ।
(ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए /नभएको–यस संस्थाको जानकारीमा नरहेको ।
(ग) यस संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए /नभएको–यस संस्थाको जानकारीमा नरहेको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**
(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
शेयर कारोबार खुल्ला बजारले निर्धारण गरेको मूल्य मान्यता अनुरुप हुने गरेको छ । यस वित्तीय संस्थाको शेयर कारोबार राम्रो भैरहेको बाट बजारले राम्रो प्रतिकिया जनाएको भन्ने हाम्रो बुझाई रहेको छ ।
(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपालस्टक एक्सचेन्ज लिमिटेडको वेभसाईट www.nepalstock.com.np अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ ।
अधिकतम मूल्यः रु.१,१०५/- न्यूनतम मूल्यः रु.८४७/- अन्तिम मूल्यः रु. ९६६/- कारोबार दिनः ५७ कारोबार संख्याः २२०२८

५. **समस्या तथा चुनौती :**
(क) आन्तरिक समस्या तथा चुनौती : आधुनिक डिजीटल प्रविधी उपयोग गर्न कठिनाई रहेको र मानव श्रोतको दक्षता अभिवृद्धि पूर्ण रुपमा भै नसकेको । उत्कृष्ट अभ्यास र संस्कृति कायम गर्दै मर्जरपछिको व्यवसाय र सेवालाई सुव्यवस्थित बनाउने चुनौती रहेको ।
(ख) बाह्य समस्या तथा चुनौती : देशका अधिकांश क्षेत्रबाट सेवा विस्तारका लागि माग भई आएता पनि वित्तीय बजारमा तरलता अभावका कारण अपेक्षित रुपले सेवा विस्तार गर्न नसक्नु र नितिगत जोखिम कायम रहनु ।
(ग) रणनीति : कृषिको रुपान्तरण एवं उद्यमशील संस्कृतीको विकास गर्न वित्तीय संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । लघुवित्त क्षेत्रमा देखिएका ग्राहक दोहोरोपनाको समस्या कम गर्न संस्थाले वित्तीय सेवा वञ्चित क्षेत्रलाई प्राथमिकता दिने एवं एक कार्य क्षेत्र एक साझेदार संस्थाको नीति अवलम्बन गरेको छ । प्रतिस्पर्धात्मक वातावरणमा यस वित्तीय संस्थाको छवि उच्च राख्न र कार्य दक्षता बढाउन ग्राहकमैत्री सेवा सुविधामा जोड दिने एवं सूचना प्रविधिको समूचित उपयोग बढाउने नीति लिएको छ । साना र विपन्न किसानलाई उद्यमशील र व्यवसायी बनाउन कृषि मूल्यश्रृंखला प्रवर्धनमा जोड दिइएको छ ।

६. **संस्थागत सुशासन :**
यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक एवं सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्ग निर्देशनहरू उच्च प्राथमिकताकासाथ पालना गर्दै आएको छ । संस्थाको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरू पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति र आन्तरिक लेखा परीक्षण एकाई क्रियाशील रहेका छन् । संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागु गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

खाना पकाउने कोशी ग्यासमा चार केजीसम्म कम तौल

विराटनगर/ कोशी ग्यासका सिलिन्डरमा चार केजीसम्म तौल कम भएको पाइएको छ । कोशी ग्यास उद्योगले उपभोक्ताका लागि बजारमा पठाएको चारवटा सिलिन्डरमा चार केजीसम्म कम तौल भेटिएको हो ।

मोरङको बुढीगंगा गाउँपालिका नेमुवामा रहेको उद्योगबाट फिलिङ गरी कोशीले सिलिन्डर विक्रेतामार्फत उपभोक्तासम्म पुऱ्याउने गर्छ । तर, बिक्रीका लागि विराटनगर- ३ बुद्धचोकमा लगिएका चारवटा सिलिन्डरमा ४ केजीसम्म कम ग्यास पाइएको छ ।

विराटनगर- ३ का किशोर चापागाईंले घुम्ने व्यापारीबाट खरिद गरेको चारवटा सिलिन्डरमा ग्यासको तौल कम भएको शंका लागेपछि जिल्ला प्रहरी मोरङमा उजुरी दिएका थिए । 'आफैंले वजन जोख्दा कम भएको शंका लाग्यो,' चापागाईंले भने, 'त्यसपछि प्रहरीमा उजुरी दिएँ । पछि जोख्दा चार केजीसम्म कम भएको पाइयो ।'

उजुरीपछि प्रहरीको आग्रहमा गुणस्तर तथा नापतौल कार्यालय विराटनगरको टोलीले पनि तौल जाँच गरेको थियो । उपभोक्तासम्म आइपुगेको उक्त सिलिन्डरमा भएको ग्यासको तौल १०.७४ केजी, ९.७४५ केजी, ८.८ केजी र १३.७६५ केजी मात्र थियो ।

यसैगरी, चारवटा सिलिन्डरको कुल तौल क्रमशः २६.४०, २५.०४५, २४.१०० र २९.०६५ रहेको थियो । नापतौल नियमअनुसार हरेक सिलिन्डरको टैर तौल १५.३ केजी र सिलिन्डरभित्रको ग्यास १४ केजी दुई सय ग्राम हुनुपर्छ ।

तौल कम भएपछि कोशी ग्यास बिक्री गर्दै हिंड्ने राजकुमार मण्डल र उद्योगका प्रतिनिधि विपिन मण्डललाई समेत रोहबरमा राखेर वाणिज्य विभागले मुचुल्का उठाएको छ । साथै, ग्यास बिक्री गर्दै हिंड्ने मण्डललाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिइएको छ ।

नापतौल तथा गुणस्तर कार्यालयका प्रमुख शम्भुकुमार झाले घटनाबारे विक्रेता र उद्योगसँग सोधपुछ गरेर अनुसन्धान थालिसकेको र प्रहरीले पनि आफ्नोतर्फबाट अनुसन्धान गरिरहेको बताए ।

सिद्धार्थनगरद्वारा कृषकलाई उन्नत गहुँको बिउ वितरण

बुटवल/ सिद्धार्थनगर नगरपालिकाले कृषकलाई उन्नत गहुँको बिउ वितरण सुरु गरेको छ । नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषकलाई उन्नत गहुँको बिउ वितरण सुरु गरेको हो ।

जात नखुलेका बिउ बिजक प्रयोगबाट हुने नोक्सानी कम गरी कृषकको आयवृद्धि गर्ने उद्देश्यले बिउ वितरण गरिएको सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इस्तियाक अहमद खाँले जानकारी दिए ।

बजारमा पाइने कम गुणस्तरका बिउ लगाउँदा दाना नलाग्ने, उत्पादन कम हुनेलगायतका समस्या कम गर्न र उन्नत बिउ प्रयोगमा कृषकलाई आकर्षित गर्न कृषकको मागबमोजिम नेपालमै बनेको उन्नत बिउ वितरण गरिएको उनले बताए । कृषकको कृषियोग्य जमिनका आधारमा कम्तीमा एक बोरा र थप आवश्यकताका आधारमा बिउ वितरण गर्न लागिएको उनको भनाइ छ ।

नगरपालिकाका कृषि शाखा प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार बिउ वितरण गर्न कृषि सामग्री कम्पनीबाट आठ सय बोरा मल ल्याइएको छ । ४० किलोको एक बोरालाई ३ हजार ४ सय रुपैयाँ पर्नेमा नगरपालिकाले कृषकलाई १ हजार ७ सयमा उपलब्ध गराएको छ ।

Khani Khola Hydropower Company Ltd.

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
ii) The company is committed to maintain high standard of corporate governance by compliance to legal and regulatory requirement.
iii) Good Corporate Governance is an integral part of the Company to safeguard the interest of stakeholders.

H. Declaration by the Chief Executive Officer on the truthfulness and accuracy of information

I, CEO of the insurance company, take responsibility for the truthfulness of the information and details disclosed in this report. I also herby declare that to the best of my knowledge and belief, the information disclosed in this report are true, fair and complete and have not concealed any matters that can adversely affect the investment decisions of the investors.

उद्योगीलाई दिएको पुरानै बिल ठिक छ, त्यसै आधारमा बक्यौता तिर्नुपर्छ : कुलमान

नयाँ पत्रिका

सरकारले १५ दिनभित्र उद्योगहरूको बक्यौता असुल गर्ने निर्णय गरेर प्राधिकरणलाई लाइन जोड्न निर्देशन दिइसकेको छ। उद्योगीहरूले विगतदेखि नै प्राधिकरणले थमाएको बिलमाथि प्रश्न उठाउँदै आएका छन्। तर, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उद्योगीहरूलाई दिएको पुरानै बिल ठिक भएको दोहोऱ्याएका छन्।

बुधबार पत्रकार सम्मेलन गरेर उनले भने, 'हामीले यसअघि पनि टिओडी मिटरकै आधारमा बिल काटेको हो। त्यो बिलविरुद्ध उद्योगीहरू विभिन्न अदालत गएका थिए। त्यसमा अदालतले प्राधिकरणको बिल ठिक भएको भन्दै ९० भन्दा बढी रिट खारेज गरिदिएको छ,' उनले भने, 'अदालतसहित विद्युत् नियमन आयोग, महालेखालगायत सबैले प्राधिकरणको बिल ठिक छ भनेका छन्। त्यो बिल बेठिक छ भनेर पुनः हिसाब गर्ने कुरा आउँदैन। उद्योगीले पुरानै बिलअनुसार बक्यौता तिर्नुपर्छ।'

घिसिङले उद्योगीबाट बक्यौता असुल नभए प्राधिकरण आर्थिक तथा वित्तीय संकटमा जान सक्ने पनि बताए। 'प्राधिकरणको मासिक आम्दानी ११-१२ अर्बहाराहारीमा हुन्छ। विद्युत् खरिद, कर्मचारी तलबसहित सञ्चालनमा १० अर्बभन्दा बढी खर्च हुन्छ। त्यसमा विद्युत् किनेबापत निजी आयोजनाहरूलाई मात्रै महिनामा सात-आठ अर्ब तिर्नुपर्छ। परियोजनाहरूमा लगानी गर्नुपर्ने पनि छ,' उनले भने, 'तर, उद्योगबाट बक्यौता नउठाएको नाममा अहिले सर्वसाधारणले महसुल तिर्न छोडेका छन्। यदि, खर्च पनि धान्न नपुग्ने गरी महसुल संकलन घट्यो भने बहुपक्षीय रूपमा असर पर्छ। निजी क्षेत्रलाई विद्युत् किनेको पैसा दिन सकिन्न। उनीहरूले बैंकको ऋण तिर्न सक्दैनन्। त्यसपछि जलविद्युत् परियोजनामा पनि लगानी आकर्षित हुँदैनन्। त्यसले गर्दा सिमेन्ट-डन्डीसम्बन्धी उद्योगहरू प्रभावित हुन्छन्। केही सीमित उद्योग बन्द भएर खासै असर पर्दैन जस्तो लाग्छ। तर, प्राधिकरणको वित्तीय अवस्था बिग्रियो भने समग्र अर्थतन्त्र प्रभावित हुन्छ।'

प्राधिकरणले वर्षमा डेढ खर्बभन्दा बढी नगद प्रवाह गर्ने र त्यसले अर्थतन्त्र चलायमान बनाउन ठुलो सहयोग गर्ने गरेको घिसिङको भनाइ छ। अब बक्यौता उठाउन जनताको पनि सहयोग आवश्यक देखिएको



उनले बताए। 'अब बक्यौता उठाउन प्राधिकरण र सरकारको प्रयासले मात्रै नहुने भयो। जनताको पनि सहयोग हुनुपर्छ,' उनले पत्रकार सम्मेलनमा भने, 'आमजनताले पनि यसमा सहयोग गर्नुहुन्छ भन्ने आशा छ। बक्यौता असुल भएन भने सरकार बढी जिम्मेवार हुनुपर्छ।'

२८ उद्योगमा जोडियो लाइन, १५ दिनमा बक्यौता नतिरे फेरि काटिने

बक्यौता नतिरेका २८ उद्योगमा काटिएको लाइन प्राधिकरणले पुनः जोडेको छ। सरकारको निर्देशनमा मंगलबार प्राधिकरण सञ्चालक समितिले गरेको निर्णयका आधारमा २८ वटै उद्योगमा लाइन जोडिएको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले बताए।

बक्यौता नतिरेका ३४ उद्योगमा प्राधिकरणले ८ कात्तिकमा लाइन काटेको थियो। त्यसमा ६ उद्योगले बक्यौता तिर्न सुरु गरेपछि यसअघि नै लाइन जोडिएको थियो। गत आइतबार मन्त्रिपरिषद्ले उद्योगमा काटेको लाइन २४ घण्टामा जोड्न र १५ दिनमा टिओडी मिटरको तथ्यांकका आधारमा बक्यौता उठाउन निर्देशन दिएको थियो। सोहीअनुसार उद्योगमा लाइन जोडिएको हो।

'उद्योगलाई १५ दिनभित्र बक्यौता तिर्न भनेका छौँ। तोकिएको अवधिमा बक्यौता नबुझाए पुनः कानुनी कारबाही अघि बढ्ने भनेर उल्लेख पनि गरेका छौँ,' प्राधिकरणका एक अधिकारीले भने, 'त्यसैले बक्यौता नबुझाए १५ दिनपछि पुनः लाइन काट्न सकिन्छ।'

बक्यौता घटाउने ऊर्जामन्त्रीको अर्को प्रपञ्च, बिल पुनः गणना गराउन उपसमिति बनाउने तयारी

सुरुदेखि नै उद्योगीको पक्ष लिँदै आएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उद्योगीलाई विद्युत्को बक्यौता घटाइदिन अझै चलखेल गरिरहेका छन्। प्राधिकरणबाटै बिल पुनः गणना गराएर बक्यौता घटाइदिने योजनामा उनी रहेको स्रोतले बतायो। त्यसका लागि प्राधिकरणमा छुट्टै उपसमिति बनाउने खड्काको तयारी छ।

उनकै योजनामा बिहीबार बिहान प्राधिकरण सञ्चालक समितिको बैठक बस्दै छ। सोही बैठकबाट डेडिकेटेड फिडर र ट्रंकलाइनसम्बन्धी बक्यौताको बिल पुनः गणना गर्ने समिति बनाउने प्रस्ताव लैजाँदै छन्। त्यसपछि समितिबाट बिल पुनः गणना गर्ने-गराउने नाममा उद्योगीको बक्यौता रकम घटाइदिने योजना मन्त्रीको रहेको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए। नियोजित रूपमै मन्त्री खड्काले यस्तो योजना अघि बढाएको स्रोतको भनाइ छ।

उनकै प्रस्तावमा मन्त्रिपरिषद्ले टिओडी मिटरको आधारमा १५ दिनभित्र उद्योगबाट बक्यौता असुल गर्ने निर्णय गरेको थियो। त्यसबाट बक्यौता रकम घट्ने आशा मन्त्री खड्का र उद्योगीको थियो। तर, त्यो निर्णय कार्यान्वयनमा लगिसकेको प्राधिकरणले यसअघि पनि टिओडी मिटरकै आधारमा बिल काटेको भन्दै पुरानै बिलअनुसार १५ दिनभित्र बक्यौता तिर्न उद्योगलाई पत्र काटेको छ। त्यसैले, उनी उद्योगीको पक्षमा अर्को निर्णय गर्ने तयारीमा लागेका हुन्।

■ प्रधानमन्त्रीको भ्रमण तयारी

परराष्ट्रमन्त्री राणा पहिल्यै चीन जाने

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा चीन भ्रमणमा जाने भएकी छिन्। प्रधानमन्त्री जानुभन्दा चार दिनअघि परराष्ट्रमन्त्री राणा १३ मंसिरमा बेइजिङ जाने तय भएको छ। उनले १४, १५ र १६ मंसिरमा चिनियाँ विदेशमन्त्री वाङ यीलगायत उच्च चिनियाँ अधिकारीसँग भेटवार्ता गर्नेछिन्।

चिनियाँ समकक्षी वाङ यीको औपचारिक निमन्त्रणामा परराष्ट्रमन्त्री राणा चीन जान लागेकी हुन्। नेपालका लागि चिनियाँ राजदूत चेन सङले चिनियाँ विदेशमन्त्री वाङका तर्फबाट पठाइएको निमन्त्रणा-पत्र सोमबार परराष्ट्रमन्त्री राणालाई सिंहदरबारमा भेटेर हस्तान्तरण गरेका थिए। भेटमा नेपाल-चीन सम्बन्ध र आपसी सहकार्यबारे छलफल भएको परराष्ट्र मन्त्रालयले सामाजिक सञ्जाल एक्समा सार्वजनिक गरेको छ।

परराष्ट्र मन्त्रालय तथा नेपालस्थित चिनियाँ राजदूतावास स्रोतले परराष्ट्रमन्त्री राणा १३ मंसिर(२८ नोभेम्बर)मा चीन जाने तय भइसकेको र त्यसबारे नेपाल र चीन दुवैले एकैसाथ सार्वजनिक गर्नेछन्। सत्तारूढ एमाले र कांग्रेसको उच्चस्तरीय संयन्त्रले प्रधानमन्त्री ओलीको चीन भ्रमणको गृहकार्यका लागि समन्वय र संयोजन गर्न परराष्ट्रमन्त्री राणालाई निर्देशन दिएको थियो। त्यसलगत्तै, एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको प्रतिनिधिमण्डल पनि प्रधानमन्त्री ओलीको भ्रमणकै तयारीका लागि चीन पुगेको छ।

परराष्ट्रमन्त्री राणाका प्रेस सल्लाहकार एकराज पाठकले नोभेम्बर अन्तिम साता (मंसिर दोस्रो साता) परराष्ट्रमन्त्रीको चीन भ्रमण हुने गरी गृहकार्य भइरहेको बताए। 'परराष्ट्रमन्त्री चीन जाने गृहकार्य भइरहेको छ। विस्तृत कार्यतालिका टुंगिन बाँकी छ,' पाठकले भने। परराष्ट्रमन्त्रीलाई चार दिनअघि नै चीन पठाएर प्रधानमन्त्रीले वर्तमान सरकारबाट चीनसँगको सम्बन्धलाई उच्च महत्त्व दिएको सन्देश दिन खोजेका छन्। 'परराष्ट्रमन्त्रीले चिनियाँ विदेशमन्त्रीसँग नेपालले चीनसँग अहिले चाहेका विषयहरू, बिआरआई कार्यान्वयन योजना, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा लिएको ऋण मिनाहालगायतका विषयमा छलफल गर्नुहुन्छ,' परराष्ट्र स्रोतले नयाँ पत्रिकासँग भन्यो, 'चिनियाँ राष्ट्रपति सी जिनपिङको पछिल्लो नेपाल भ्रमणमा भएका सहमति र समझदारी कार्यान्वयनमा छलफल केन्द्रित हुनेछ।'

प्रधानमन्त्री ओली १७ मंसिरमा पाँचदिने औपचारिक भ्रमणका क्रममा चीन जाँदै छन्। परराष्ट्रमन्त्री राणाले प्रधानमन्त्रीको भ्रमणमा बेइजिङबाटै सहभागिता जनाउने र प्रधानमन्त्रीसँगै १ मंसिरमा स्वदेश फर्किने कार्यक्रम छ। प्रधानमन्त्रीको चीन भ्रमणमा बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर गर्ने तयारी छ। यसका लागि सत्तारूढ एमाले र कांग्रेसबिच परराष्ट्रमन्त्री राणाको चीन भ्रमणअघि नै साझा धारणा बनाउने गृहकार्य भइरहेको छ। नेपालले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि लिएको चिनियाँ ऋण मिनाहा होस् भन्नेमा एमाले र कांग्रेसको साझा धारणा छ। नेपाललाई चीनले कुनै एउटा ठुलो परियोजना निर्माण गरोस् भन्ने दुवै दलको चाहना छ। यीलगायतका विषयमा परराष्ट्रमन्त्रीले समकक्षी वाङसँग छलफल गर्ने कार्यक्रम छ।

यसअघि उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणका वेला दुई देशबिच परराष्ट्रमन्त्रीस्तरीय संयन्त्र गठन गर्ने सहमति भएको थियो। नेपाल र भारतबिच परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग भएजस्तै नेपाल-चीनबिच पनि मन्त्रीस्तरीय संयन्त्र गठनमा दुवै देशले सहमति जनाएका थिए। परराष्ट्रमन्त्री राणाको भ्रमणमा यो संयन्त्र विधिवत रूपमा सुरुवात हुन सक्ने पनि परराष्ट्रका अधिकारीहरूको आकलन छ। परराष्ट्रमन्त्री राणाले मंगलबार सबै मन्त्रालयका सचिवहरूलाई परराष्ट्र मन्त्रालयमा बोलाएर चिनियाँ लगानी, ऋण र अनुदानका परियोजनाहरूको पछिल्लो अवस्था र समस्याबारे छलफल गरेकी थिइन्। उनले सोमबारसम्म चीनसँग उठाउनुपर्ने एजेन्डा लिखित रूपमा पेस गर्न सचिवहरूलाई निर्देशन दिएको एक सचिवले बताए। कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नीसमेत रहेकी परराष्ट्रमन्त्री राणा र चिनियाँ कम्युनिस्ट पार्टीका नेताबिच पनि भेटघाटको तयारी छ। 'परराष्ट्रमन्त्री राणामार्फत चीनले कांग्रेससँग सम्बन्ध सुधार र विस्तारका लागि प्रयास अघि बढाउनेछ। दुई पार्टीबिच संवाद र सम्बन्ध अघि बढाउने योभन्दा महत्त्वपूर्ण अवसर अर्को हुन सक्दैन,' चिनियाँ कूटनीतिक स्रोत भन्छ।

सरकारकै संरक्षणमा...

पृष्ठ १ बाट क्रमशः

भन्दै ठाउँ-ठाउँका उपभोक्ता विरोधमै उत्रिन थालेका हुन्। रूपन्देही, संखुवासभा, सिराहालगायत जिल्लामा स्थानीयले प्राधिकरण कर्मचारीलाई मिटर रिडिङमा अवरोध मात्रै गरेका छैनन्, रूपन्देही देवदहका स्थानीयले त उद्योगीको बक्यौता नउठाएसम्म महसुल नतिर्ने भन्दै सिडिओलाई ज्ञापनपत्र बुझाउनेदेखि राँकेजुलुस निकाल्नेसम्मका विरोध कार्यक्रम गरेका छन्। संखुवासभामा लाइन काट्न गएका कर्मचारीमाथि कुटपिट नै भएको छ। त्यस्तै, सिराहाको माडरमा महसुल नतिर्ने उपभोक्ताको लाइन काट्दा कर्मचारीलाई स्थानीयले ११ घण्टासम्म नियन्त्रणमा लिएका छन्। पुनः लाइन जोडेपछि मात्रै छाडिदिएका छन्।

उद्योगीलाई बक्यौता असुल नगरी पटक-पटक लाइन जोडिएका घटनामा सर्वसाधारण ग्राहकले खुलेरै असन्तुष्टि जनाउन थालेको विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। 'उद्योगीसँग अर्बौं रुपैयाँ बक्यौता नउठाउने, लाइन काटे पनि जोडिहाल्ने, हामीलाई भने दुःख दिने भन्दै सर्वसाधारण उपभोक्ताले प्रश्न उठाउन थालेका छन्,' उनले भने, 'लाइन काट्दा, मिटर रिडिङ गर्न जाँदा हाम्रा कर्मचारीमाथि अभद्र व्यवहार हुन थालेको छ।'

गत ८ कात्तिकमा विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रका कर्मचारी महसुल नतिरेको भन्दै रोहिणी गाउँपालिका बैकुण्ठपुरस्थित एक सर्वसाधारणको घरमा लाइन काट्न गए। तर, ठुला उद्योगलाई वर्षौंदेखि अर्बौं छुट दिइरहने, दुई-चार सय बक्यौता हुने सर्वसाधारणको घरमा लाइन काट्न आउने भन्दै स्थानीयले अवरोध गरे। पहिले उद्योगीसँग बक्यौता उठाएर आउन भन्दै विरोध गरेपछि प्राधिकरणको टोली लाइन नकाटी फर्कियो। भोलिपल्ट प्रहरी सुरक्षासहित गएर उक्त ग्राहकको घरमा लाइन काटेको थियो।

उद्योगीसँग बक्यौता असुल नगरेको भन्दै रुपन्देहीकै देवदह नगरपालिका- ७ का स्थानीयले भदौको सुरुका दुई साता प्राधिकरण कर्मचारीलाई आफ्ना घरमा मिटर रिडिङ नै गर्न दिएनन्। स्थानीयले 'जनपक्षीय संयुक्त संयन्त्र' नामक एक संगठन नै बनाएर अभियान चलाएका हुन्। उक्त समूहले ३२ साउनमा जिल्ला प्रशासन कार्यालयमा सिडिओलाई ज्ञापनपत्र बुझाउँदै उद्योगीको बक्यौता असुल नभएसम्म आफूहरूले पनि महसुल नतिर्ने चेतावनी दिएका थिए। 'प्राधिकरणलाई उद्योगीहरूले तिर्नुपर्ने महसुल नतिर्दासम्म हामीले पनि विद्युत् महसुल उतिर्ने घोषणा गर्दछौँ। त्यसैले, विद्युत् प्राधिकरणलाई मिटर रिडर नपठाउन पनि अनुरोध गर्दछौँ,' विज्ञप्तिमा उल्लेख थियो। ज्ञापनपत्रलाई खेलाँची ठाने सशक्त आन्दोलन गर्ने र त्यसबाट निम्तिने घटनाको जिम्मेवार सरकार हुने समूहको चेतावनी थियो। त्यसपछि मिटर रिडिङ गर्ने कर्मचारीले फिल्डमा जान नसक्ने भन्दै प्राधिकरणको बुटवल वितरण केन्द्रमा पत्र नै पठाएका थिए। प्रशासनले आफ्ना मागको सम्बोधन नगरेको भन्दै स्थानीयले २६ भदौमा देवदहमा राँकेजुलुससमेत निकालेको थियो।

१४ साउनमा संखुवासभाको खाँदबारी वितरण केन्द्रका कर्मचारी स्थानीय एक ग्राहकको घरमा लाइन काट्न गए। बक्यौता नतिरेर कालोसूचीमा परेको अर्को ग्राहकलाई आफ्नोबाट विद्युत् दिएको भन्दै उक्त ग्राहकको घरमा लाइन काट्न कर्मचारी गएका थिए। तर, स्थानीयले उद्योगीसँग बक्यौता उठाउन नसक्ने, तर साना उपभोक्तालाई दुःख दिने भन्दै कर्मचारीलाई कुटपिट तथा अभद्र व्यवहार गरेर लखेटे। अहिले भने ती ग्राहकले बक्यौता तिरिसकेको प्राधिकरणले जनाएको छ।

सिराहा नगरपालिकाको माडरमा महसुल नतिर्ने ग्राहकको घरमा लाइन काट्ने सिराहा वितरण केन्द्रका कर्मचारीलाई १६ साउनमा स्थानीयले नियन्त्रणमा लिए। केही घरमा लाइन काटेर छोटु यादवको घरमा काट्न लाग्दा स्थानीयले एकाएक कर्मचारीको टोलीलाई घेरेका थिए। ठुला उद्योगले बक्यौता नतिरे पनि लाइन जोडिदिने, तर सर्वसाधारणलाई पेल्ने भन्दै उनीहरू आक्रोशित बने। बिहान १० बजेतिर नियन्त्रणमा राखिएका कर्मचारीलाई लाइन पुनः जोडिदिएपछि राति ९ बजेतिर मात्रै छाडिदिएका थिए।

सिराहाकै मिर्चैयामा २४ साउनमा प्राधिकरणको टोली बक्यौता नतिरेका ग्राहकको घरमा लाइन काट्न गएको थियो। तर, सचेत नागरिक तथा युवा समूह, मिर्चैया नामको स्थानीय समूहले पनि उद्योगीको अर्बौं बक्यौता उठाउन छाडेर किन सर्वसाधारणको घरमा लाइन काट्न आएको भन्दै अवरोध गरेको थियो। त्यसपछि टोली त्यसै फर्किएको थियो। सोही समूहले सबै ग्राहकलाई समान व्यवहार गर्नुपर्ने भन्दै सिराहा वितरण केन्द्रमा पत्रसमेत लेखेको थियो। 'गरिब जनताको थोरै बक्यौता हुँदा पनि बिजुली तुरुन्त काटिन्छ, तर राजनीतिक पहुँचवाला व्यक्ति र ठुला कम्पनीलाई अर्बौं बक्यौता हुँदा पनि विद्युत् दिइन्छ,' पत्रमा भनिएको थियो, 'यस्तो विभेदपूर्ण व्यवहार स्वीकार्य छैन।'

मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकलाई शुल्क लाग्दैन। तर, उनीहरूले न्यूनतम ३० रुपैयाँ शुल्क भने तिर्नुपर्छ। त्यो शुल्क तिर्न नसक्ने ग्राहकको घरमा पनि प्राधिकरणले विद्युत् काट्दै आएको छ। तर, वर्षौंदेखि डेडिकेटेड फिडर र ट्रंकलाइनको अर्बौं रुपैयाँ बक्यौता नतिरेका उद्योगमा लाइन काट्दा बक्यौता असुल नहुँदै सरकारले लाइन जोड्न निर्देशन दिने गरेको छ।

कर्णालीमा पनि अवरोध

कर्णालीमा पनि बक्यौता नतिर्ने घरमा लाइन काट्न जाँदा अवरोध भएको छ। विगतमा लाइन काट्दा गुनासो नगर्ने उपभोक्ताहरूले अहिले असन्तुष्टि पोख्न थालेको प्राधिकरण कर्णाली प्रदेश प्रमुख शम्भु कुसियैत यादवले बताए। 'दसैं-तिहार भर्खर सकिएकाले अहिले त लाइन काट्ने अभियान अघि बढेको छैन। तर, भदौमा बक्यौता नतिरेका ग्राहकको लाइन काट्ने अभियानका क्रममा स्थानीयले गुनासो गरेका थिए। ठुला उद्योगीलाई छुट दिनुहुन्छ, हामी सर्वसाधारणलाई दुःख दिनुहुन्छ भन्दै धेरै गुनासो गर्नुभयो। कहीँकतै हल्काफुल्का अवरोध पनि भयो। विगतमा यस्ता गुनासा र समस्या हुँदैनथे,' उनले भने। त्यस्तै, सुर्खेत वितरण केन्द्रका अशोक लोहनीले पनि पछिल्लो समय लाइन काट्न जाँदा विभिन्न अवरोध आउने गरको बताए।

निरुत्साहित हुँदै प्राधिकरण कर्मचारी

पछिल्लो समय प्राधिकरणका कर्मचारी बक्यौता नतिर्ने ग्राहकको लाइन काट्न निरुत्साहित भएका छन्। बिल जारी भएको ६० दिनमा महसुल असुल नभएमा प्राधिकरणका कर्मचारीले नियमतः सिधै ग्राहकको लाइन काट्न सक्छन्। समय-समयमा बक्यौता असुल गर्न बक्यौता नतिर्ने ग्राहकको लाइन नै काट्ने अभियान अघि बढाइन्छ। बक्यौता नतिरेमा ग्राहकमाथि हुने पहिलो कानुनी कारबाही नै यही हो। तर, पछिल्लो समय लाइन काट्दा ग्राहकबाट अभद्र व्यवहार हुने गरेको छ। त्यसले गर्दा पछिल्लो समय ग्राहकहरूको घरमा लाइन काट्न नसकिएको वितरण केन्द्रका अधिकारीको गुनासो छ। 'उद्योगीबाट बक्यौता उठाउनुहुन्न, हामी सर्वसाधारणलाई थोरै बक्यौता हुँदा पनि दुःख दिन आउनुहुन्छ भन्दै ग्राहकबाट गुनासो र अभद्र व्यवहार हुन थालेको छ। अहिले प्राधिकरणका कर्मचारी लाइन काट्ने विषयमा निरुत्साहित भएका छन्,' प्राधिकरण लुम्बिनी प्रदेशका प्रमुख हरि पाण्डेले भने, 'अहिले ग्राहककोमा लाइन काट्न पनि सहज छैन। धेरै नै मिहिनेन गर्नुपरेको छ। पछिल्लो समय हामीले ग्राहकको लाइन काट्न करिब छाडेका छौँ।'

विद्युत्को महसुल नतिरेको भन्दै प्राधिकरणले ११ देखि ३१ भदौसम्म २१ हजार तीनजना सर्वसाधारण ग्राहकको घरमा विद्युत् काटेको थियो। ती ग्राहकको ४० करोड ४२ लाख १७ हजार रुपैयाँ बक्यौता थियो। पटक-पटक ताकेता गर्दा पनि बक्यौता नतिरेपछि प्राधिकरणले उनीहरूको लाइन काटिदिएको थियो। तर, चालू आवको एकीकृत तथ्यांक भने प्राधिकरणले तयार पारिसकेको छैन। प्राधिकरणले गत आव ०८०/८१ मा एक लाख ८८ हजार २७५ ग्राहकको लाइन काटेको थियो। त्यसअघि ०७९/८० मा एक लाख ७० हजार १४७ ग्राहकको विद्युत् कटौती गरिएको थियो।

केरुङ र खासा...

पृष्ठ १ बाट क्रमशः

फलफूलका ३० र लत्ताकपडाका करिब दुई हजार कन्टेनर सामान केरुङ गोदाममा छन्। खासातर्फ करिब १५० कन्टेनर सामान क्युमा छन्। पहिरोपछि महिना दिनमा बनेको केरुङ सडकमा दोहोरो कन्टेनर चल्न दिइएको छैन। सडक कमजोर भएकाले चिनियाँ ट्राफिक प्रहरीले ढिला गरेर कन्टेनर छाड्ने गरेका छन्।

खासापट्टि चिनियाँ अध्यागमन र भन्सारले घण्टामा एउटा मात्र कन्टेनर चेक गरेर छाड्ने गरेका छन्। चिनियाँ लापरबाही र हेपाहा प्रवृत्तिले नेपाली व्यापारी मारमा परेका हुन्। सडक र खासा बजारको पुनर्निर्माणलाई देखाएर मालबाहक कन्टेनर महिनौँदेखि सडक किनारामा रोकिएका छन्। पालो कुरेर बस्दा पार्किङ भाडा, चालकलाई खानेबस्ने खर्च बढी निस्कन्छ। चिनियाँ सहरबाट सात दिनमा केरुङ र खासामा आउँदा लाग्ने ढुवानी भाडाभन्दा केरुङबाट काठमाडौं आउन बढी भाडा लागेकाले व्यापारी चिन्तित छन्।

पहिरोअघि रसुवा भन्सारबाट स्याउ बोकेर काठमाडौं आएको कन्टेनरको भाडा ८० हजार थियो। अहिले बढेर दुई लाख ३० हजारसम्म पुगेको छ। रेडिमेड सामान बोकेका कन्टेनर भाडा एक लाखबाट बढेर दुई लाख ५० हजार पुऱ्याइएको छ। केरुङ गोदाममा स्याउ कुहिन लागेकाले बढी भाडा तिरेर भए पनि फलफूल आयात गरिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका प्रतिनिधि व्यापारी शारदाप्रसाद पराजुलीले बताए। 'केरुङमा रहेका कोल्डस्टोर भरपर्दो नभएको र फलफूल कुहिन थालेकाले बढी भाडा तिरेर सामान ढुवानी गर्न बाध्य भयौँ,' उनले भने, 'यसको सबै भार उपभोक्तामा पर्छ।'

यसपालि फलफूल व्यापारीले उत्तरी नाकामा १० करोड नोक्सानी व्यहोर्नुपरेको उनले सुनाए। ठुला व्यापारीलाई एक करोड र साना फलफूल व्यापारीलाई १० लाखसम्म घाटा लागेको आकलन गरिएको छ। जथाभावी भाडा बढाउँदा व्यापारी र उपभोक्तामा ठुलो असर पर्ने जनाउँदै रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले वक्तव्य जारी गरेर अनधिकृत भाडा नबढाउन चेतावनी दिएका थिए। तर, साबिक भाडादर कायम हुन सकेको छैन।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले ठुलो परिमाणमा गोदाममा सामान थुप्रिँदा वस्तुको भोल्युम बढी, तर कन्टेनर कम भएकाले भाडा बढेको बताए। 'फलफूल कुहिनु र रेडिमेड सामानको फेसन आउट भएर घाटा व्यहोर्नुभन्दा बढी भाडा तिरेरै भए पनि व्यापारीले आफ्नो सामान राजधानी ल्याएका हुन्,' उनले भने।

साबिक दरमा भाडा कायम गर्न प्रशासन र व्यापारी संघसंस्थाबिच छलफल भए पनि निष्कर्ष निस्केको छैन। खासापट्टि पनि कन्टेनर भाडा बढाउन ट्रान्सपोर्ट कम्पनीले बैठक गरेका छन्। खासा पुनर्निर्माण जारी रहेकाले चिनियाँ अध्यागमन र भन्सारले दैनिक १५ कन्टेनर सामान छोड्ने गरेको छ।

सयौँको संख्यामा रहेका कन्टेनरले महिना दिनसम्म पालो कुर्दा बढी खर्च हुने भएकाले भाडा बढाउन लागेको ट्रान्सपोर्ट कम्पनीले बताएका छन्। तर, हालसम्म तातोपानीबाट राजधानी काठमाडौं आउने कन्टेनर भाडा बढेको छैन। 'खासा पुनर्निर्माणले रोकिएका कन्टेनर छाड्न हामीले चिनियाँ पक्षसँग बारम्बार अनुरोध गरेका छौँ,' तातोपानी भन्सारका सूचना अधिकृत सूर्यप्रसाद काफ्लेले भने।

दसैंपछि तातोपानी नाकाबाट कन्टेनर कम आएका छन्। खासापट्टि आउने कन्टेनर बिचबाटोमा रोकिएकाले यस्तो अवस्था आएको हो। दसैंपछि इलेक्ट्रिक कारको भन्सार भइरहकोले मालबाहक कन्टेनर कम आएका हुन्। आगामी हप्ताबाट पुरानै लयमा खासाबाट नेपालपट्टि कन्टेनर आउने र राजस्व संकलनमा पनि सुधार हुने उनले बताए।

उपत्यकामा बढे...

पृष्ठ १ बाट क्रमशः

सडक किनार पार्किङ र घरमै पार्किङ गरिरहेकै अवस्थामा पनि मोटरसाइकल चोरी भएका छन्। पछिल्लो चार महिनामा मात्रै धरहरा क्षेत्रको पार्किङबाट ३० वटाभन्दा बढी मोटरसाइकल हराएका छन्।

ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी उमाप्रसाद चतुर्वेदीले घरमै राखेका मोटरसाइकलसमेत हराएकाले सवारीधनी चलाख हुनुपर्ने बताउँछन्। 'मोटरसाइकल चोरीका घटना बढिरहेका छन्, घरबाट पनि हराएको निवेदन आइरहन्छन्,' उनले भने, 'आफ्नो सवारीसाधन चोरी हुन नदिन चालक चनाखो हुनुपर्छ।'

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार चालू आर्थिक वर्षको चार महिनामा ७२७ वटा मोटरसाइकल हराएको निवेदन परेको थियो। ०७७/७८ मा एक हजार ३५६, ०७८/७९ मा एक हजार ६०४, ०७९/८० मा एक हजार ८५०, ०८०/८१ मा एक हजार ४०२ मोटरसाइकल हराएका निवेदन थिए। यो उपत्यकाका तीन जिल्लाको मात्रै तथ्यांक हो। सवारीधनीले दिएको निवेदनका आधारमा ट्राफिक प्रहरीले हराएको मोटरसाइकल खोज्ने गरेको छ। तर, निवेदनअनुसार हराएका मोटरसाइकल भेटिएका छैनन्। हराएका मोटरसाइकल मुख्य त नियमित चेकजाँचका क्रममा पनि भेटिने गरेका छन्।

०७७/७८ मा ३६७ वटा मोटरसाइकल भेटेर सवारीधनीलाई जिम्मा लगाइएको थियो। त्यस्तै, ०७८/७९ मा ४३४, ०७९/८० मा ४९९ र ०८०/०८१ मा ४१७ वटा मोटरसाइकल सवारीधनीलाई जिम्मा लगाइएको छ। ०८१/८२ मा हराएकामध्ये १७४ वटा मोटरसाइल मात्रै भेटिएका छन्।

मोटरसाइकल चोरीमा संलग्नमध्ये अधिकांश व्यक्ति यान्त्रिक ज्ञान भएका तथा ग्यारेजमा काम गरेका व्यक्ति छन्। प्रहरीले पक्राउ गरेकामध्ये अधिकांश व्यक्ति ग्यारेजमा काम गरेका तथा मोटरसाइकलको पार्टपुर्जा थाहा भएका व्यक्ति छन्। यसबाहेक कतिपय कुलतमा लागेका र बारम्बार चोरी कार्यमै संलग्न व्यक्तिहरूले पनि मोटरसाइकल चोरी लगेको भेटिएको छ।

ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी चतुर्वेदीले सवारीसाधन तोकिएको ठाउँमा पार्किङ गर्ने र लक गरेमा चोरीबाट बच्न सक्ने बताए। 'जहाँ पायो त्यहीँ पार्किङ गरेका कारण पनि मोटरसाइकल हराउने गरेका छन्। घरबाट पनि चोरी भएकाले थप ख्याल गर्नुपर्ने अवस्था छ,' उनले भने, 'सकेसम्म मोटरसाइकल सिसिटिभीको निगरानी भएको स्थानमा पार्किङ गर्ने, लक गर्ने र यदि हराएका जतिसक्दो छिटो प्रहरीलाई खबर गर्नुपर्छ।' पछिल्लो समय हराएका मोटरसाइकल खोजिदिन अनुरोध गर्दै निवेदन दिनेको संख्या बढे पनि खोजी गर्न भने कठिन अवस्था रहेको उनले बताए।

चोरीका मोटरसाइकल ठाउँ र स्वरूप परिवर्तन गरेर चलाउने गरेको भेटिएको छ। उपत्यकाबाट चोरी भएका मोटरसाइकल मुख्य त पहाडी र तराईका भित्री बस्तीमा पुऱ्याउने गरिएको छ। कतिपयले मोडिफाई गरेर उपत्यकामै पनि चलाउने गरेको भेटिएको छ।

नक्कली नम्बर प्लेट राख्ने, बाहिरी रंग परिवर्तन गर्ने, मोडिफाई गर्ने र ट्राफिक नपुगेको स्थानमा चलाउने गरेको कार्यालयका एसएसपी चतुर्वेदीले बताए। उनका अनुसार हाल भेटिएकामध्ये केही मोटरसाइकल मोडिफाई भएको अवस्थामा पनि भेटिएका छन्। प्रहरीका अनुसार कतिपयले बिमा क्लेम गर्नका लागि पनि जानाजान चोरी भएको भनेर निवेदन दिने गरेका छन्।

हराउनेमध्ये सबैभन्दा बढी पल्सर बाइक

उपत्यकाका विभिन्न स्थानबाट चोरी हुनेमध्ये पल्सर बाइक धेरै छन्। पल्सर बाइकको लक सिस्टम सहज भएकाले पनि बढी चोरी हुने गरेको ट्राफिक प्रहरीको ठम्याइ छ। त्यसपछि होन्डा कम्पनीका बाइक चोरी हुने गरेका छन्। तर, आधुनिक तथा नयाँ मोडलका बाइक भने कम हराउने गरेका छन्।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०७/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौंडामा मिति २०७१/०३/३१ मा प्रा.फ.र.नं. ४७५८/५८९/२०७०/०७१, स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०७१/०३/३१ मा स्थायी लेखा नम्बर (PAN) ६०२२२६६१५ अन्तर्गत दर्ता कायम भएको **सिटी वाक एण्ड सप्लायर्स**।
प्रोप्राईटर : राजन प्रसाद वानिया

२. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १, राप्तीरोड स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडामा मिति २०६४/०२/२२ रोज ३ मा प्रा.फ.र.नं. ११७५/२०६३/०६४, स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०५९/०५/२० मा स्थायी लेखा नम्बर (PAN) ३००८७९९२४ अन्तर्गत दर्ता कायम भएको **युनाईटेड शू स्टोर्स**।
प्रोप्राईटर : धनिलाल प्रसाद वानिया

३. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौंडामा मिति २०६९/०५/६ मा प्रा.फ.र.नं. ३६४६/८२/२०६९/२०७०, स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०६९/०५/०७ मा स्थायी लेखा नम्बर (PAN) ६००६१३६०६ अन्तर्गत दर्ता कायम भएको **युनाईटेड शू पेलेश**।
प्रोप्राईटर : निलम देवी वानिया

व्यक्तिगत जमानीकर्ताको विवरण

१. गोरख पसाद वानियाको नाति, हरिया प्रसाद वानियाको छोरा, सर्लाही जिल्ला, साविक पिडारी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा गा.पा./न.पा. वडा नं. ४ बस्ने **धनिलाल प्रसाद वानिया** (ना.प्र.नं. १९३०६४/१२४, जारी मिति २०६३/१०/०९, जि.प्र.का. सर्लाही)।	२. हरिया प्रसाद वानियाको बुहारी, धनीलाल प्रसाद वानियाको पत्नी, सर्लाही जिल्ला, साविक पिडारी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा गा.पा./न.पा. वडा नं. ४ बस्ने **निलम देवी वानिया** (ना.प्र.नं. १९१०६४/७८७, जारी मिति २०६४/०९/२५, जि.प्र.का. सर्लाही)।
३. हरिया प्रसाद वानियाको नाति, धनिलाल प्रसाद वानियाको छोरा, सर्लाही जिल्ला, साविक ईश्वरपुर न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा गा.पा./न.पा. वडा नं. ४ बस्ने **राज प्रसाद वानिया** (ना.प्र.नं. १९-०१-७३-०६३४६, जारी मिति २०७३/०६/०५, जि.प्र.का. सर्लाही)।	४. हरिया प्रसाद वानियाको नाति, धनीला प्रसाद वानियाको छोरा, सर्लाही जिल्ला, साविक पिडारी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा गा.पा./न.पा. वडा नं. ४ बस्ने **राजन प्रसाद वानिया** (ना.प्र.नं. १९-०१-७०-०१०६०, जारी मिति २०७०/११/१४, जि.प्र.का. सर्लाही)।

धितोको विवरण

१. **ऋणी सिटी वाक एण्ड सप्लायर्स र ऋणी युनाईटेड शू स्टोर्सको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** निलम देवी वानिया (ना.प्र.नं. १९१०६४/७८७, जारी मिति २०६४/०९/२५, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थित कि.नं. २३५८ को क्षेत्रफल ०-१-० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **ऋणी युनाईटेड शू पेलेशको नाममा धितोबन्धकी कायम भई ऋणी युनाईटेड शू स्टोर्सको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** निलम देवी वानिया (ना.प्र.नं. १९१०६४/७८७, जारी मिति २०६४/०९/२५, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ३ स्थित कि.नं. ५९३ को क्षेत्रफल ०-०-५.७५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. **ऋणी युनाईटेड शू स्टोर्सको नाममा धितोबन्धकी कायम रहेको** राज प्रसाद वानिया (ना.प्र.नं. १९-०१-७३-०६३४६, जारी मिति २०७३/०६/०५, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. १२६४८, १२६०७ र १२५७७ क्षेत्रफल क्रमशः ०-०-४.५, ०-०-३.५ र ०-०-९.५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत
४. सिटी वाक एण्ड सप्लायर्स, युनाईटेड शू पेलेश र युनाईटेड शू स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
५. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी सिटी वाक एण्ड सप्लायर्स कायम रहेको तपसिल बमोजिमका सवारी साधन :

सवारी मोडेल	बनेको साल	सवारी दर्ता नं.	ईन्जिन नं.	च्यासिस नं.
Suzuki Eeco Cargo	२०२१	प्र ३ ०१ ०२४ च ६१५०	G12BN899541	MA3ERLF1S00887737

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार २९ कार्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एनओसीमा नयाँ विवाद

विधान संशोधन गरी तेस्रोपटक ओलम्पिक कमिटीको अध्यक्ष बन्ने जीवनरामको तयारी

एनओसीको विधानमा भनिएको छ– कार्यसमितिका निर्वाचित सदस्यको पदावधि चार वर्ष हुनेछ, अध्यक्ष र महासचिवलगायत सबै सदस्य दुई कार्यकालपछि पुनः सोही पदमा निर्वाचित हुन योग्य हुनेछैनन्, कानुनी अवरोध हटाउन विधान नै संशोधन गर्ने निर्णय

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराज श्रेष्ठ र महासचिव निलेन्द्रराज श्रेष्ठले लगातार तेस्रोपटकको कार्यकाल निरन्तरताका लागि विधान संशोधनको तयारी गरेका छन्। उनीहरूले विधान संशोधनको ड्राफ्ट बनाएर अनुमतिका लागि अन्तर्राष्ट्रिय ओलम्पिक काउन्सिल (आइओसी)मा पत्राचार गर्ने निर्णय गरेका छन्।

यससँगै एनओसीमा विवाद सुरु भएको हो। ०७६ को संशोधित विधानमा अध्यक्ष र महासचिवलगायत सबै सदस्यले लगातार दुई कार्यकाल पूरा गरेपछि पुनः उम्मेदवारी दिन नपाउने उल्लेख छ।

'कार्यसमितिका निर्वाचित सदस्यको पदावधि चार वर्ष हुनेछ। अध्यक्ष र महासचिवलगायत सबै सदस्य दुई कार्यकालपछि पुनः सोही पदमा निर्वाचित हुन योग्य हुनेछैनन्। यसबाहेक कार्यसमितिका सदस्यहरू निर्वाचित हुँदाको मितिसम्म ७० वर्ष पूरा नगरेको हुनुपर्नेछ,' एनओसी विधानको बुँदा २५ (क) मा लेखिएको छ।

खेलकुद विकास ऐन, २०७७ मा पनि संघ तथा संस्थामा लगातार दुई कार्यकालपछि उम्मेदवार बन्न नपाउने उल्लेख छ। खेलकुद विकास ऐन र एनओसी विधानमा लगातार दुई कार्यकालपछि निर्वाचनमा सहभागी हुन नपाउने उल्लेख हुँदाहुँदै पनि एनओसी कार्यसमितिले विधान संशोधन गर्न लागेको हो। एनओसी अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव निलेन्द्रराज श्रेष्ठ एकै पदमा लगातार दुईपटक निर्वाचन भए। उनीहरूले तेस्रोपटक पनि उही पदमा उम्मेदवार बन्ने मनासय बनाएका छन्। एनओसीको निर्वाचन डिसेम्बरमा हुँदै छ। पेरिस ओलम्पिकको कारण देखाउँदै एनओसी कार्यसमितिको कार्यकाल एक वर्ष थपिएको हो।

अध्यक्ष श्रेष्ठले विधान संशोधन तथा स्वीकृतिका लागि आइओसीमा पठाउन लागेको बताएका छन्। 'विधान परिवर्तनका लागि आइओसीलाई पत्र पठाउँदै छौं,' श्रेष्ठले भने, 'त्यहाँबाट स्वीकृति हुने विश्वास छ।' उनले खेल संघमा कार्यकालको समयावधि राख्न नहुने तर्क गरेका छन्। 'संघमा रहने पदाधिकारीको समय किटान गर्नु नै गलत हो, प्रजातान्त्रिक मुलुकमा सबै स्वतन्त्र हुनुपर्छ,' उनले भने। आइओसीमा अबद्ध कुनै पनि राष्ट्रका पदाधिकारीको समय नतोकिएको उनको भनाइ छ। 'ओलम्पिक चार्टर्डमा पनि पदाधिकारीको समय राखिएको छैन, कतिपय राष्ट्रका अध्यक्ष चार-



पाँचपटक अध्यक्ष बनेका छन्,' उनले भने, 'यहाँको खेलकुद ऐनले कार्यकाल किटान गरेर सबैलाई अप्ठेरोमा पारेको छ।' १९ सदस्यीय एनओसी कार्यसमितिमा अध्यक्षसहित पाँच उपाध्यक्ष, एक महासचिव, एक कोषाध्यक्ष, एक उपमहासचिव, तीन सचिव र सात सदस्य छन्।

सन् २००७ देखि संशोधन

सन् २००७ देखि एनओसीले चुनावअघि विभिन्न बुँदामा परिवर्तन गर्दै आइरहेको अध्यक्ष श्रेष्ठले बताए। अहिले सच्याउन लागेको बुँदा नयाँ विषय र विवादित नभएको उनको भनाइ छ। 'एनओसी निर्वाचनको इतिहास हेर्ची भने विधानमा केही न केही संशोधन भएको छ, यसकारण यस विषयमा विवाद देख्दिनँ र नयाँ पनि होइन। अहिले धेरैले म तेस्रोपटक अध्यक्ष बन्नका लागि विधान संशोधन गर्न लागेजस्तो बुझेको पाएँ, तर आइओसीमा दुईपटकभन्दा तीनपटक अध्यक्ष वा महासचिव बन्न नपाउने भन्ने उल्लेख नै छैन,' आइओसीअनुसार एनओसी चलेको बताउँदै उनले भने, 'जोकोही पनि निर्वाचनमा सहभागी हुन सक्छन्, पराजितको मानसिकता राख्न मिल्दैन।'

खेलकुद ऐन पालना हुनुपर्ने

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले राज्यको कानुनभन्दा बाहिर गएर काम गर्न नहुने बताए। '२०७७ को ऐन खेलकुदको गभर्निङ कानुन हो, यसले सबै खेल तथा संघको रोडम्याप स्पष्ट पारेको छ, यो ऐनविपरीत गर्ने काम गैरकानुनी हुनेछ,' घिसिङले भने। उनले एनओसीले चुनावको मुखैमा गर्न लागेको विधान संशोधनबारे आफूलाई जानकारी नभएको बताए। सदस्यसचिव घिसिङले कानुन मिच्ने अधिकार कसैलाई नभएको जनाए। 'कानुन सबैले मान्नुपर्छ,' उनले भने, 'खेलकुद ऐन, २०७७ लाई सबैले पालना गर्नुपर्छ।'

मन्त्रालयमा पनि प्रस्ताव

एनओसीका सबै सदस्यले खेलकुदमन्त्री तेजुलाल चौधरीलाई विधान संशोधनको प्रस्ताव बुझाएका छन्। उनीहरूले मन्त्री चौधरीलाई विधानमा उल्लेख दुई कार्यकालको समयावधि हटाउनका लागि सहजीकरण गर्न आग्रह गरेका छन्। 'अहिलेको ऐनले काम गर्न सजिलो छैन, यसकारण एनओसीको विधान संशोधन हुनुपर्छ भन्ने हाम्रो बुझाइ छ,' श्रेष्ठले भने, 'ऐनमा भएको दुई कार्यकालको व्यवस्था हटाउन खेलकुदमन्त्रीलाई प्रस्ताव गरेका छौं।'

यसैबिच एनओसी कार्यसमितिका दुई सदस्य भने विधान संशोधनको विपक्षमा उभिएका छन्। उनीहरूले नोट अफ डिसेन्ट लेखेका छन्। 'हिजोका दिनसम्म दुई कार्यकाललाई सच्याउनुपर्ने साथीहरू नै अहिले हुँदैन भन्नुभएको छ,' उनले भने, 'उहाँहरू पनि परिवर्तनका लागि मन्त्रालयमा पुगुभएको थियो।' आइओसीले विधान संशोधन गर्न मञ्जुरी दिए पनि साधारणसभाका दुईतिहाइ सदस्यले समर्थन गर्नुपर्छ।

'आइओसीले स्वीकृति प्रदान गरेर मात्र विधान संशोधन हुँदैन, साधारणसभामा उपस्थित दुईतिहाइले यसको समर्थन गर्नुपर्छ, त्यसपछि मात्र विधानका बुँदा सच्याइनेछ,' श्रेष्ठले भने, 'दुईतिहाइबाट समर्थन नपाउँदा पुरानै कायम हुनेछ।'

■ कानुनभन्दा कोही ठुलो छैन

टंकलाल घिसिङ, सदस्यसचिव, राखेप



एनओसीले विधान संशोधन गर्न लागेको र आइओसीमा स्वीकृति मागेको जानकारी छैन। तर, राज्यको कानुनभन्दा बाहिर कार्य गर्नु गैरकानुनी हो। २०७७ को ऐन भनेको खेलकुदको गर्भनिङ कानुन हो। यसले सबै खेल तथा संघलाई कसरी चल्नुपर्छ भन्ने स्पष्ट पारेको छ, यो ऐनभन्दा बाहिर कसैले कार्य गर्छन् भने त्यो गैरकानुनी ठहरिनेछ।

■ पदाधिकारीको समय तोकिएको छैन

जीवनराम श्रेष्ठ, अध्यक्ष, एनओसी



विधान परिवर्तनको पत्र आइओसीलाई पठाउँदै छौं। त्यहाँबाट स्वीकृति पाउने विश्वास छ। संघ वा संस्थामा पदाधिकारीको समय यति नै भनेर राख्नु गलत हो। प्रजातान्त्रिक मुलुकमा सबै स्वतन्त्र हुनुपर्छ। ओलम्पिक चार्टर्डमा पनि पदाधिकारीको समय राखिएको छैन। कतिपय राष्ट्रका अध्यक्ष चार-पाँचपटक बनेका छन्। यहाँको ऐनमा कार्यकाल राख्दा सबैलाई अप्ठेरो भएको छ। धेरैले म नै तेस्रोपटक अध्यक्ष बन्न विधान संशोधन गर्न लागेको जस्तो पाएँ। तर, २००७ देखि एनओसीको निर्वाचनमा यस्तो परिवर्तन हुँदै आइरहेको छ। यो कुनै नौलो विषय वा विवादजस्तो लाग्दैन।

ताजकिस्तानविरुद्ध नेपालको फितलो प्रदर्शन

पाँच महिनापछि अन्तर्राष्ट्रिय फुटबल खेलेको नेपाल ताजकिस्तानसँग ४-० ले पराजित



नयाँ पत्रिका

पाँच महिनापछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको नेपाली राष्ट्रिय पुरुष टोली पहिलो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा ताजकिस्तानसँग ४-० ले पराजित भएको छ। सेन्ट्रल रिपब्लिकन रंगशालामा बुधबार भएको प्रतिस्पर्धामा ताजकिस्तानको जितमा सेर्भोनी माबत्सोएब र मनुचेखर जालिलोभले समान दुई गोल गरेका थिए। नेपालले पहिलो हाफमा तीन तथा दोस्रो हाफमा एक गोल सामना गरेको थियो। नेपालले अब दोस्रो मैत्रीपूर्ण खेल अफगानिस्तानसँग शनिबार खेल्नेछ।

नेपालका कार्यवाहक प्रशिक्षक नवीन न्यौपानेले ताजकिस्तानविरुद्ध आक्रामक शैलीमा प्रतिस्पर्धा गर्ने बताए पनि खेल रक्षात्मक थियो। खेलको सुरुदेखि नै शारीरिक रूपमा बलियो ताजकिस्तानले नेपालको पोस्टमा आक्रमण गरेका थिए। यसकारण नेपालले सुरुमै डिफेन्स रणनीति अपनाउनुपरेको थियो। २९ जेठपछि प्रतिस्पर्धा गर्न उत्रिएका खेलाडीबिच आपसी तालमेल पटक्कै मिलेन। डिफेन्सदेखि फिनिसिङसम्म कमजोर प्रदर्शन गरेको नेपालको पोस्टमा ताजिकिस्तानले खेलको १९औँ मिनेटमा १-० को अग्रता लियो। माबत्सोएबले नेपालको डिबक्समा डिफेन्सको कमजोरी फाइदा लिँदै सहजै गोल गरे। खेलको २९औँ मिनेटमा जालिलोभले २-० को अग्रता दिलाए। पहिलो हाफको अन्तिम मिनेटमा माबत्सोएबले व्यक्तिगत दोस्रो गोल गर्दा ताजकिस्तान ३-० ले अगाडि बढ्यो।

पहिलोको तुलनामा दोस्रो हाफमा नेपालले सुधारिएको प्रदर्शन गऱ्यो। तर, फर्ममा रहेको र घरेलु मैदानमा ताजकिस्तानले खेलको ५०औँ मिनेटमा ४-० को अग्रता बनायो। जालिलोभले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई ४-० को सानदार जित दिलाउन सफल भए। प्रतिस्पर्धामा प्रशिक्षक न्यौपानले मिडफिल्डर रोहन कार्कीलाई सिनियर टोलीबाट अन्तर्राष्ट्रिय डेब्यु गराए। फिफा वरीयतामा ७१ स्थान माथि रहेको ताजकिस्तानविरुद्ध नेपालले सात वर्षपछि पहिलोपटक प्रतिस्पर्धा गरेको हो। नेपालले विपक्षको पोस्टमा खासै आक्रमण गर्न सकेन।

मनाङको पोस्टमा पुलिसको सात गोल

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले ललित स्मृति यू-१८ युथ लिग फुटबल प्रतियोगितामा बुधबार मनाङ मर्स्याङ्दीलाई ७-० को फराकिलो अन्तरले पराजित गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मनाङमाथि सानदार जित दिलाउने क्रममा पुलिसका आदित्य ढुंगेलले ह्याट्रिक गरेका थिए। आदित्यले पहिलो हाफको २६औँ र ४४औँ मिनेटमा गोल गरेका थिए। उनले खेलको पहिलो हाफको इन्जुरी टाइममा गोल गर्दै ह्याट्रिक गरे। पुलिसको जितमा कप्तान विक्रम गौतमले दुई गोल गरेका थिए। साजनराज गौतम र लक्ष्मण थानीले समान एक गोल गरे।

पुलिसले खेलको नवौँ मिनेटमा साजनको गोलबाट अग्रता लिएको थियो। गोल खाएपछि सम्हालिन कोसिस गरेको मनाङविरुद्ध लक्ष्मणले खेलको ११औँ मिनेटमा गोल गरे। त्यसपछि आदित्यले पहिलो हाफमा ह्याट्रिक पूरा गर्दा पुलिस ५-० ले अघि रह्यो। पुलिसका कप्तान विक्रमले खेलको ७९औँ र ८५औँ मिनेटमा गोल गरे।

लिगमा पुलिस र मनाङबिच शीर्ष स्थानको होडबाजी चलिरहेको छ। तर, पुलिसले मनाङमाथि उत्कृष्ट खेल पस्कियो। एकपक्षीय जित निकालेको पुलिसले नौ खेलबाट २३ अंक जोडेको छ। पुलिसले दोस्रो स्थानमा रहेको मनाङमाथि ५ अंकको अन्तर बनाएको छ। लिगमा यो मनाङको तेस्रो हार हो। मनाङले ९ खेलबाट १९ अंक जोडेको छ।



जावलाखेलको कठिन जित

लिगअन्तर्गत जावलाखेल युथ क्लबले एनआरटीलाई २-१ ले हराएको छ। जितपछि नौ खेलबाट ११ अंक जोडेको जावलाखेल आठौँ स्थानमा छ। समान खेलबाट १६ अंक जोडेको एनआरटी तेस्रो स्थानमा छ। एनआरटीको यो तेस्रो हार हो। अनिश चौधरीले अन्तिम इन्जुरी टाइममा गोल गर्दै जावलाखेललाई जित दिलाए। खेलको १२औँ मिनेटमा सुदीप मोक्तानले जावलाखेललाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफको इन्जुरी समयमा एनआरटीका लागि इशान थापाले बराबरी गोल फर्काएका थिए।

खेल संक्षेप

कर्नाटकसँग नेपाल यू-१९ को हार

काठमाडौं/ नेपालको यू-१९ राष्ट्रिय टोली बुधबार कर्नाटक यू-१९ सँग एक विकेटले पराजित भएको छ। नेपाली युवा टोलीको एसिसी यू-१९ एसिया कपको तयारीको पूर्वसन्ध्यामा बुधबार मूलपानी क्रिकेट मैदानमा अभ्यास खेल भएको हो। पहिलो ब्याटिङ गरेको नेपालको प्रदर्शन सन्तोषजनक भएन। ५० ओभरको खेलमा नेपाल २७.२ ओभरमै अलआउट भयो। नेपालले सबै विकेट गुमाएर ११३ रन जोडेको थियो। कर्णाटकका लागि स्पिनर इसा पुथिगेले सर्वाधिक पाँच विकेट लिए।

प्रत्युत्तरमा कर्णाटकले ३२ ओभरमा नौ विकेट गुमाएर लक्ष्य भेट्टायो। पुथिगेले आठ ओभरमा दुई मेडन राखी ३१ रन खर्चेर पाँच विकेट लिए। कर्णाटकका तेजसले दुई विकेट लिए। नेपालको ब्याटिङमा ओपनर आकाश त्रिपाठीले सर्वाधिक २७ रन जोडेका थिए। उनले ५३ बलमा चार चौका प्रहार गरेका थिए। इनिङ्सको १४औँ ओभरमा उनी आउट हुँदा नेपाल ५७-३ को अवस्थामा थियो। घरेलु टोलीका ओपनर अर्जुन कुमाल पाँचौं ओभरमा पेभेलियन फर्के। उनले ६ रन बटुले। नेपालका लागि नरेन भट्टले १ रन बनाए। उनी सातौं ओभरमा आउट भए। नेपालको ब्याटिङ इनिङ्समा नरेन साउदले १३, युनिस ठकुरीले १२ र सन्तोष यादवले १० रन जोडे। सहज लक्ष्य पछ्याएको कर्णाटकको सुरुवात गतिलो भएन। इनिङ्सको एक समय कर्णाटक २४-४ को दयनीय अवस्थामा थियो। कर्नाटकका लागि रोहितले ६३ बलमा ३३ रन बटुले।

प्रज्वल गोडाले २३ बलमा दुई चौकाको सहयोगमा २८ रन बनाए। कर्णाटकका लागि पाँचौं विकेटका लागि रोहित र प्रज्वलले ५० रनको साझेदारी गरेका थिए। यही साझेदारी नै उनीहरूको जित आधार बन्यो। नेपाली बलरले लगातार विकेट लिँदा कर्णाटक अन्तिमतिर दबाबमा आएको थियो। नेपालका लागि कप्तान हेमन्त धामी र सन्तोष यादवले समान तीन विकेट लिएका थिए।

पदक विजेता बडिबिल्डर फर्किए

काठमाडौं/ नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघले १५औँ विश्व बडबिल्डिङ एन्ड फिजिक स्पोर्ट्स् च्याम्पियन्सिपमा पदक जितेका नेपाली खेलाडीलाई बुधबार स्वागत गरेको छ। टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि विभिन्न स्थानमा नगर परिक्रमा पनि गराइएको थियो। माल्दिभ्समा २० देखि २५ कात्तिकसम्म भएको प्रतियोगितामा चार खेलाडीले नेपाललाई रजत पदक दिलाएका थिए। महासंघका सचिव दिनेश राजभण्डारीका अनुसार प्रतियोगितामा ६ खेलाडीले सहभागिता जनाएका थिए। ललित धिमाल र रञ्जित आचार्यले पनि प्रतिस्पर्धा गरेका थिए। विश्व बडिबिल्डिङ एन्ड फिजिक स्पोर्ट्स् फेडरेसन्ससँगको सहकार्यमा बडिबिल्डिङ एसोसिएसन अफ माल्दिभ्सद्वारा आयोजित प्रतियोगितामा रुजेश शाहीले पुरुष ६० केजी, प्रज्वलमान शाक्यले पुरुष मास्टर्स ४० वर्षमाथि, रजनी श्रेष्ठले महिला ५५ केजीमाथि तथा सनम मुलगुठीले महिला वान पिस स्विमसुटमा रजत जितेका थिए।

उमा कुङ्फुमा राई निर्विरोध

काठमाडौं/ नेपाल उमा कुङ्फु संघको पाँचौं साधारणसभाले बुधबार सञ्जितकुमार राईको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको छ। यसअघि उनी केन्द्रीय कार्यसमितिमा उपाध्यक्ष थिए। सञ्जित संस्थापक सदस्य पनि हुन्। उनले दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा दुई स्वर्ण र एक कांस्य जितेका छन्। उनले सन् २०२२ मा स्लोभेनियामा भएको विश्व मार्सल आर्ट्स् गेम्समा समान एक स्वर्ण र कांस्य हात पारेका थिए। राईले सन् २०२४ मा अमेरिकाको न्युजर्सीमा भएको ब्याटल अफ ड्रागन मार्सल आर्ट्स् च्याम्पियनसिपमा स्वर्ण जितेका थिए। राष्ट्रिय उमा कुङ्फु प्रतियोगिताको दुई संस्करणमा सञ्जितले दुई स्वर्ण जितेका छन्।

अफगानिस्तानका आलमले विराटनगरबाट खेल्ने



काठमाडौं/ अफगानिस्तानका अलराउन्डर इस्मत आलमले नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्सबाट खेल्ने भएका छन्। विराटनगरले पाँचौं विदेशी खेलाडीका रूपमा आलमलाई टोलीमा आबद्ध गरेको हो। आलमले टी-२० मा २२५ रन तथा १० विकेट लिएका छन्। आलमले ९२ को रन औसतमा सात पहिलो श्रेणीको खेलमा ७३६ रनसमेत बनाएका छन्।

विराटनगरले यसअघि ओमानका अकिब इल्यास, क्यानडाका कप्तान निकोलस किर्तन, न्युजिल्यान्डका मार्टिन गुप्तिल र स्कटल्यान्डका तीव्र गतिका बलर क्रिस सोलालाई अनुबन्ध गरेको थियो। विराटनगरले आयरल्यान्डका पूर्वक्रिकेटर केबिन ओ'ब्राइनलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ। यस टोलीका मार्की खेलाडी राष्ट्रिय क्रिकेट टोलीका लेग स्पिनर सन्दीप लामिछाने हुन्। नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा आठ टोलीको सहभागितामा एनपिएल १५ मंसिरदेखि ६ पुससम्म हुनेछ।

इंग्ल्यान्डका घाइते आठ खेलाडी एकैपटक बाहिरिए

एजेन्सी/ इंग्ल्यान्डले नेसन्स कप फुटबल प्रतियोगितामा ग्रिसको सामना गर्दै छ। १४ नोभेम्बरमा हुने खेल इंग्ल्यान्डका अन्तरिम प्रशिक्षक ली चास्लेयलाई सहज हुनेछैन। अनुभवी खेलाडी एकैपटक बाहिरिएका छन्। उनीहरूले चोटका कारण टोलीमा उपलब्ध नहुने बताएका छन्। लेभी कोविल, कोले पाल्मेर, डेक्लान राइस, बुकायो साका, फिल फोर्डेन, ज्याक ग्रिलिस, ट्रेन्ट एलेक्सान्डर तथा आरो सामडाले बाहिरिएका छन्।

प्रशिक्षक लीले एस्टन भिल्लाका मिडफिल्डर मोर्गान रोजर्सलाई बोलाएका छन्। इंग्ल्यान्डले यसपटक नेसन्स कपका लागि घोषणा गरेको टोली अनुभवहीनजस्तै देखिन्छ। जारोड ब्राउन, जारार्ड ब्राथवेट, टिनो लिरामेन्टो र जेम्स ट्राफोर्डले इंग्लिस टोलीमा मौका पाएका छन्। ग्रिसविरुद्धको खेलपछि इंग्ल्यान्डले १७ नोभेम्बरमा आयरल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ।

लिभपुरलका राइट ब्याक एलेक्सान्दर गत शनिबार घाइते भएका थिए। एस्टन भिल्लाविरुद्धको २५औँ मिनेटमा चोट बोक्दै उनी मैदानबाट बाहिरिएका थिए। यसैगरी, आर्सनलका साका पनि चेल्सीविरुद्धको खेलमा घाइते भए।

दुई खेल चुनौतीपूर्ण

अन्तरिम प्रशिक्षकको जिम्मेवारी पाएका लीलाई दुई खेल चुनौतीपूर्ण हुनेछन्। सिनियर टोलीको प्रशिक्षणको त्यति अनुभव नभएका लीले नेसन्स कपमा इंग्ल्यान्डलाई अंक दिलाउन आवश्यक छ। तर, लगभग पहिलो रोजाइका खेलाडी चोटग्रस्त हुँदा उनले उमेर समूहका खेलाडीलाई विश्वास गरेका छन्। दुई खेलका लागि पाँचजना फ्रेस खेलाडी हुनेछन्। एस्टन भिल्लाका रोजर्स र एभर्टनका जारार्डले इंग्ल्यान्डको उमेर समूहमा प्रतिनिधित्व गर्छन्। अहिले पाँच अनक्याप खेलाडीले मौका पाउनेछन्। यसको अर्थ ग्रिसविरुद्ध पाँच खेलाडीले इंग्ल्यान्डबाट डेब्यु गर्नेछन्।

यसअघिका प्रशिक्षक जेराथ साउथगेटले इंग्ल्यान्डको राष्ट्रिय टोलीमा औसत २६.१ वर्षका खेलाडी समावेश गरेका थिए। चालू नेसन्स कपमा सबैभन्दा युवा टोली टर्कीको हो। टर्कीका खेलाडी औसत २५.८ वर्षका छन्। चेक रिपब्लिक तेस्रो युवा टोली हो। प्रशिक्षक लीले नेसन्स कपका लागि सबैसँग छलफल गरी खेलाडी छनोट गरिएको बताए।

केन सबैभन्दा अनुभवी

पाँचजनाले डेब्युको तयारी गरिरहँदा इंग्ल्यान्डमा सर्वाधिक सफल खेलाडी कप्तान ह्यारी केन हुन्। उनले इंग्लिस टोलीबाट सय अन्तर्राष्ट्रिय खेल पूरा गरेका छन्। त्यसपछि केयल वाल्कर हुन्। उनको नाममा ९५ अन्तर्राष्ट्रिय खेल रहेको छ। नेसन्स कपमा दुई जित निकाल्दा इंग्ल्यान्ड पुनः शीर्ष स्थानमा पुग्नेछ। मुख्य प्रशिक्षकका रूपमा कार्यभार सम्हाल्दा टुचलको पहिलो खेल नै विश्वकप छनोट हुनेछ। उनले ग्रिस र आयरल्यान्डविरुद्धको प्रतिस्पर्धामा कुनै हस्तक्षेप नगर्ने जनाएका छन्। 'आगामी दुई खेलमा मेरो कुनै भूमिका रहनेछैन,' उनले भने।

पेपको आलोचना

प्रशिक्षक लीले महत्त्वपूर्ण प्रतियोगितामा अनुभवहीन खेलाडी समावेश गरी टोली बनाएको प्रति म्यानचेस्टर सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले आलोचना गरेका छन्। लीले समावेश गरेका रोजर्स इंग्ल्यान्डको यू-२१ टोलीका हुन्। उनी पहिलोपटक राष्ट्रिय टोलीमा परेका हुन्। २२ वर्षीय खेलाडीले इंग्लिस प्रिमियर लिगमा ११ खेलमा तीन गोल गरेका छन्।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com